मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ९९ साउन २०७७

मानवीय स्वभाव र व्यवहारमा परिवर्तन गरौं

– डा. बाबुराम मरासिनी

परिस्थितिलाई बुझे मानसिक स्वास्थ्य बिग्रँदैन

– डा. नरेन्द्र ठगुन्ना

मानव अधिकार र कोभिड-१९

मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष २४ पूर्णाङ्क ९९ साउन २०७७

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
डा. इन्दिरा श्रेष्ठ
विजयराज गौतम

सम्पादक
मदन पौडेल

व्यवस्थापन
शैलेश शर्मा

मुद्रक
भेराइटी प्रिन्टर्स, काठमाडौँ

- अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनबीच अन्तर सम्बन्ध तथा तिनको नेपालमा कार्यान्वयन सम्बन्धी अभ्यास : एक विवेचना/ डा. दिवाकर भट्ट ६
- मानव अधिकार र कोभिड- १९/ श्यामबाबु काफ्ले १५
- मानव अधिकार दृष्टिले मुलुकी देवानी (संहिता) ऐन र कार्यविधि ऐन २०७४/यज्ञप्रसाद अधिकारी २४
- न्याय सुनिश्चितताका लागि रोम विधानको अनुमोदन आवश्यक/ रमेशप्रसाद तिमल्सिना ३१
- रूकुम (पश्चिम) जिल्ला चौरजहारी नपा-८ सोती घटनाको स्थलगत अनुगमन प्रतिवेदन २०७७ जेठ २६ ३२
- अन्तर्वार्ता : परिस्थितिलाई बुझे मानसिक स्वास्थ्य बिग्रँदैन/ डा. नरेन्द्र ठगुन्ना ३७
- अन्तर्वार्ता : मानवीय स्वभाव र व्यवहार परिवर्तन गरौँ/ डा. बाबुराम मरासिनी ३८

नियमित स्तम्भ

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

यथावत

नागरिक आफैँ सचेतन भएनन् भने सरकारको आदेशले मात्रै संक्रमणलाई रोक्न सकिँदैन ।

इश्वर पोखरेल
उपप्रधानमन्त्री एवं रक्षा मन्त्री
https://nagariknews.nagariknetwork.com/interview/283621-1595576203.html?click_from=category

कोरोनासँग लड्न डीसीएमसी होइन, जिल्ला विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाऔँ ।

डा. गंगालाल तुलाधर,
विपद् व्यवस्थापनविद्
https://www.onlinekhabar.com/2020/08/888308

संक्रमण बढे पनि नियन्त्रण बाहिर गएको छैन ।

डा. जागेश्वर गौतम
प्रवक्ता, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
https://ekantipur.com/video/2020/08/09/159696260789456799.html

संक्रमितको उपचारका लागि बेड नहुँदा घरमै बस्नुपर्ने बाध्यता, गम्भीर नबने ठूलो दुर्घटना ।

डा. उदयनारायण सिंह,
संयोजक, नारायणी अस्थायी कोभिड-१९ अस्पताल
https://baahrakhari.com/news-details/277315/2020-08-06

कार्टून

साभार : अन्नपूर्ण पोष्ट दैनिक

प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

सम्पादक

लकडाउनका अवधिमा महिलामाथि भएका हिंसा

कोरोना भाइरसका कारण विश्वका करिब सबै देशलाई संक्रमित बनाइसकेको छ। संसारका करिब एक करोड व्यक्तिहरू यस भाइरसबाट प्रभावित भइसकेका छन्। नेपलामा पनि कोरोना संक्रमितको सङ्ख्या दैनिक अभिवृद्धि भइरहेको छ। यस परिस्थितिमा व्यक्तिका सबै किसिमका मानव अधिकारका विषयहरू तुलनात्मक रूपमा ओझेलमा पर्ने अवस्थाको सिर्जना भएको छ। तर व्यक्तिका केही यस्ता अधिकारहरू छन्, ती अधिकारहरू जस्तोसुकै सङ्कटको अवस्थामा पनि प्रचलनमा रहेका हुन्छन्। मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको विषय हो। नेपालको संविधान र कानुनहरूले प्रत्याभूत गरेका, मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित विषयहरू नै मानव अधिकारका विषयहरू हुन्।

लकडाउनको तीन महिना (२०७६ चैत ११ देखि २०७७ असार १०) मा मानव अधिकार उल्लङ्घनका विभिन्न विषय तथा घटनाहरू सार्वजनिक भए। यस अवधिमा महिला तथा बालबालिकामाथि हुने हिंसाका घटनाहरूको अभिलेख पनि इन्सेकमा भयो। महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य हुँदै आएका छन्। सामाजिक, सांस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिला हिंसाको दुष्चक्रबाट बाहिर निस्कन सकेका छैनन्। महिलामाथि हुने बलात्कारका घटनामा दिन प्रतिदिन बढोत्तरी हुँदै आएको छ। महिला भएकै कारण हुने विभेद तथा हिंसाले कहिलेकाहीँ हत्याको चरम रूप लिने गरेका उदाहरणहरू पनि प्रशस्तै छन्। यस अवधिमा बलात्कारका घटनाका १ सय २४ जना, बलात्कार प्रयासका घटनामा ३६ जना, यौन दुर्व्यवहारका घटनामा १७ जना, घरेलु हिंसाका घटनामा २ सय ५४ जना, बेचबिखन तथा ओसारपसारका घटनामा चार जना र कथित बोक्सीको आरोपमा एक जना महिला पीडित भए।

केही समयदेखि महिलामाथि हुने हिंसा त्यसमा पनि बलात्कार र यौन दुर्व्यवहारका घटनाका कारण नेपाली समाज र राजनीतिमा ठूलो बहस निम्त्याएको छ। महिलामाथि हुने हिंसाका घटना दिनप्रतिदिन सार्वजनिक भइरहँदा अपराधमा संलग्नलाई मृत्युदण्ड दिइनुपर्ने, नियन्त्रण गर्न नसक्ने सरकारको नालायकी हो भन्ने आवाज आउन थालेको छ।

लिङ्गका आधारमा गरिने महिलामाथिको हिंसा लैङ्गिक भेदभावको एक रूप हो। यसले महिलाको मानव अधिकार उल्लङ्घन गर्दछ। महिलाको अधिकार उपभोग गर्ने क्षमता तथा स्वतन्त्रतामा आघात पुऱ्याउँछ,। कथित बोक्सीको आरोपमा महिलामाथि गरिने अमानवीय व्यवहार, दाइजो, घरेलु हिंसा, बलात्कार, महिला बेचबिखन, जबर्जस्ती वेश्यावृत्ति परम्परा र धर्मका नाममा गरिने हिंसा सबै महिलाविरुद्ध हुने हिंसा हुन्।

निजी जीवनमा हुने हिंसाका घटनाका कारण सामाजिक हिंसाको सुत्रपात हुने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। परिवार नै पहिलो संस्था हो, जसबाट नै सकारात्मक र नकारात्मक कुराहरूको शुरुवात हुन्छ। नेपाली समाजमा घरभित्रको झगडालाई अरुको व्यक्तिगत मामिला भनेर चासो लिइँदैन। देशका कतिपय भागमा दाइजो नल्याएको निहुँमा महिलामाथि हत्या हिंसाका घटनामा हुने गरेका छन्। इज्जतका नाममा महिलालाई मार्नेसम्मका कुकृत्य सार्वजनिक हुन थालेका छन् जुन एक्काइसौँ शताब्दीको लाजमर्दो कार्य हो।

घरेलु हिंसाका घटनालाई घरभित्रको विषय मान्ने परम्परा तथा सोचमा अझै कमी नआएको कारण प्रहरीमा आएको उजुरीमा मिलापत्र गर्ने परिपाटी कायम छ। यसका दुई कारण छन् पहिलो घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐन जसले मेलमिलापको प्रावधानलाई प्राथमिकतामा राखेको छ। दोस्रो कारण उजुरी दिएपछिको पारिवारिक तथा सामाजिक दायित्व। पति वा परिवारका सदस्यविरुद्ध उजुरी दिएपछि पुन सोही घर फर्केर जानसक्ने वातावरण हुँदैन। हिंसामा परेका महिलाहरूको सुरक्षा र जीवनयापनको सवाल झन् टड्कारो भएर देखा पर्छ। यी र यस्ता अनेका कारण महिलाहरू हिंसा सहेर बस्न बाध्य हुन्छन्।

सर्वोच्च अदातलले महिलामाथि हुने हिंसाको सुनवाइ द्रुतमार्गबाट गर्ने संयन्त्र तया गर्न सरकारका नाममा आदेश दिएको भए पनि सो को परिपालना हुन सकेको छैन जसका कारण हिंसा महिलाले न्यायका लागि लामो समय कुर्नुपर्ने बाधत्या रहिआएको छ। हिंसाविरुद्ध शुन्य सहनशीलताको नीति राज्यले लिएको छ तर सो अनुरुपका संयन्त्र निर्माणमा कञ्जुस्याईं हुने गरेको छ। महिलामाथि हुने हिंसा नियन्त्रणका लागि जनचेतनाको स्तर उठाउनुका साथै भएका ऐन कानुनहरूको प्रभावकारी कार्यन्वयन तथा दोषीलाई कडा कारबाही नै हो। यस्ता विषयमा राज्य चुसक्नु हुँदैन।

प्रकाश काफ्ले : शब्दचित्रमा

स्मृति सन्दर्भ

नेपालको मानव अधिकारवादी आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद निधन भएको दुई वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधान न्यायाधीश पी. एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडीसियरी फर ह्युम्यान राइट्सको श्रीलङ्कामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नु भएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टे भीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद् निधन भएको थियो।

प्रकाश काफ्लेको जन्म २६ डिसेम्बर १९५२ मा सिन्धुली जिल्लाको नाङ्गेडाँडामा भएको थियो। १९६७ मा काठमाडौँको पद्मोदय माध्यमिक विद्यालयबाट एस. एल. सी. पास गरेपछि उहाँले वी. ए. सम्मको अध्ययन पूरा गर्नु भएको थियो।

उहाँले आफ्नो सार्वजनिक जीवनको शुभारम्भ पत्रकारिताबाट गर्नु भयो। १९७३ मा प्राची साहित्यिक पत्रिकाको सम्पादन सँगसँगै लेखनतिर पनि लाग्नु हुने उहाँ स्वतन्त्र पत्रकारको रूपमा "दैनिक समाज" सँग पनि सम्बद्ध रहनु भयो। १९८२ मा हेटौँडाबाट आफ्नै सम्पादनमा उहाँले "साप्ताहिक खबर" सञ्चालन गर्नु भयो। पञ्चायती निरङ्कुशता विरुद्ध जनचेतना अभिवृद्धि गर्न सदा समर्पित रहेर पत्रकारितामा लाग्नु भएका प्रकाश काफ्लेले प्रकाश, छलफल, ज्वाला आदि पत्रिकाहरूको सम्पादन र सञ्चालनमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउनु भयो। त्यस क्रममा उहाँ गिरफ्तारीमा पनि पर्नु भयो।

निरङ्कुशता विरुद्ध विभिन्न न्यायिक आन्दोलनहरूलाई प्रभावित पार्ने र विविध ठाउँमा विस्तारित गर्ने उद्देश्यले उहाँले आफूलाई मानव अधिकारप्रति समर्पित गर्ने निर्णय गर्नुभयो। १९८४ मा मानवअधिकार संरक्षण मञ्चको स्थापना भयो र प्रकाश काफ्ले त्यसको महासचिव चुनिनु भयो। उहाँकै सक्रियतामा सोही वर्षदेखि १० डिसेम्बरका दिन नेपालमा मानवअधिकार दिवस मनाउन थालियो भने राजबन्दी रिहाई अभियान सञ्चालनमा समेत उहाँको भूमिका महत्त्वपूर्ण रहन गयो।

पञ्चायती हिंसा, दमन र उत्पीडनका विरुद्ध मानव अधिकारको बहालीका लागि मानव अधिकार संरक्षण मञ्चको तर्फबाट सक्रिय रहँदै आउनु हुने प्रकाश काफ्ले २०४६ सालको संयुक्त जनआन्दोलनलाई सफल बनाउन निकै नै सक्रिय रहनु भयो। युरोप पुगेर नेपाल सहयोग समूह गठन गरी आन्दोलनको पक्षमा प्रचार अभियान चलाउन उहाँ सफल हुनुभयो।

बहुदलीय व्यवस्थाको स्थापना पश्चात् उहाँ २०१७ सालपछि बेपत्ता पारिएकाहरूको खोजबिन गर्ने आयोग, मानव अधिकार हनन तथ्य सङ्कलन समिति, जनआन्दोलन पीडित उच्चस्तरीय समिति र प्रजातन्त्रका सेनानीहरूको नामावली सङ्कलन समितिको सदस्य रहेर आफ्नो जिम्मेवारी सक्रियतापूर्वक पूरा गर्दै आउनु भएको थियो। २०४३ सालमा जनपक्षीय व्यक्तिहरू समेत उम्मेदवार भएको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन र २०४८ सालको संसदीय आम निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउन पर्यवेक्षण टोलीका तर्फबाट उहाँले खेल्नु भएको भूमिका अत्यधिक प्रशंसित रहन पुगेको थियो।

मानव अधिकार आन्दोलनलाई नयाँ ढङ्गले अगाडि बढाउने उद्देश्यले स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को उहाँ निर्देशक हुनुहुन्थ्यो। इन्सेकद्वारा सञ्चालित मानवअधिकार सचेतन अभिवृद्धि कार्यक्रमका श्रष्टा प्रकाश काफ्ले नै हुनुहुन्थ्यो। उहाँले नेपालमा मानव अधिकारको स्थितिलाई व्यापक रूपमा समेटेर प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्ने र बँधुवा मजदुर सम्बन्धी अध्ययन अनुसन्धान गर्ने योजनाको निर्माण पनि गर्नुभएको थियो। उहाँको यो सोचाइलाई मूर्तरूप दिएर इन्सेकले मानव अधिकार वर्षपुस्तकको प्रकाशन सुरु गरिसकेको छ भने बँधुवा मजदुरसम्बन्धी प्रतिवेदन पनि प्रकाशित भइसकेको छ। त्यस्तै बँधुवा मजदुर मुक्ति मोर्चा र पीडित महिला मञ्चको गठन गर्नुपर्ने सोचाइलाई पनि उहाँले अगाडि बढाउनु भएको थियो। दक्षिण एशियाली मानव अधिकार मञ्च पनि उहाँकै सोचाइ अनुरूप स्थापना हुन पुगेको छ।

मानव अधिकार आन्दोलनलाई अगाडि बढाउँदै जाने क्रममा उहाँको जिम्मेवारी नेपाललाई केन्द्र बनाएर दक्षिण एशियाली क्षेत्रमा विस्तारित हुन पुग्यो। उहाँले नेपालको राजनीति र मानव अधिकारको स्थितिलाई विश्वसामु परिचित गराउने कुरामा समेत योगदान पुऱ्याउनु भयो।

प्रकाश काफ्ले एशियन कल्चरल फोरम अन डिभलेपमेण्ट, एशिया प्यासिफिक व्युरो अफ एडल्ट एकजुकेशन, साउथ एशियन जुडिसियरी टास्कफोर्स, मानव अधिकार सम्बन्धी एशिया फोरम जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको सदस्य हुनुहुन्थ्यो। उहाँले पत्रकारको रूपमा बंगलादेश, पाकिस्तान, चीन, उत्तर कोरिया, भारत र हङ्गकङ्गको भ्रमण गर्नु भएको थियो। मानवअधिकारवादी कार्यकर्ताको रूपमा प्रकाश काफ्लेले थाइल्याण्ड, फिलिपिन्स, स्वीट्जरल्याण्ड, जर्मनी, हल्याण्ड, श्रीलङ्का, भारत, बंगलादेश, पाकिस्तान, ताइवान, कोलम्बिया र मेक्सिकोको भ्रमण गर्नु भएको थियो।

सुशील प्रकाश, रूपेश कुमार र स्मृतिको नामबाट लेखहरू लेख्नु हुने प्रकाश काफ्लेले मावन अधिकार सम्बन्धी थुप्रै पुस्तकहरूको सम्पादन गर्नु भएको छ। साउथ एशियन एक्स्चेञ्ज बुलेटिनको नियमित प्रकाशन उहाँकै सम्पादनमा सुरु भएको थियो।

आफ्नो जीवनको अन्तिम समयमा उहाँ भुटानको प्रजातान्त्रिक आन्दोलनलाई सहयोग पुऱ्याउन सक्रिय रहनु भएको थियो। उहाँले भुटानमा मानव अधिकारको स्थिति बारे अध्ययन गर्ने साउथ एशियन जुडिसियरीको संयोजन मात्र गर्नु भएन भुटानी प्रजातान्त्रिक आन्दोलनको इतिहासलाई समेट्ने "दि भुटान ट्रेजेडी हवेन वील ईट ईण्ड" नामको पुस्तक प्रकाशनमा समेत ठूलो भूमिका खेल्नु भएको थियो।

उहाँको सपना थियो- पिपुल्स सार्कको गठन गर्ने। त्यस्तै उहाँको अर्को सपना पनि थियो- नेपालमा इन्टरनेशनल काङ्ग्रेस अन डेमोक्र्याटिक अल्टरनेटिभ फर डेभलेपमेन्ट, ह्यूमनराइटस् जस्टीस एण्ड पिस् आयोजना गर्ने। यो सपनालाई उहाँले पूरा गर्न पाउनु भएन। हामीले उहाँको यो सपनालाई हृदयमा साँचेका छौँ र त्यसलाई पूरा गर्ने प्रण गर्नुपर्ने आवश्यकता भएको महसुस पनि गरेका छौँ।

मानव अधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्ले अमर हुनुहुन्छ। नामका लागि हैन कामका लागि सदैव क्रियाशील रहनु हुने स्वर्गीय काफ्लेलाई उहाँकै योगदानहरूले अमरता प्रदान गरेका छन्।

स्वर्गीय काफ्लेका योगदानहरू चीरस्थायी रहुन्।

साउन-भदौ ०५१, वर्ष ३, अङ्क १,
पूर्णाङ्क १५ बाट साभार

सान्दर्भिकता र परिस्थितिको आधारमा सोच्ने संस्कार विकास गरौं

सुबोधराज प्याकुरेल*

अहिलेको बेलामा नागरिक संस्थाले स्वास्थ्यको अधिकारलाई प्राथमिकतामा राखेर काम गर्नु पर्छ । स्वास्थ्य भन्नाले स्वास्थ्यसँग गाँसिएर आउने कुराहरू खाद्यको अधिकार, सरसफाइको अधिकार, वातावरणको अधिकारलाई पनि बुझ्नु पर्छ । यी अधिकारहरू स्वास्थ्यको अधिकारसँगै आउने विषयवस्तु हुन् । मानिसले खाद्यान्नको जोहो पनि गर्न पाउनुपर्छ । त्यो सँगै काम गर्ने र ज्याला पाउने कुरा पनि आउँछ । हेर्दा स्वास्थ्य अधिकार भएपनि यसै भित्र जीवनको अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सबै पाटा आउँछन् ।

कुनैपनि सङ्कट पर्दा होस् वा नपर्दा नै किन नहोस् हामी प्रत्येक व्यक्तिले 'म राज्य हुँ' भन्ने सम्झनु पर्छ । यो चेतना र जिम्मेवारीको बोध नागरिकले गर्ने र अगुवाले त्यस्तो बोध गराउन सक्नु पर्छ । सार्वभौम सम्पन्न नागरिकले चुनेका प्रतिनिधिले कानुन बनाउँछन्, सरकार बनाउँछन् । कानुन अनुसार राष्ट्रको दैनिकी र अरू प्रशासनिक काम सञ्चालन हुन्छ । त्यसो भएको हुनाले सबैभन्दा पहिला नागरिकमा 'म राज्य हुँ' भन्ने चेतना जागृत गर्नु पर्ने बेलामा अहिले नेपालको नागरिक समाज पछाडि परेको महसुस गरेको छु ।

कोभिडको महामारीका बेलामा कोभिडसँग सफलतापूर्वक जुझेका मुलुकहरूका राम्रा अभ्यासलाई अनुसरण गर्नु आवश्यक छ । त्यसरी सफलतापूर्वक कोरोना परास्त गर्ने देशहरूमध्ये भियतनाम पनि एक हो । भियतनाममा सामाजिक दूरी (एक व्यक्तिबाट अर्को व्यक्ति भौतिक रूपमा नजिक नहुने) कायम राख्नका लागि, साबुन पानीले हात धुने तथा अन्य सरसफाइका कुरालाई आकर्षक भिडियो बनाएर सबै जनासम्म पुग्ने गरी प्रचार गरिएको छ । यो प्रचारले भियतनाममा निकै राम्रो र महत्वपूर्ण काम गरेको छ । अहिले यसको अनुशरण अमेरिकालगायतका देशले गरिरहेका छन् । भियतनाममा स्वतन्त्र नागरिक समाज नहुँदानहुँदै पनि यी काममा नागरिकले अगुवाइ गरिरहेका छन् । त्यही ढाँचामा हाम्रो देशको नागरिक समाजले गर्नुपर्ने जति काम गर्न नसकेको जस्तो लाग्छ ।

स्वास्थ्य र सरसफाइको क्षेत्रमा काम गर्ने धेरै सङ्घसंस्थाहरू छन् । अन्तर्राष्ट्रियस्तरका संस्था पनि छन् । यी दुई खाले सङ्घसंस्थामा सदृष्य साझेदारी हुन सकेन । मेरो जानकारीमा नआएको पनि हुन सक्छ । यदि यस्तो साझेदारी सरकारले गर्नुपर्ने सहजीकरणको अभावका कारण हुन नसकेको हो भने त्यस्ता विषयमा पनि नागरिक जिम्मेवारीका हिसाबले नागरिक समाजले घच्घच्याउनु पर्छ । सरकारका तर्फबाट कमी कमजोरी भए उजागर गर्ने, सच्याउन लगाउने लगायतका काम गर्नु पर्छ । सुरुवातको समयमा सबैजना आतङ्कित अवस्थामा रह्यौं, त्यसले पनि हुनसक्छ यतातिर नागरिक समाजको कृयाशीलता देखिने गरी छिटपुट मात्र भयो ।

अहिले नेपालमा सूचना आतङ्क व्याप्त छ । यो बेलामा जिम्मेवार सञ्चार गृहले तथा सञ्चारकर्मीले आम नागरिकलाई ढाडस दिनुपर्नेमा त्यसो हुन सकेको देखिँदैन । ढाडस र चेतनाको साटोमा अपुष्ट सूचना तथा बढाइचढाइ समाचार सम्प्रेषण भएको पाइन्छ । निको भएका विषय र खुसी रहने तौरतरिकाको साटोमा मृत्यु भएका, पीडा परेकाजस्ता विषयलाई बढी महत्व दिँदा जनमानसमा नकारात्मक सोच पैदा हुन्छ । मानसिक समस्यासम्म हुने खालका डरलाग्दा विषयलाई बढी प्राथमिकता दिने र बारम्बार प्रचार गर्ने गर्दा आतङ्कको अवस्था सिर्जना हुन्छ । हाम्रो जस्तो स्वतन्त्रता भएको मुलुकमा यतिबेला प्रत्येक व्यक्ति सञ्चारकर्मी भएका छन् । अखबारका अलावा फेसबुक, ट्वीटर, युट्युवलगायतका सामाजिक सञ्जालमासमेत असंवेदनशील वा संवेदनाहीन विषयवस्तुको प्रचारले नकारात्मकतालाई बढावा दिएको छ । यस्ता विषयमा पनि नागरिक समाजले खबरदारी गर्नुपर्ने हुन्छ र नागरिक समाजको अग्रसरता जरुरी छ ।

मानव अधिकार एकपाखे हुन सक्दैन । अन्तर्राष्ट्रिय दस्तावेज होस् वा नेपाली कानुनकै किन नहोस् लेखिएका विषयवस्तुलाई एकपाखे व्याख्या गर्नु हुन्न । कानुनको सिद्धान्त अनुसार अधिकारसँगै कर्तव्य पनि आउने हुन्छ । मैले अरूको अधिकारको सम्मान गर्दा अरूले पनि मेरो अधिकारको सम्मान गर्छन् र हामी सबैको अधिकारको सम्मान हुन्छ भन्ने कुरा प्रत्येक व्यक्तिले बुझ्न जरुरी छ । वास्तवमा भन्ने हो भने अधिकार भनेर लेखिसकेपछि कर्तव्य लेखिरहनु पनि पर्दैन । अधिकार र कर्तव्य एउटै सिक्काका दुई पाटा हुन् ।

कष्टपूर्ण समयमा उचित समाधान पहिल्याउनु जरुरी मात्र होइन बढी संवेदनशील चुनौती हुन्छ । यस्तो बेलामा समाजलाई सदृश्य रूपमा सहयोगको खाँचो हुन्छ । सरकारले गरिरहेको कामको अनुगमन गर्ने, सुधारका लागि पहल गर्ने र सार्वजनिक रूपमा सुझाव प्रकट गर्ने यी तीन काम जुनसुकै कष्टसाध्य परिस्थितिमा पनि नागरिक समाजले गरी आएको कुरा हो । एकाएक आइलागेको कोरोनाको महाविपत्ति सामना गर्ने तम्तयारी सम्पन्न वा गरिब सबै राष्ट्रसँग रहेनछ । एकातिर संरचना कमजोर छ, अर्कोतिर महामारीको स्वरूप कस्तो होला भनेर अन्दाज गर्न सकिने परिस्थिति पनि छैन । दुःख सहेर भए पनि क्वारेण्टिनमा जनताले बसिदिनु पर्ने, गाह्रो परिसक्यो तर पनि उपचारको लागि लामो समय पालो पर्खिनुपर्ने अवस्थामा सेवा र सेवाग्राहीबीचको समानुभूति र समझदारी बढाउने कुरामा सामाजिक साझेदारी अनिवार्य हुन्छ । अहिले आमनागरिकले (अधिकारकर्मी वा नागरिक समाज जे भनौं) बाट राखेको अपेक्षा यस्तै छ । अनेक राजनीतिक प्रशासनिक सङ्कटका बेलामा सहयोगी रहेका नागरिक अधिकारकर्मीलाई त्यस्तै सहयोगी भूमिकामा दुःखमा परेका जनताले अपेक्षासहित सम्झिरहेका छन् ।

---

* (इन्सेकका निवर्तमान अध्यक्ष एवम् प्रदेश १ योजना आयोगका उपाध्यक्ष)

कुराकानीमा आधारित

विश्लेषण

डा. दिवाकर भट्ट*

अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनबीच अन्तर सम्बन्ध तथा तिनको नेपालमा कार्यान्वयन सम्बन्धी अभ्यास : एक विवेचना

१. परिचय

विश्वमा राष्ट्रहरूको अस्तित्व स्वीकार भएसँगै प्राकृतिक कानुनको मान्यता अनुसार राष्ट्रहरू प्राकृतिक कानुन बमोजिम सञ्चालित हुनु पर्दछ भन्ने मान्यता स्वीकार गरियो । त्यसैगरी प्रत्यक्षवादीहरूको मतमा राष्ट्रहरू बीचलआपसमा भएमा सहमति, सन्धि, सम्झौता तथा प्रचलित परम्परा र व्यवहारका आधारमा उनीहरू सञ्चालित हुनु पर्दछ भन्ने मान्यतासँगै अन्तर्राष्ट्रिय कानुनको विकास भएको देखिन्छ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय कानुन के हो ? यसमा मूलभूत मान्यता के हुन ? मानव अधिकार र मानवीय कानुनको अन्तर सम्बन्ध, भिन्नता तथा सीमाहरू के हुन सक्दछ ? र अन्तर्राष्ट्रिय कानुनका रूपमा मानिने नियमहरूको कार्यान्वयनका के कस्ता अवधारणाहरू रहेका छन् ? भन्ने सम्बन्धमा जिज्ञासा हुन सक्दछन् । यी प्रश्नहरूको मन्थन गर्ने क्रममा विभिन्न सैद्धान्तिक र व्यवहारिक पक्षहरूका सम्बन्धमा यस लेखमा विवेचना गर्ने प्रयास गरिएको पाइन्छन् ।

अन्तर्राष्ट्रिय कानुन एक त्यस्तो विधिहरू हो, जुन राष्ट्रिय सीमा भित्र मात्र लागु नभई विश्वका विभिन्न मुलुकहरूबीचका आपसी व्यवहारहरूलाई नियमित गर्ने सन्दर्भमा राष्ट्रहरूले सहमति र परम्परागत रुपमा विकसित गरेका अभ्यासमा आधारित हुन्छ । साथै अन्तर्राष्ट्रिय कानुन राष्ट्रहरूबीच मात्रै लागु नभई अन्तर्राष्ट्रिय सङ्गठन र संयुक्त राष्ट्रसङ्घको निगरानीमा रहेका स्वायत्व क्षेत्रहरू तथा राष्ट्रिय स्वाधीनताका लागि सङ्घर्षरत मुक्ति संगठनहरूलाई समान रूपमा लागु हुन्छ । विश्वमा मानवीय शान्ति र सुरक्षामा अपराधिक क्रियाकलापबाट चुनौती उत्पन्न हुन गएमा संगठित अपराधिक समूह र सोका व्यक्तिहरूलाई समेत जिम्मेवार बनाई अन्तर्राष्ट्रिय कानुन बमोजिम कारबाही गराउन सकिने हुनाले व्यक्ति समेतलाई अन्तर्राष्ट्रिय कानुनको विषयका रुपमा स्वीकार गरिएको अवस्था छ । यसर्थ अन्तर्राष्ट्रिय कानुन राष्ट्रहरूबीच मात्रै लागु नभई राष्ट्रसङ्घको निरगानी र व्यवस्थापनमा रहेका स्वायत्व क्षेत्र, अन्तर्राष्ट्रिय सङ्गठन, अन्तर्राष्ट्रिय समूह र कतिपय अवस्थामा प्राकृतिक र कानुनी व्यक्ति समेतलाई लागु हुन्छ । अन्तर्राष्ट्रिय कानुन राजनीतिक गतिविधिसँग मात्रै सम्बद्ध नभै मानव अधिकार मानवीय कानुन, वातावरणीय हित, उपभोक्ता संरक्षण, जैविक विविधता, प्राकृतिक सम्पदा तथा बौद्धिक सम्पत्तिको संरक्षण, सूचना प्रविधि र सुशासन एवं अन्तर्राष्ट्रिय अपराधको नियन्त्रण लगायतका विभिन्न विषयहरूसँग केन्द्रित हुने पुगेकोले यसको क्षेत्र दिन प्रतिदिन बढ्दै गएको छ ।

अन्तर्राष्ट्रिय कानुन लागु गर्ने सन्दर्भमा राष्ट्रिय कानुनको जस्तो कुनै सर्वोच्च शक्तिबाट कारबाही गर्ने निकायको अभाव भएतापनि अन्तर्राष्ट्रिय कानुनमा राष्ट्रिय कानुनका विभिन्न चरित्रहरू जस्तैः व्यवस्थापिका, कार्यपालिका, न्यायापालिकाको व्यवस्था, लागु हुने विषय तथा स्रोत र सीमाहरू विद्यमान नभएका भने होइनन् । यसर्थ राष्ट्रहरू बीचका आपसी व्यवहार र सहयोगका क्षेत्रहरू बढे अनुरुप अन्तर्राष्ट्रिय कानुनका क्षेत्रहरू पनि बढ्दै गएको छन् । विगतमा अन्तर्राष्ट्रिय कानुनलाई कतिपय विद्वानहरूले नैतिकताको नियम (Law of Morality) वा तथाकथित कानुन वा कमजोर कानुन (Weak Law) भनी नामाकरण गरेको भएतापनि वर्तमान समयमा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनको कार्यान्वयमा रहेको प्रभावकारिताका कारण यसलाई कार्यान्वयनयोग्य वा प्रभावकारी कानुनका रूपमा मानिएको छ ।

विद्वान ओपनहाइमको मतमा अन्तर्राष्ट्रिय कानुन त्यस्ता नियम वा सिद्धान्तहरूको संग्रह हो, जसले अन्तर्राष्ट्रिय समुदायका सदस्यहरूको व्यवहार र सम्बन्धहरूलाई नियमित गर्दछ । त्यसैगरी विद्वान Malcolm N . Shaw का अनुसार अन्तर्राष्ट्रिय कानुन खास गरी पक्ष राष्ट्रहरूबीचका अन्तर्राष्ट्रिय सम्झौता र राष्ट्रहरूले उनीहरूका व्यवहारहरूलाई निर्धारण गर्ने क्रममा मान्यता प्रदान गरेका परम्परागत नियमहरूलाई समेट्दछ र त्यस्ता नियमहरूको उनीहरूले व्यवहारमा पालना गर्दछन् भनी परिभाषित गरिएको छ ।[१] राष्ट्रहरूमात्र अन्तर्राष्ट्रिय कानुनका विषयहरू हुन भन्ने मत आजको बदलिँदो परिवेशसँग त्यति मेल नखाने मात्र होइन कि जुन वास्तवमा अलि पुरानो र अपूरो मान्यतासमेत भई सकेको भन्ने विद्वानहरूको मत छ । अन्तर्राष्ट्रिय कानुनको व्यक्तिगत चरित्र सामाजिक अन्तरनिर्भरता सम्बन्धी कानुनी मान्यताबाट प्रतिस्थापित भइसकेको छ । यसै सन्दर्भमा Re Piracy Jure Gentium विवादमा लर्ड चान्सलर स्यान्कीले रोचक ढंगले भन्नु भएको छ कि "अन्तर्राष्ट्रिय कानुन एक जीवित संहिता र आजको अन्तर्राष्ट्रिय कानुनको परिवर्तनीय र विकसित हुँदै जाने चरित्र भएकाले अन्तर्राष्ट्रिय संस्थाहरू, केही गैर राष्ट्रिय प्रकृतिका निकाय वा व्यक्तिहरू, अन्तर्राष्ट्रिय कानुनका बैधानिक विषयहरू हुँदै आएका छन् ।" यसर्थ अन्तर्राष्ट्रिय कानुनले त्यस्ता सिद्धान्त वा नियमहरूलाई समेटेको छ, जुन नियमहरू राष्ट्रहरूले आपसी व्यवहार अपनाउने सिलसिलामा पालना गर्दछन् ।

अन्तर्राष्ट्रिय कानुन सामान्यतया

---

* एल एल. एम (प्रथम श्रेणीमा प्रथम) (त्रिभुवन विश्व विद्यालय), एल एल. एम (मानव अधिकार) हङ्कङ्ग विश्वविद्यालय, हङ्कङ्ग) विद्यावारिधी (फौजदारी कानुन) त्रिभुवन विश्वविद्यालय, जिल्ला न्यायाधीश, फ्याकल्टी, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौँ ।

१. Malcolm N . Shaw, International, -5th ed ._ Cambridge University Press, Delhi -2005_ p= 6

निरन्तर रुपमा अन्तर्राष्ट्रिय समुदायको सम्बन्धहरूलाई नियमित गर्ने सन्दर्भमा विकास हुँदै जाने प्रकृतिको कानुन मानिन्छ । यी नियमहरूले राष्ट्रहरूका एकअर्काबीचमा सम्बन्धहरूमा अधिकारहरूको हस्तान्तरण र दायित्वको परिपालना गराउँदछन् । यसका साथै यी नियमहरूले केही हदसम्म अन्तर्राष्ट्रिय संगठन र व्यक्तिका हक अधिकारको व्यवस्था गर्नुका साथै दायित्वको समेत व्यवस्था गर्दछन् । यसर्थ अन्तर्राष्ट्रिय कानुन तथाकथित कानुन नभई आफ्नै विशेषता बोकेको विश्वव्यायी प्रकृतिको कानुन हो भन्नुमा अन्यथा हुन सक्दैन ।

२. अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुन बीच भिन्नता र अन्तर सम्बन्ध

अन्तर्राष्ट्रिय कानुनका विभिन्न प्रकृतिहरू छन् । मानव जीवनमा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायतका पक्षहरूको आ-आफ्नो भूमिका रहेको छ । ती विषयहरूका सम्बन्धमा राष्ट्रहरूका व्यवहारहरूलाई नियमित गरी मानव समुदायका केही अधिकार र राज्यका विभिन्न निकाय वा अधिकारीहरूको कर्तव्यको व्यवस्था गरी समुन्नत, सहयोगी, अन्तरनिर्भर र सम्मानयोग्य पद्धति निर्माण गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय कानुनका विभिन्न विधाको विकास भएको छ । अन्तर्राष्ट्रिय कानुनको बृहत् आयाम भित्र अन्य विधाहरूको तुलनामा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनको विकास अपेक्षाकृत रूपमा अगाडि भएको पाइन्छ ।[३]

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको सन्दर्भ केलाउँदा अन्तर्राष्ट्रिय जगतमा मानव अधिकार सम्बन्धी महासन्धि वा अनुबन्धहरूले विश्वका सबै मानवका लागि लागु हुने गरी विकास गरेका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायतका अधिकारहरूलाई अन्तर्राष्ट्रिय मानव अधिकार भनिन्छ । मानव अधिकार जन्मसिद्ध नैसर्गिक (Inherent), सर्वव्यापी (Universal), अहरणीय (Inviolable) र अभिभाज्य (Indivisible) हुन भन्ने मान्यता सर्वस्वीकार्य रहेको छ ।[३] मानव अधिकार वास्तवमा जन्मसिद्ध तथा नैसर्गिक हुन्छन् किनभने त्यस्ता अधिकारहरूलाई मानव जातिले मानव भएका आधारमा प्राप्त गर्दछन् । यसबाहेक मानव अधिकार जुनसुकै समुदायका व्यक्तिका लागि समान रुपमा लागु हुन्छन् र ती अधिकारहरूको हनन् कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन । यति मात्रै नभई मानव अधिकारहरू चाहे नागरिक वा राजनीतिक हुन वा आर्थिक सामाजिक वा सांस्कृतिक नै किन नहुन ती अधिकारहरू अन्तरनिर्भर र एक अर्काका परिपूरक (Complimentary) मानिन्छन् ।[४]

मानव अधिकार के हुन् भनी परिभाषा गर्नु पर्दा मानिसलाई मानवको रूपमा जीवित रहनका लागि आवश्यक पर्ने जति सबै अधिकारहरू मानव अधिकार हुन् । जस्तैः मानिसले आफ्नो भौतिक जीवनको सञ्चालन गर्नका लागि आवश्यक बस्तुहरूको प्रत्याभूतिदेखि लिएर कुनै पनि व्यक्तिले आफ्नो विचार र अभिव्यक्ति राख्न पाउने, संघ संगठन खोल्न पाउने, राजनैतिक दल खोल्न पाउने र राजनैतिक दलको सदस्यता प्राप्त गर्न पाउने स्वतन्त्रता लगायत मानव जीवनको सर्वाङ्गीण विकासका लागि आवश्यक कुराहरू प्राप्त गर्न पाउने अधिकारहरूलाई मानव अधिकार कै श्रेणीमा राख्न सकिन्छ ।

विश्वमा प्रथम र द्वितीय विश्वयुद्धको विभिषिकाबाट क्षतविक्षत भएको विश्वलाई सधैका लागि युद्धको खतराबाट मुक्त राख्न र विश्व समुदायलाई पुनः निर्माण गर्न विश्वका केही ठूला राष्ट्रहरूको पहलमा २४ अक्टुबर सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो ।[५] तत्पश्चात विश्वमा मानव अधिकारको संरक्षणका सम्बन्धमा विभिन्न प्रयासहरू जारी रहे ।विश्वव्यापी रुपमा बृहत मानव अधिकार महासन्धिको निर्माणका विभिन्न पहलहरू भएतापनि यस कार्यमा तत्कालीन समयमा निकै जटिलता रहेकाले सन्धिगत प्रयास सफल हुन सकेन । सोको परिपूरकको रुपमा विश्वव्यापी मानव अधिकारसम्बन्धी घोषणापत्र, १९४८ पारित हुन गयो । सो घोषणापत्रले नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू समेटिएका छन् । उक्त दस्तावेजको कानुनी महत्व भन्दा पनि त्यसले राष्ट्रहरूबीच नैतिक दायित्व सिर्जना गरेको र अन्तर्राष्ट्रिय जगतमा मानव अधिकारको न्यूनगत साझा मापदण्ड बनेको अवस्था छ ।[६]

लामो समयदेखि अन्तर्राष्ट्रिय जगतमा समान रुपमा लागु हुने मानव अधिकारसम्बन्धी विश्वव्यापी महासन्धिको व्यवस्था हुन नसक्दा अन्यौल रहेको सन्दर्भमा सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध संयुक्त राष्ट्रसङ्घको महासभाबाट पारित गरिए । र, सो अनुबन्धमा इच्छाधीन आलेखहरू समेत पारित हुन पुगे । हालको अवस्थामा अधिकांश मुलुकहरूले यी महासन्धि र इच्छाधीन आलेखका पक्षधर

---

३. संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा मानव अधिकार बाहेकका अन्य विषयसँग सम्बन्धित महासन्धिहरू खासगरी सन् १९७० को दशक पश्चातका दिनहरूमा सम्पन्न भएका देखिन्छन् जसको शुरुआत सन् १९७२ मा स्वीडेनको स्कटहोमा सम्पन्न भएका दीगो विकास सम्मेलनबाट भएको देखिन्छ ।

३. The Vienna Declaration and Programme of Action Adopted by the World Conference on Human Rights in Vienna on 25 June 1993 Extracted from < https://www .ohchr .org/EN/ProfessionalInterest/Pages/Vienna .aspx> -Accessed on April 15, 2020) .

४. डा गोपाल शर्मा अन्तर्राष्ट्रिय संगठन मानव अधिकार र मानवीय कानुन पैरवी प्रकाशन २०६३ पैज ३८२

५. उही पेज १३८(१४०

६. The UN (OHCHR), "Human Rights Bodies", Extracted from <https://www .ohchr .org/EN/HRBodies/Pages/HumanRightsBodies .aspx> Accessed on 15 April, 2020 .

राष्ट्र बनी सकेको अवस्था छ ।[६]

यसबाहेक अन्तर्राष्ट्रिय जगतमा संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा विभिन्न मानव अधिकारसम्बन्धी महासन्धिहरू समेत तर्जुमा भई जारी भएका छन् । यी मानव अधिकारसम्बन्धी ठूला महासन्धिले समेटेका मानव अधिकारसम्बन्धी व्यवस्थाहरूलाई मानव अधिकारसम्बन्धी कानुनको रूपमा अध्ययन गरिन्छ ।

मानव अधिकारका कानुनका रुपमा विभिन्न महासन्धिहरूका व्यवस्थाहरू लागु भएकै सन्दर्भमा ती महासन्धिहरूले नियमनकारी संयन्त्र (Treaties Bodies) को समेत व्यवस्था गरेको छ । ती अर्धन्यायिक प्रकृतिका विशेषज्ञ समितिहरूले पक्षराष्ट्र विरुद्ध प्राप्त भएका उजुरी वा गुनासाहरू उपर सुनुवाई गरी सम्बन्धित सरकारहरूलाई आफ्ना काम कारबाहीहरू सुधार वा मानव अधिकारको संरक्षण र संवर्द्दन गर्नका लागि आवश्यक उपायहरू गर्न सुझाउनुका साथै महासन्धिका धाराहरूले अँगालेको विधिशास्त्रीय मान्यताको व्याख्या गर्ने गर्दछन् ।[८]

मानव अधिकार कानुनकै अर्को पाटोको रुपमा विश्वमा मानवीय कानुन समेत रहेको अवस्था छ । मानवीय कानुन अन्तर्राष्ट्रिय कानुनको त्यो विधालाई जनाउँछ, जसले दुई वा दुई भन्दा बढी फरक मुलुकबीच युद्ध चलेको होस् वा मुलुक भित्रै द्वन्दरत पक्षहरूबीच युद्ध चलेको होस्, सो समयमा द्वन्दरत पक्षहरूले पालना गर्नु पर्ने युद्धको नियम र साधनहरूका सम्बन्धमा व्यवस्था गर्दछ । त्यसैले मानवीय कानुनलाई युद्धको कानुन पनि भनिन्छ ।

अन्तर्राष्ट्रिय मानवीय कानुनले शक्तिको प्रयोगको औचित्यता Jus ad bellum नभएर शक्तिको प्रयोगलाई नियमित गर्ने नियमहरू Jus in bellow सम्बन्धमा समेट्दछ । अन्तर्राष्ट्रिय मानवीय कानुनले शक्तिको प्रयोग अर्थात् युद्धको औचित्यसँग सम्बन्ध राख्दैन वा कुनै युद्ध हुनुको पछाडिको कारणबारे सरोकार राख्दैन तर यसले युद्धको आचरण तथा युद्धमा प्रयोग गरिने साधन वा तरिकाहरूसँग सम्बन्ध राख्दछ ।[९]

अन्तर्राष्ट्रिय मानवीय कानुनले सशस्त्र द्वन्द वा युद्धको असरलाई कसरी कम गर्ने भन्ने उपाय पहिल्याउनका साथै युद्धमा कुन प्रकारको साधन प्रयोग गर्दा मानवीय मानिने र कुन प्रकारले युद्ध गरिएमा उपयुक्त भन्ने सम्बन्धमा युद्धको तौरतरिकाको विवेकतामा जोड दिन्छ ।यस क्रममा यसले योद्धा वा गैर यौद्धाबीचमा भिन्नता छुट्टयाउँदछ । यसरी मानव अधिकार कानुन शान्तिको समयमा लागु हुने कानुन मानिन्छ भने मानवीय कानुन सशस्त्र सङ्घर्षको अवधिमा लागु हुने कानुन मानिन्छ । यो कानुन औपचारिक रूपमा युद्धको घोषणा नभएको स्थिती होस् वा गैह्र राज्य पक्षहरू बीच सशस्त्र द्वन्द भएको स्थिति होस् दुवै अवस्थामा लागु हुन्छ ।[१०]

अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्रसङ्घको वडापत्रले युद्धलाई निरुत्साहित गरेको छ । यति हुँदा हुँदा पनि राष्ट्रहरूबीच कुनै न कुनै अवस्था आक्रमण हुन सक्ने र युद्धको अवस्था आउने सक्ने संभावनालाई भने राष्ट्रसंघको वडापत्रले रोक्न सकेको अवस्था छैन् । त्यसैले संयुक्त राष्ट्रसङ्घले आत्मरक्षा वा सामुहिक प्रतिरक्षा प्रणालीको विकास गरेको छ ।[११]

अन्तर्राष्ट्रिय मानवीय कानुन दुई वा सो भन्दा बढी देशहरू बीच भएको अन्तर्राष्ट्रिय[१२] वा देश भित्रै सरकार र विद्रोही बीच भएको सशस्त्र द्वन्दका अवस्थामा समेत लागु हुन्छ ।[१३] त्यसैले मानवीय कानुनले सशस्त्र द्वन्द्वलाई अन्तर्राष्ट्रिय र गैर अन्तर्राष्ट्रिय गरी दुई किसिमले विभाजन गरेको छ ।

प्राचीनकालमा वर्तमान समयका जस्ता युद्धका नियमहरू नभए पनि युद्धको प्रयोजनमा आधारित युद्ध सञ्चालित हुनुपर्ने मान्यता स्वीकार गरिएका थिए । विश्वमा युद्धको कानुनको विकासको सन्दर्भ हेर्दा प्राचीन, मध्यकालीन र आधुनिककालमा आ-आफ्नै प्रकृतिले भएको देखिन्छ ।युद्धको समयमा युद्धरत पक्षहरूले युद्धका नियमहरूको पालना गर्नु पर्दछ र युद्धलाई कठोर र अमानवीय बनाउन हुँदैन र यसमा प्रयोग गरिने साधन र तौरतिरकाहरू सहज एवं मानवीय हुनु पर्दछ, युद्धमा संलग्न नहुने व्यक्ति वा निजका परिवार वा सामुदायिक उपभोगका सेवाहरू तथा धार्मिक र सांस्कृतिक सम्पदाहरू माथि आक्रमण हुनुहुँदैन लगायतका मान्यताहरू हिन्दू धर्मग्रन्थ जस्तै मनुस्मृति तथा महाभारत (400 BC) र मुस्लिमहरूको धार्मिक र सांस्कृतिक परम्पराले समेत समेटेको देखिन्छ । यसका साथै बेबीलोनका राजा हम्बुराबीद्वारा निर्मित हम्बुराबी संहिता (Hamburabi Code) मा बलियाबाट कमजोरहरूको संरक्षण हुनु पर्ने मान्यता स्वीकार गरिएको थियो भन्ने अनुसन्धानकर्ताको तर्क रहेको छ ।[१४] तर पछिल्ला दिनमा युरोपमा सञ्चालित धार्मिक युद्धहरू (१६१८-१६४८) अमानवीय तवरले

---

६. The UN (OHCHR), "Un Treaty Body" Databaseæ Extracted from <https://tbinternet .ohchr .org/_layouts/15/TreatyBodyExternal/Treaty .aspx> Accessed on 15 April, 2020 .

८. The UN (OHCHR), "Human Rights Bodies", Extracted from <https://www .ohchr .org/EN/HRBodies/Pages/HumanRightsBodies .aspx> Accessed on 15 April, 2020 .

९. Okimoto Keichiro, The Oxford Handbook of the Use of Force in International Law, edited by Marc Weller, Online Publication Date -2016_ pp . 15-20 .

१०. The Geneva Conventions of 1949 and their Additional Protocols, Extracted from <https://www .icrc .org/en/document/geneva-conventions-1949-additional-protocols> Accessed on 16 April 2020 .

११. संयुक्त राष्ट्रसङ्घको वडापत्र अध्याय ७ ।

१२. Protocol Additional to The Geneva Conventions of 1949, and Relating to the Protection of Victims of International Armed Conflicts -Protocol I_, 1977

१३. Protocol Additional to The Geneva Conventions of 1949, and Relating to the Protection of Victims of Non-International Armed Conflicts (Protocol II), 1977

हुन पुगेकाले विश्व समुदायलाई युद्धका निश्चित नियमहरूका बारे राष्ट्रहरूले सोच्नु पर्ने अवस्था आयो । त्यसको शुरुआत सन् १८६४ को जेनेभा महासन्धिबाट भयो भने मानवीय कानुनको थप विकास सन् १९६८ को St . Petersburg Declaration, सन् १९०७ को Hague Convention Respecting the Laws and Customs of War on Land, सन् १९२५ को Geneva Protocol IV Prohibition of the use in War of Asphyxiating, Poisonous and other gas and Bacteriological Method of Welfare र सन् १९४९ का ४ वटा मानवीय कानुनसम्बन्धी जेनेभा महासन्धि र सोका सन् १९७७ का दुईवटा अतिरिक्त उपलेखहरू, सन् १९५४ को Hague Convention for the Protection of Cultural Property in the event of Armed Conflict, सन् र १९९८ को Rome Statute of International Criminal Court लगायतका महासन्धिहरू नै मूलभूत रूपमा पछिल्ला समयमा विकसित भएका अन्तर्राष्ट्रिय लिखतहरू हुन् ।[१५]

वर्तमान समयमा दुई वा सो भन्दा बढी राज्य पक्षहरूबीच वा राज्यको सरकारी सेना र गैह्रराज्य सशस्त्र पक्ष वा दुवै गैह्र राज्य सशस्त्र पक्षहरूबीच युद्ध भएको अवस्थालाई सशस्त्र द्वन्द वा युद्ध मान्ने गरिन्छ । सो दुवै अवस्थामा लागु प्रकृतिका संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा बनी लागु भएका नियमहरूलाई जेनेभा महासन्धि भनिन्छ । सन् १९४९ का जेनेभा महासन्धिहरू निम्न चार वटा विषयहरूमा रहेका छनः

१. युद्ध मैदानमा घाइते वा बिरामी भएका सैन्यबलको अवस्था सुधार गर्ने बारेको महासन्धि (For Protecting the Wounded and Sick Soldiers on Land During War)
२. समुद्रमा घाइते, बिरामी वा ध्वस्त जहाजमा परेका सैन्यबलहरूको अवस्थामा सुधार गर्ने बारेको महासन्धि (For Protecting Wounded, Sick and Ship and shipwrecked military personnel at sea during war)
३. युद्धबन्दीसँग गरिने व्यवहार सम्बन्धी महासन्धि (Applying to Prisoners of War)
४. युद्धको समयमा गैरसैनिक नागरिकहरूको संरक्षणसम्बन्धी महासन्धि (Affords Protection to civilian, including in occupied territories)

यस बाहेक उल्लेखित जेनेभा महासन्धिहरूले युद्धलाई अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द र गैह्र अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्व वा आन्तरिक सशस्त्र सङ्घर्ष गरी दुई भागमा विभाजन गरी सो सम्बन्धमा लागु हुने अतिरिक्त उपलेखहरूको समेत व्यवस्था भएको छ । यस सम्बन्धमा जेनेभा महासन्धिको पहिलो अतिरिक्त उपलेखले - Protocol Additional to the Geneva Conventions Relating to the Protection of Victims of International Armed Conflicts (Additional Protocol I) अन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्षमा पीडित हुन पुगेका व्यक्तिहरूको संरक्षणका नियमहरू र दोश्रो अतिरिक्त उपलेखले (Protocol Additional to the Geneva Conventions Relating to the Protection of Victims of Non-International Armed Conflicts - Additional Protocol II) ले गैह्र अन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्षमा पीडित हुन पुगेका व्यक्तिहरूको संरक्षण सम्बन्धमा व्यवस्था गरेको छ ।

जेनेभा महासन्धिको व्यवस्था हेर्दा जेनेभा महासन्धिहरूको धारा २ अनुसार सन्धिको पक्षधर राष्ट्रले आंशिक वा पूरा मान्न कब्जामा लिएको सबै स्थितिमा त्यो कब्जाको सशस्त्र प्रतिरोध नहुँदाका अवस्थामा पनि महासन्धिको व्यवस्था लागु हुन्छ ।[१६]

यस सन्दर्भमा सबै भन्दा महत्वपूर्ण र मननयोग्य कुरा हेर्दा जेनेभा महासन्धिको धारा ३ चार ओटै महासन्धिहरूले साझा धाराका रुपमा स्वीकार गरेकाले सो धाराले ती व्यवस्थाहरूलाई परम्परागत अन्तर्राष्ट्रिय कानुनको मान्यताका रुपमा स्वीकार गरिएकाले महासन्धिको पक्षराष्ट्र नभएको मुलुकहरूमा भएको सशस्त्र द्वन्दमा समेत लागु हुने अवस्था एकातिर रहेको छ भने अर्कोतिर अन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्ष र गैह्र अन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्ष दुवै अवस्थामा लागु हुने मान्यता अंगिकार गरेको छ । तसर्थ सो धाराले महासन्धिले सशस्त्र सङ्घर्षहरू भनी परिभाषा गरेको अवस्थामा संलग्न सम्पूर्ण पक्षहरूलाई लागु हुने मान्यता राखेको छ । धारा ३ को प्रावधान अनुसार(*"युद्धबाट अलग भएका सशस्त्र सैन्य बलका सदस्यहरू र बिरामी, घाइते वा थुनामा परेका कारणबाट युद्धबाट अलग रहेका व्यक्तिहरू वा युद्धमा प्रत्यक्ष रूपमा संलग्न नभएका व्यक्तिहरू वा यस्तै प्रकारका अन्य अवस्थाका व्यक्तिहरूलाई जात, लिङ्ग, धर्म, जन्म, सम्पत्ति वा अन्य यस्तै आधारमा भेदभाव गर्न पाइने छैन् र सबैलाई मानवीय आधारमा व्यवहार गरिनु पर्ने र समान गर्नु पर्नेछ ।"*[१७]

अन्तर्राष्ट्रिय मानवीय कानुन सशस्त्र सङ्घर्षका स्थितिमा लागु हुने भएकाले सशस्त्र सङ्घर्षका सुरुआतसँगै अन्तर्राष्ट्रिय मानवीय कानुन आकर्षित हुन्छ । अन्तर्राष्ट्रिय मानवीय कानुनका कतिपय प्रावधानहरू शान्तिको समयमा कार्यान्वयन गरिनु पर्ने प्रकृतिका भए पनि मूलतः अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरू युद्धको समयमा लागू रहन्छन् । अन्तर्राष्ट्रिय मानवीय कानुन अन्तर्राष्ट्रिय र गैर अन्तर्राष्ट्रिय चरित्रका सशस्त्र सङ्घर्षमा समेत लागु हुन्छ । अन्तर्राष्ट्रिय मानवीय कानुन सङ्गठित रूपमा घोषित

१४. कर्ष वहादुर थापा, अन्तर्राष्ट्रिय मानवीय कानुन, न्याय प्रशासनमा मानव अधिकार स्रोत सामग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान (२०७१) पृष्ठ ३८८-३८९
१५. उही पृष्ठ ३९१-३९२
१६. Art . 2 of Four Geneva Convention, 1949 .
१७. Art . 3 of Four Geneva Convention, 1949 .

वा अघोषित युद्धका अवस्थामा लागु हुन्छ चाहे युद्धरत अवस्थालाई अर्को पक्षले मान्यता नदिएको अवस्था नै किन नहोस् ।[१८] साथै कुनै राष्ट्र जेनेभा महासन्धिको पक्षराष्ट्र नभए पनि पक्षराष्ट्रहरू सन्धि पालना गर्न पर्ने दायित्यबाट उम्किन सक्दैनन् ।तर सशस्त्र सङ्घर्ष अन्तर्गत नपर्ने स्थिति भने हुनु हुँदैन ।

३. मानव अधिकार कानुन र मानवीय कानुन कानुनका बीचको मौलिक भिन्नता, अन्तर सम्बन्ध र सीमाहरू

यस सम्बन्धमा बुँदागत रूपमा निम्न बमोजिम चर्चा गरिएको छ ।

(क) मानव अधिकार कानुन र मानवीय कानुन कानुनका बीचको मौलिक भिन्नता हेर्दा मानव अधिकार सम्बन्धी कानुन शान्तिको समयमा लागु हुने कानुन हो भने मानवीय कानुन युद्धको समयमा युद्धको वैधानिक तरिका र माध्यमहरूको छनौटको प्रकृया निर्धारण गर्ने कानुन हो । मानव अधिकार कानुनले व्यक्तिका शिक्षा, स्वास्थ्य, रोजगार, पारिवारिक जीवन, स्वतन्त्रता, सामाजिक र सांस्कृतिक अधिकार लगायतका अधिकारहरूको संरक्षणमा जोड दिन्छ र खासगरी मुलुकमा शान्ति वहाल रेहेको अवस्थामा लागु हुन्छ । मानवीय कानुनले कुनै मुलुकमा आन्तरिक वा वाह्य सशस्त्र द्वन्द्व भएको अवस्थामा द्वन्द्वरत पक्षहरूका कारणबाट मानव अधिकार र मानवीय स्वतन्त्रताको प्रत्याभूतिहरू गर्नुपर्ने दायित्व राज्य पक्षमा रहेको यकिन गर्दछ । साथै द्वन्दरत पक्षले ती अधिकारको संरक्षणको सम्बन्धमा बाधा विरोध गर्नु हुँदैन भन्ने मान्यता राखिन्छ । यति मात्र नभई मानवीय कानुनले योद्धा र गैह्र योद्धाहरूबीच गरिनु पर्ने फरक व्यवहार, योद्धा र बन्दीहरूहरूको अवस्था, युद्धका नियम र सामुदायिक स्थल वा सामुदायिक सेवाहरू जस्तैः अस्पताल, पानीका मुहान, सार्वजनिक सम्पदा र प्रयोगका वस्तुहरूमा अनाक्रमणको सुनिश्चितिता गर्नु पर्ने दायित्व युद्धरत पक्षहरू उपर निर्धारण हुन्छ । समग्रमा भन्नुपर्दा मानव अधिकार एक सामान्य अन्तर्राष्ट्रिय कानुन हो भने मानवीय कानुनलाई विशेष प्रकारको कानुन मानिन्छ ।[१९]

(ख) मानव अधिकार कानुनले खासगरी राज्यले स्वदेशी वा विदेशी जुनसुकै व्यक्तिहरू किन नहुन् सबैलाई समान किसिमले लागु हुने सन्धि वा प्रथा परम्पराद्वारा विकसित अन्तर्राष्ट्रिय नियमहरूको व्यवस्था गर्दछ र ती अधिकारको Respect, Protect and Fulfill को दायित्व सरकारको हो भनी व्यवस्था गर्दछ । मानवीय कानुनले स्वदेशी र विदेशीका सन्दर्भ भन्दा पनि योद्धा र गैरयोद्धाको स्थितिलाई एकीन गरी महासन्धिका व्यवस्थाको सम्मान गर्ने र अर्को पक्षबाट समेत सम्मानको अपेक्षा गर्दछ ।

(ग) अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका केही प्रावधानहरू मुलुकमा आन्तरिक द्वन्द्व, विप्लव वा चरम आर्थिक विश्रृङ्खलताका कारण जटिल परिस्थिति उत्पन्न भएको अवस्थामा निलम्बन गर्न सकिन्छन् तर मानव अधिकारका प्रावधानहरू जस्तैः नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्धको धारा ४ बमोजिम जीवनको अधिकार, यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार, दासत्व विरुद्धको अधिकार लगायतका अधिकारहरू युद्धको समयमा समेत निलम्बन हुन सक्दैनन् । तर मानवीय कानुनहरू पनि उल्लंघन हुनु हुँदैन भनिन्छ । तथापि तिनीहरूको उल्लंघन भए नभएको अवस्था केवल युद्धको समयमा मात्र एकिन गरिन्छ ।यस अर्थमा मानवीय कानुनको तुलनामा मानव अधिकार कानुनको क्षेत्र व्यापक मानिन्छ ।[२०]

(घ) मानव अधिकार सरकार विरुद्ध व्यक्तिलाई प्राप्त अधिकार हुन् । मानव अधिकार सम्बन्धी महासन्धिले सिर्जना गर्ने सरकारका दायित्वहरू वा सार्वजनिक प्रकृतिको काम गर्ने नीजि कम्पनी वा संगठनका विरुद्धमा समेत आकर्षित हुन्छन् तर मानवीय कानुन अन्तर्राष्ट्रिय वा आन्तरिक सशस्त्र द्वन्दमा सरकार पक्ष वा विद्रोही वा दुवै गैह्र राज्य पक्ष बीच द्वन्द्व भएको अवस्थामा सबैलाई समान रुपमा लागु हुन्छ । कानुनको लागु हुने पक्ष र क्षेत्रका दृष्टिकोणबाट हेर्दा मानवीय कानुन भन्दा मानव अधिकार कानुन व्यापक छ ।

(ङ) मानव अधिकार कानुनको उल्लंघन भएको अवस्थामा सरकार वा सोका सार्वजनिक निकायहरूलाई संस्थागत रुपमा जिम्मेवार बनाईन्छ तर मानवीय कानुनका लागि जुन व्यक्ति वा समुहबाट युद्धको समयमा भएको क्रुर, अमानवीय वा यातनापूर्ण काम वा मानव अधिकार वा मानवीय कानुन विपरीतको काम भएमा वा कसैको आदेशमा काम गरेको नै किन नहोस्, आदेश दिने र आदेश पालना गर्ने दुवै व्यक्तिहरू व्यक्तिगत रूपमा सो दुष्कार्यका लागि जिम्मेवार मानिन्छन् । उनीहरूले कुनै पनि विशेषाधिकार

---

१८. Id .

१९. "IV GENEVA CONVENTION RELATIVE TO THE PROTECTION OF CIVILIAN PE", Extracted from <https://www .un .org/en/genocideprevention/documents/atrocity-crimes/Doc .33_GC-IV-EN .pdf> Accessed on 16 April, 2020 .

२०. पूर्वपाद १४ पृष्ठ ४००

वा उन्मुक्तिको छुटको दावी लिन सक्दैनन् ।

(च) मानवीय कानुनको महत्वपूर्ण पक्ष कुनै पनि देशमा सशस्त्र द्वन्द्व भएको अवस्थामा सबै भन्दा पहिलो प्रश्न युद्धमा संलग्न र असंलग्न पक्षहरूबीचको भिन्नता छुट्टयाइनु पर्दछ भन्ने हो । खासगरी योद्धा र गैह्र योद्धाबीचको विभेद छुट्टयाइनु पर्दछ । त्यसैगरी योद्धा नै मानिएको अवस्थामा पनि युद्धको क्रममा घाइते, बिरामी, युद्ध वन्दी वा युद्धमा आत्मसमर्पण गरेको व्यक्ति र बन्दी बनाइएको गैर सैनिक व्यक्तिप्रतिको व्यवहार कस्तो हुने भन्ने सम्बन्धमा जेनेभा महासन्धिका व्यवस्थाहरू अनुरुपको सुहाँउदो व्यवहार गर्नुपर्ने सम्बन्धमा जेनेभा महासन्धिले युदरत पक्षको दायित्व परिभाषित गरेको छ ।

(छ) मानव अधिकार कानुन राज्य वा सरकारका व्यवहार विरुद्धको प्रत्याभूति हो र भने मानवीय कानुन युद्धको समय वा द्वन्दरत पक्षहरूले पालना गर्नु पर्ने आचरणसँग मात्र सम्बन्धित छ ।

समग्रमा कार्यक्षेत्र, उद्देश्य, प्रयोजन, प्रकृति एवं प्रयोगका दृष्टिले मानव अधिकार र मानवीय कानुन बीच भिन्नता भएतापनि यी दुवै कानुन कुनै कुनै परिस्थितीमा एकसाथ प्रभावकारी रहन्छन् । किनभने दुवै कानुनको मूलभूत उद्देश्य मानवीय शान्ति, स्वतन्त्रता र मानवीय जीवनको संरक्षण र विकास गर्ने तथा मानवीय हित भलाइका लागि स्थापित सेवा, सुविधाको बिना औचित्य अवरोध, नियन्त्रण र क्षति गर्ने कुरालाई इन्कार गर्दछ ।

४. अन्तर्राष्ट्रिय मानव अधिकार र मानव अधिकार कानुनको कार्यान्वयन संयन्त्र

अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको कार्यान्वयनका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय प्रणाली र महासन्धिले गरेको व्यवस्था गरी दुई प्रकारका संयन्त्रहरू रहेका छन् । पहिलो, संयुक्त राष्ट्रसङ्घको वडापत्र अन्तर्गतको (UN Charter-based mechanism) मानव अधिकार कार्यान्वयनको स्थिति अनुगमन गर्ने निकायको रुपमा मानव अधिकार परिषद् (UN Human Rights Council) को व्यवस्था रहेको छ ।[३१] दोश्रो, राष्ट्रसङ्घका सदस्य राष्ट्रले मानव अधिकारको संरक्षण र प्रवर्धन गर्नका लागि के कस्ता प्रयासहरू गरेका छन् भन्ने सम्बन्धमा महासन्धिहरूले गरेका व्यवस्थाहरूका सम्बन्धमा आवधिक प्रतिवेदन प्रस्तुत गर्ने र त्यसबाट उनीहरूले आफ्नो दायित्वको परिपूर्तिका सम्बन्धमा गरेका प्रयासहरूका बारेमा परिषद्मा आफ्ना गतिविधिहरू राख्दछन् । यसलाई एक विशेष प्रकारको विश्वव्यायी आवधिक पुनरावलोकन प्रणाली (Universal Periodic Review) का रुपमा लिइन्छ ।[३२] जुन मानव अधिकारको संरक्षण र संवर्द्दन गर्नमा निकै महत्वपूर्ण संयन्त्र मानिन्छ । तेश्रो, मानव अधिकारको संरक्षणका लागि वडापत्र अन्तर्गतको विशेष प्रतिवेदन प्रणाली (Special Rapporteur) वा कार्यदल प्रणालीलाई पनि उल्लेखनीय मानिन्छ । सो बमोजिम मानव अधिकार परिषदले मानव अधिकारको उल्लंघन भएको सम्बन्धमा कुनै सूचना प्राप्त गरेको अवस्थामा वा कुनै देशमा मानव अधिकारको उल्लंघनको स्थिति एकीन गर्नु परेको वा कुनै खास विषयमा मानव अधिकारको अवस्था बुझ्नु पर्ने परिस्थिति आइपरेमा विशेष प्रतिवेदकहरूको (Special Rapporteur) नियुक्ति गरी स्थलगत अनुगमनमा पठाइ निजबाट प्रतिवेदन प्राप्त गर्ने र सोका आधारमा मानव अधिकारको संरक्षणमा लागि आवश्यक कदम चाल्ने कार्यविधिगत प्रणाली यस अन्तर्गत पर्दछ ।[३३] यसका साथै संयुक्त राष्ट्र संघिय मानव अधिकार उच्चायुक्तको भूमिका पनि महत्वपूर्ण रहेको छ ।

माथि विवेचित मानव अधिकारको राष्ट्रसङ्घ अन्तर्गतको अनुगमन प्रणाली बाहेक विशेष प्रकृतिको मानव अधिकार सुपरिवेक्षण गर्ने विशेषज्ञहरू सम्मिलित समितिहरू (Treaty Bodies) अर्को संयन्त्र रहेको छ । यी सुपरिवेक्षक मानिने समितिहरूले खास गरी महासन्धिका पक्ष राष्ट्रहरू विरुद्ध परेका उजुरीहरू उपर सम्बन्धित राष्ट्रहरूबाट प्रतिवेदन लिई मानव अधिकारको संरक्षणका लागि आवश्यक कार्य गर्न वा नगर्नका लागि सिफारिश गर्नुका साथै सम्बन्धित महासन्धिका व्यवस्थाहरू सम्बन्धमा सामान्य टिप्पणी (General Comments) मार्फत महासन्धिका धाराहरूका सम्बन्धमा विधिशास्त्रीय व्याख्या गर्दछन् । तसर्थ महासन्धि अन्तर्गतका विशेषज्ञ समिति एक अर्धन्यायिक प्रकृतिको अन्तर्राष्ट्रिय निकायका रुपमा मानिन्छ र सामान्य टिप्पणी रूपमा समितिले गरेका व्याख्याबाट मानव अधिकार विधिशास्त्रको विकासमा ठूलो योगदान पुगेको देखिन्छ ।[३४]

जहाँसम्म मानवीय कानुनको कार्यान्वयन संयन्त्रको सन्दर्भ रहेको छ, मानवीय कानुन एक आफ्नै प्रकृतिको कानुनको रुपमा रहेको छ । मानवीय कानुनले मानवीय कानुन सम्बन्धी जेनेभा महासन्धिले व्यवस्था गरेका र परम्परागत कानुनले व्यवस्था गरेका नियमहरू प्रति आफूले पनि सम्मान गर्ने र सदस्य राष्ट्र वा युद्धरत पक्ष वा समुहहरूबाट सम्मान प्राप्त गर्ने (Respect and to ensure respect) को मान्यतालाई आफ्नो सिद्धान्तको रुपमा विकास गरेको छ । मानवीय कानुन सम्बन्धमा लागु रहेका ४ वटा जेनेभा महासन्धिहरूले महासन्धि र त्यसका अतिरिक्त उपलेखहरूको कार्यान्वयनको जिम्मा संरक्षक शक्ति (Protecting Powers) मा निर्भर रहने मान्यता राखेको छ । सोबमोजिम चारवटै जेनेभा महासन्धिहरूले महासन्धिका प्रावधानहरू लागु गर्न संरक्षक शक्तिको सहयोग र

३१. The OHCHR, "Human Rights Bodies", Extracted from <https://www .ohchr .org/EN/HRBodies/Pages/HumanRightsBodies .aspx> Accessed on 16 April 2020 .

३२. Id .

३३. Id .

३४. Id .

निगरानी रहने व्यवस्था छ । [२५]

त्यस्ता संरक्षण शक्ति युद्धरत राष्ट्रले आफ्नो सहमति प्रदान गरी आफ्ना तथा अन्य द्वन्द्वरत पक्षका पीडितहरूको हक हितको संरक्षण गर्ने तटस्थ राष्ट्र हुने र यसले युद्धको समयमा घाइतेको उद्धार र पीडितहरूलाई राहत तथा सहयोग उपलब्ध गराउने र जेनेभा महासन्धिका प्रावधानहरू पक्ष राष्ट्रहरूले लागु गरे नगरेको सम्बन्धमा निगरानी राख्ने जिम्मेवारी लिएको हुन्छ ।[२६] जेनेभा महासन्धिको प्रथम उपलेख जुन अन्तर्राष्ट्रिय सशस्त्र द्वन्दका सम्बन्धमा लागु हुन्छ, त्यसले अन्तर्राष्ट्रिय तथ्य खोजी आयोग (International Fact Finding Commission) को सम्बन्धमा समेत व्यवस्था गरेको छ ।[२७] उक्त आयोगले जेनेभा महासन्धि र सोका उपलेखहरूले व्यवस्था गरेका नियमहरूको गम्भीर उल्लङ्घन भएको अवस्थाहरूको सत्य तथ्य एकीन गर्नु र सो अवस्थामा संलग्न युद्धरत राष्ट्र, पक्ष वा समूहहरूलाई ती नियमहरूको परिपालना गराउनका लागि सद्सेवा वा सहजीकरणको सुविधा प्रदान गर्ने जिमेवारी रहेको छ । आयोगले जेनेभा महासन्धिका नियमहरूको उल्लङ्घन भएको एकिन अवस्थाको खोजबिन गरी सकेपछि सम्बन्धी युद्धरत पक्षराष्ट्रलाई सोको प्रतिवेदन पेश गर्ने पर्ने र सो राष्ट्रको सहमतिमा मात्र त्यस्तो प्रतिवेदनको प्रकाशन गर्ने व्यवस्था रहेको छ ।[२८]

त्यसभन्दा पनि महत्वपूर्ण त रेडक्रसको अन्तर्राष्ट्रिय समिति (International Committee of Red Cross) मानवीय कानुनको कार्यान्वयनमा महत्वपूर्ण मानिन्छ । उक्त समितिको मूलभूत कार्य विभिन्न मुलुकमा भएका सशस्त्र द्वन्दका अवस्थामा द्वन्दबाट पीडित वा प्रभावित भएका व्यक्तिहरूलाई राहत वा सहयोग उपलब्ध गराउनका साथै सरकार र सशस्त्र द्वन्दरत पक्षहरूलाई द्वन्द्वको समयमा जेनेभा महासन्धिका प्रावधानहरूको पालना गर्न गराउने सन्दर्भमा जिम्मेवार बनाउनु रहेको छ ।[२९]

यसबाहेक मानवीय कानुन उल्लंघनले मानव अधिकारको स्थितिमा समेत प्रतिकुल प्रभाव पार्ने हुनाले मानवीय कानुनको कार्यान्वयनको प्रणालीलाई प्रभावकारी बनाउने सम्बन्धमा माथि विवेचित प्रणालीका साथै मानवीय कानुनको गम्भीर उल्लंघनबाट युद्ध अपराधको स्थिति उत्पन्न भएको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी न्यायालयको विधान १९९८ लाई अनुमोदन गरेका राष्ट्रले मानव अधिकार र मानवीय कानुनको उल्लङ्घन गर्ने पक्ष विरुद्ध न्यायिक उपचारको पद्धति अबलम्बन गर्न उजुरी गर्नसक्ने व्यवस्था रहेको छ ।यस अन्तर्गत खासगरी कुनै मुलुकले मानव अधिकारको दोषी उपर कारबाही नचलाए वा चलाउने अनिच्छा व्यक्त गरेमा रोम विधानको कुनै पनि पक्ष राष्ट्र वा अन्तर्राष्ट्रिय फौजदारी अपराधको रोम विधान अन्तर्गतका निकायहरूले कारबाही गर्नसक्ने संयन्त्र समेत रहेको छ ।[३०] सो सन्दर्भमा संयुक्त राष्ट्रसङ्घको वडापत्र अन्तर्गतको प्रणाली पनि महत्वपूर्ण मानिन्छ ।

यसका साथै मानव अधिकार सम्बन्धी कानुन भन्ने बित्तिकै अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धि मात्रै नभई अन्य क्षेत्रीय महासन्धि वा दस्तावेजहरू समेत रहेका छन् । मानव अधिकारको युरोपेली महासन्धि (European Convention on Human Rights) अन्तर्गत मानव अधिकारको युरोपेली अदालत (European Court on Human Rights) र आयोग (European Commission on Human Rights) छ भने मानव अधिकारको अन्तर-अमेरिकी दस्तावेज अन्तर्गत अन्तर-अमेरिकी अदालत (Inter-American Court) र आयोग रहेका छन् । यसैगरी मानव अधिकारको अफ्रिकी महासन्धि अन्तर्गत अदालत र आयोग जस्ता संयन्त्रहरू छन् । मानव अधिकार सम्बन्धी क्षेत्रीय प्रबन्ध अन्तर्गत गरिएका व्यवस्थामा आयोगको मूलभूत कार्य मानव अधिकारका सम्बन्धमा गुनासाहरू लिई नीतिगत रूपमा सम्बोधन गर्ने रहेको छ भने अदालतले खासगरी स्थानीय उपचारको समाप्ति (Exhaustion of Local Remedies) पश्चात उपचार प्राप्त नगरेको अवस्थामा पुनरावेदनको रोहमा न्यायिक उपचार र क्षतिपूर्ति प्रदान गर्नु रहेको छ । यी क्षेत्रीय संयन्त्रहरू पनि मानव अधिकारको संरक्षण र सम्बर्धनमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

विश्वका अन्य महादेशमा मानव अधिकारको संरक्षणसम्बन्धी क्षेत्रीय व्यवस्था भएतापनि एशियाली मुलुकहरूमा मानव अधिकारको स्थितिमा समानता हुन नसकेको र मानव अधिकारको मापदण्डमा विविधता देखिएका कारण मानव अधिकार सम्बन्धी क्षेत्रीय एसियाली दस्तावेज पारित हुन सकेका छैन् । तथापि एक गैर सरकारी संस्थाको रूपमा एसियन मानव अधिकार आयोगको भने गठन भई यस क्षेत्रमा कार्यरत रहेको अवस्था छ र सो आयोगले औपचारिक र अनौपचारिक रूपमा मानव अधिकारको उल्लङ्घनका घटनाहरू उपर उजुरी लिई सम्बन्धित राष्ट्रका अधिकारीहरूको तहमा राख्ने र सोको सम्बोधनका सम्बन्धमा सरकारले गरेको प्रयासका बारेमा अनुगमन गर्ने गरेका देखिन्छ ।

२५. Toni Pfanner, Various mechanisms and approaches for implementing international humanitarian law and protecting and assisting war victims, Vol . 91, Number 874, June 2009 (ICRC) .

२६. Articles 8 and 10, GC I–III; Articles 9 and 11, GC IV .

२७. Art . 0 of Protocol I to the Geneva Convention of 1949 .

२८. Para .5 of the Art . 90 of Art . 90 of Protocol I to the Geneva Convention of 1949 .

२९. Article 5(2) (c) – (d), Statutes of the International Red Cross and Red Crescent Movement . These Statutes are approved by the International Conference of the Red Cross and Red Crescent that brings together the States party to the Geneva Conventions, the International Committee of the Red Cross, the International Federation of Red Cross and Red Crescent Societies, and the National Red Cross and Red Crescent Societies.

३०. See: Art . 8 (Pertaining to war crime) of the Rome Statute of the International Criminal Court -2002 .

५. नेपालमा मानव अधिकार र मानवीय कानुनको कार्यान्वयन सम्बन्धी अभ्यास

अन्तर्राष्ट्रिय द्विपक्षीय र बहुपक्षीय सन्धि सम्झौताको पक्ष राष्ट्र भए पछि नेपालले के कसरी अन्तर्राष्ट्रिय कानुनलाई लागु गर्ने सम्बन्धमा कानुनी मार्ग पहिल्याउने क्रममा नेपाल सन्धि ऐन, २०४७ तर्जुमा भई सोको दफा ९ ले अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूलाई नेपाल कानुन सरह लागु रहने र सन्धिसँग नेपाल कानुन बाझिएमा सन्धिको व्यवस्था मान्य हुने (Preponderance of Treaty over the Domestic Law) व्यवस्था अंगालेको छ । यस बाहेक नेपाल पक्ष भएका तर संसदबाट अनुमोदन हुनु नपर्ने प्रकृतिका सन्धिहरू लागु गर्ने क्रममा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व सिर्जना हुने प्रकृतिको सन्धि भएमा सो लागु गर्नका लागि सोसम्बन्धी कानुन (Enabling or Transforming Legislation) बनाउनु पर्ने प्रावधान समेत समेटिएको छ ।

मानव अधिकारसम्बन्धी महासन्धि लागु गर्ने सन्दर्भमा नेपालले धेरै जस्तो घरेलु कानुनहरू समेत तर्जुमा गरी लागु गरिसकेको छ । उदाहरणका लागि बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ का व्यवस्था लागु गर्नका लागि बाल अधिकार ऐन, २०७५ र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने विषयक महासन्धि (सीड)१९७९ का प्रावधानहरू लागु गर्नका लागि नेपालको संविधान, २०७२ र मुलुकी देवानी तथा फौजदारी संहिता, २०७५, मानव बेचबिखन र ओसार पसार ऐन, २०६४ तथा घरेलु हिंसा अपराध सजाय ऐन, २०६६ लगायतका ऐनहरू तर्जुमा भई लागु रहेका छन् । तर मानवीय कानुन सम्बन्धी चार वटा जेनेभा महासन्धिको नेपाल पक्ष राष्ट्र बनिसकेपछि पनि ती महासन्धिका व्यवस्थाहरूलाई लागु गर्नका लागि नेपालले हालसम्म घरेलु कानुन बनाउन नसकेको अवस्था छ ।

अन्तर्राष्ट्रिय महासन्धि, अनुबन्ध र अन्तर्राष्ट्रिय कानुनलाई लागु गर्ने सन्दर्भमा नेपालको अभ्यासलाई हेर्ने हो भने सन्धि ऐन, २०४७ को दफा ९ ले आफ्नै प्रकारको मान्यता राखेको छ । सो मान्यता अन्य मुलुकका अभ्यासहरू भन्दा नितान्त फरक छ । ऐनको दफा ९ अनुसार (१) व्यवस्थापिका(संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल राष्ट्र वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हुनेछ ।उपदफा (२) बमोजिम व्यवस्थापिका(संसदबाट अनुमोदन, स्वीकृति वा समर्थन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल वा नेपाल सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानुनी व्यवस्था गर्नु पर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि नेपाल सरकारले यथासम्भव चाँडो कानुन बनाउने कारबाही चलाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । यसरी दफा ९(१) को व्यवस्था केही हदसम्म एकत्ववाद पद्धतिसँग (Monism) मेल खान्छ भने दफा ९(२) को व्यवस्था पूर्णरुपमा द्वेतवादी दृष्टिकोणसँग (Dualism) नजिक छ ।

यसरी सन्धि ऐन, २०४७ को सन्धि कार्यान्वयन सम्बन्धी व्यवस्था न त पूर्ण रुपमा एकत्ववादी मुलुकको अनुभवसँगै नै मेलखान्छ न त पूर्णरूपमा द्वेतवादी मुलुकहरूको अभ्यास सँग नै । दफा ९(१) को व्यवस्थाले अन्तर्राष्ट्रिय सन्धिलाई राष्ट्रिय कानुन कै एक भागको रुपमा मानी नेपालको कानुन र सन्धि बाँझिएमा सन्धिकै व्यवस्था लागु हुने भन्ने व्यवस्था छ तर ती सन्धिको स्वतः कार्यान्वयन हुने हो वा व्यवस्थापिका संसदले कानुन बनाउनु पर्ने हो भन्ने कुरामा प्रष्टता भने छैन् । तथापि दफा ९(१) ले सन्धिलाई राष्ट्रिय कानुन भन्दा माथिल्लो श्रेणीमा राखेकोमा विवाद छैन भने उपदफा २ ले नेपाल पक्ष भएको सन्धि तर अनुमोदन, सम्मिलन, स्वीकृती वा समर्थन नभएको सन्धि बमोजिम नेपाल सरकारलाई थप आर्थिक दायित्व वहन गर्नु पर्ने भएमा अनिवार्य रुपमा सोको कार्यान्वयनका लागि कानुन निर्माण हुनु पर्ने भन्ने प्रावधानले संसदबाट अनुमोदन नभएका र आर्थिक दायित्व सिर्जना गर्ने सन्धिका हकमा अनिवार्य रुपमा Enabling Law बनाउनु पर्ने सन्धि ऐनको व्यवस्था रहेको छ ।

यसरी नेपालको सन्धि ऐन, २०४७ को प्रावधान अन्य मुलुक भन्दा भिन्न भएको र तुलनात्मक अध्ययन गरी हेर्दा विश्वका केही मुलुकहरू जस्तैः फ्रान्सको अभ्याससँग मिल्दो देखिन्छ ।यस्तो प्रकारको पद्धतिलाई विद्वानहरूले क्षेत्रगत एकत्ववादी (Sector Monism) पद्धति भनी नामाकरण गरेका छन् । तथापि नेपालका धेरै जसो विद्वानहरू सामान्य रुपमा सन्धि ऐन, २०४७ ले द्वेतवादी पद्धति अपनाएको तर्क गर्दछन् ।

नेपालको सर्वोच्च अदालतले विभिन्न मुद्दाहरू जस्तैः *सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत,*[३१] *सुनिल बाबु पन्त वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत,*[३२] *लक्ष्मीदेवी धित्त वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*[३३] को मुद्दामा अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिसँग नेपालको घरेलु कानुनहरू प्रावधानहरू बाझिएको ठहर गरी बदर समेत घोषित गरेको छ भने धेरै जसो अवस्थामा बाझिएका व्यवस्थाहरूलाई अध्ययन अनुसन्धान गरी राष्ट्रिय कानुनहरूमा सामञ्जस्य वा तालमेल हुने गरी व्यवस्था गर्न नेपाल सरकार र सोका निकायहरूका नाममा निर्देशनात्मक आदेश समेत जारी गरेको छ । यसै क्रममा *रीना बज्राचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत,*[३४] भएको मुद्दामा सर्वोच्च अदालतबाट "नेपाल वायु सेवा निगमको नियमावलीको नियम १३.१ महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ को व्यवस्थासँग समेत बाझिएको ठहर गरी अमान्य वा बदर घोषित गरेको छ ।" त्यसै

३१. २०५८ सालको रिट नं ५६ आदेश मिति : २०५९ ।०१ ।१९

३२. संवत २०६४ सालको रिट नम्वर ९१७ आदेश मिति : २०६४ ।९ ।६ निर्णय नं. ७९५८

३३. सम्वत् २०६३ सालको रिट नं.WO-०७५७ आदेश मिति : २०६६ ।२ ।६ निर्णय नं ८४६४

३४. सम्वत २०५४ सालको रिट नं. ८१२ आदेश मिति : २०५७ ।२ ।२६ निर्णय नं. ६८९८

गरी *मीरा ढुङ्गाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत,*[३५] भएको मुद्दामा "मुलुकी एनको अंशवण्डाको १ र १६ को व्यवस्था छोरीलाई छोरा सरह पैत्रिक सम्पत्तिमा जन्मसिद्ध अधिकार हुने नहुने सम्बन्धमा र छोरीलाई छोरा सरह अंश दिंदा दोहोरो अंश पर्न जाने नजाने सम्बन्धमा अध्ययन गरी उपयुक्त कानुन बनाउन नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको अवस्था छ ।" साथै *चन्द्रकान्त ज्ञवाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*[३६] भएको मुद्दामा "कैदीहरूलाई शिक्षा वा औकातका आधारमा वर्गीकरण गर्ने गरी शिक्षा वा रहनसहनले ठूलो औकातमा बस्ने बानी परेकालाई 'क' र बाँकी अरुलाई 'ख' श्रेणीमा राखिने भन्ने कारागार नियमावली, २०२० को नियम २१ को उपनियम (१) को व्यवस्था संविधान प्रतिकूल रहेको देखिन्छ भनी अमान्य र बदर घोषित गरेको छ ।"सर्वोच्च अदालतबाट समेत कुनै मुद्दामा अन्तर्राष्ट्रिय महासन्धिका प्रावधानहरूको व्याख्या भई सोसँग घरेलु कानुन बाझिएको भनी बदर घोषित गरिएको छ भने केही मुद्दामा बाझिएको अवस्था पहिचान गरी वा पहिल्याई सामञ्जस्य हुने गरी उपयुक्त कानुन बनाउनु भनी निर्देशनात्मक आदेश जारी भएको छ । त्यस्तै *राजेन्द्र ढकाल वि नेपाल सरकार समेत*[३७] मुद्दामा सर्वोच्च अदालतले नेपालले अनुमोदन नगरेको वेपत्ता पार्ने कार्य विरुद्धको संयुक्त राष्ट्र संघिय महासन्धि २००६ का प्रावधानहरू व्याख्या गरी एक उच्चस्तरीय आयोग गठन गर्ने, बेपत्ता पार्ने कार्यलाई अपराधका रुपमा परिभाषित गर्ने, नयाँ कानुन बनाउने, बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिहरूलाई कारबाही गरी दण्डहिनता अन्त्य गर्ने तथा पीडितहरूलाई उपचार राहत एवं क्षतिपूर्ति दिन निर्देशनात्मक आदेश जारी भएको छ । यसरी सर्वोच्च अदालतबाट मानव अधिकार कानुन लागु गर्ने सन्दर्भमा व्याख्या बिबेचनामा एक रुपता छैन् ।

अन्तर्राष्ट्रिय कानुन एक त्यस्तो विधिहरू हो, जुन राष्ट्रिय सीमा भित्र मात्र लागु नभई विश्वका विभिन्न मुलुकहरूबीचका आपसी व्यवहारहरूलाई नियमित गर्ने सन्दर्भमा राष्ट्रहरूले सहमति र परम्परागत रूपमा विकसित गरेका अभ्यासमा आधारित हुन्छ । साथै अन्तर्राष्ट्रिय कानुन राष्ट्रहरूबीच मात्रै लागु नभई अन्तर्राष्ट्रिय सङ्गठन र संयुक्त राष्ट्र सङ्घको निगरानीमा रहेका स्वायत्व क्षेत्रहरू तथा राष्ट्रिय स्वाधिनताका लागि सङ्घर्षरत मुक्ति संगठनहरूलाई समान रूपमा लागु हुन्छ । विश्वमा मानवीय शान्ती र सुरक्षामा अपराधिक क्रियाकलापबाट चुनौती उत्पन्न हुन गएमा संगठित अपराधिक समुह र सोका व्यक्तिहरूलाई समेत जिम्मेवार बनाई अन्तर्राष्ट्रिय कानुन बमोजिम कारबाही गराउन सकिने हुनाले व्यक्ति समेतलाई अन्तर्राष्ट्रिय कानुनको विषयका रूपमा स्वीकार गरिएको अवस्था छ ।

६. उपसंहार

अन्तमा, नेपालमा अन्तर्राष्ट्रिय मानव कानुनको कार्यान्वयनको पछिल्लो अवस्था निकै सकारात्मक देखिन्छ । नेपालको वर्तमान संविधान, २०७२ को भाग ३ अन्तर्गत विभिन्न आर्थिक तथा सामाजिक अधिकार भनेर मानिने द्रोस्रो पुस्ताका अधिकारलाई समेत मौलिक हकमा रुपमा समेटिएको छ । संविधानमा मौलिक अधिकार भनी समेटिकएका मानव अधिकारहरूलाई लागु गर्ने सन्दर्भमा उपचारको माध्यमको समेत व्यवस्था गरिएको छ । यद्यपि सो अधिकारहरूलाई कसरी कार्यान्वयन गर्ने गराउने सन्दर्भमा मुलुकको आर्थिक, संस्थागत क्षमता र स्रोत तथा साधनको अवस्था भने विचारणीय नै छ । नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धिको व्यवस्थालाई सर्वोच्च अदालतले कार्यान्वयन गराउने सन्दर्भमा स्पष्ट दिशा निर्देश र व्याख्यामा एकरुपताको अभाव भए पनि अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौता तथा अनुबन्धहरू लागु आन्तरिकीकरण गर्ने वा लागु गराउने सन्दर्भमा महत्वपूर्ण भूमिका खेलेको छ । अन्तर्राष्ट्रिय सन्धिको नेपालमा कार्यान्वयनको अभ्यास द्वेतवादी पद्धित अपनाउने मुलुकको अभ्यास भन्दा फरक रही आफ्नै किसिमको अभ्यासबाट अगाडी बढेको छ भन्नेमा माथिको विवेचनाबाट स्पष्ट हुन आएको छ । जुन न त पूर्ण रुपमा द्वेतवादी नै हो न त पूर्ण रूपमा एकत्वादी पद्धतिसँग मेल खान्छ । जहाँसम्म मानवीय कानुनको कार्यान्वयको सन्दर्भ छ नेपाल जेनेभा महासन्धिको पक्ष राष्ट भैसकेको अवस्थामा सोको कार्यान्वयनका लागि नेपालले कानुन नै बनाउनु पर्दछ भन्ने बाध्यात्मक कानुनी व्यवस्था सन्धि ऐन, २०४७ ले गरेको त छैन । तथापि कतिपय अन्य अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनका लागि कानुन बनी लागु भएकाले जेनेभा महासन्धिलाई लागु गर्नका लागि छुट्टै कानुन बनाउनु बढी व्यवहारिक र प्रभावकारी हुन्छ । यति हुँदा हुँदै पनि छुट्टै कानुन नभएको अवस्था मै पनि जेनेभा महासन्धिका प्रावधान लागु गर्नु पर्ने नेपाल सरकारको दायित्व हो र सोका प्रावधानलाई नेपालले पूर्ण रूपमा पालना गर्नु पर्दछ भन्ने कुरामा कुनै द्विविधा छैन् ।

३५. ने का प २०६३ भाग : ४८ अंक : ८ पृष्ठ ९२७

३६. २०५७ भाग : ४२ अंक : ६ पृष्ठ ८९७

३७. नेकाप २०६४ अंक २

विश्लेषण

श्यामबाबु काफ्ले*

मानव अधिकार र कोभिड-१९

१. विषय प्रवेश

विश्व अहिले कोभिड-१९ रोग अर्थात नोवेल कोरोना नामक भाइरसबाट संत्रस्त छ। यसले विश्वका करिब सबै देश र प्रशाशित क्षेत्रहरूलाई सङ्क्रमित बनाइसकेको छ। यो लेख तयार भइरहँदा समय[१] संसारका किरीबाती, मार्सल आइल्याण्ड, सोलोमोन आइल्याण्ड, माइक्रोनेसिया, नाराउ, पालाउ, उत्तर कोरिया, सामोआ, टोंगो, तुर्कमेनिस्थान, ताभालु र भानुआता सहित १२ देशमा मात्र कोरोना नफैलिएको उल्लेख भएको पाइए पनि हाल सङ्क्रमित देश र प्रशाशित क्षेत्रको सङ्ख्या २ सय १५ पुगेको छ।[२] यस भाइरसले कति व्यक्तिको जीवनको अधिकार समाप्त गर्ने हो, र विश्वको अर्थतन्त्रलाई कहाँ धसाएर छोड्ने हो अझै अनुमान गर्न सक्ने अवस्था छैन । हालसम्म यस भाइरसलाई निर्मुल गर्ने कुनै औषधि पत्ता लाग्न सकेको छैन । यस परिस्थितिले व्यक्तिका सबै किसिमका मानव अधिकारका विषयहरू तुलनात्मक रूपमा ओझेलमा पर्ने अवस्थाको सिर्जना भएको छ। तर व्यक्तिका केही अधिकारहरू यस्ता छन्, ती अधिकारहरू जस्तोसुकै सङ्कटको अवस्थामा पनि प्रचलनमा रहेका हुन्छन् । यस लेखमा यिनै विषयहरूलाई संक्षिप्तमा उल्लेख गर्ने प्रयास गरिएको छ।

२. मानव अधिकार

मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको विषय हो। यो व्यक्ति वा समुदायले मानिस भएकै कारणबाट मात्र प्राप्त गर्ने अधिकार हो । मानव अधिकार मानिसको अन्तर्निहित विशेषाधिकार हो । यो मानिस-मानिस बीचको अविभेद र समानताको विषय पनि हो । मानव अधिकार राज्य विरूद्धको वयक्ति/समुदायको अधिकार पनि हो । वैधानिक रूपमा मानव अधिकार सम्बन्धी राष्ट्रिय कानुन, अन्तर्राष्ट्रिय कानुन, घोषणापत्र, सन्धिद्वारा निर्धारित अधिकारहरू मानव अधिकारका विषयहरू हुन् ।

मानव अधिकारलाई संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले राष्ट्रियता, बासस्थान, लिङ्ग, राष्ट्रिय वा जातीय उत्पत्ति, वर्ण, धर्म, भाषा, वा अन्य हैसियत जेसुकै भएपनि सबै मानव जातिमा अर्न्तनिहित अधिकार मानव अधिकार हुन र यस्ता अर्न्तसम्बन्धित, अर्न्तनिर्भर, अविभाज्य अधिकारहरू सबै मानिसका लागि विना विभेद समानरूपमा लागु हुन्छन् भनी परिभाषित गरेको छ।[३] नेपालमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले "व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा निहित अधिकारहरूलाई"[४] मानव अधिकार भनी परिभाषित गरिएको छ।

उल्लिखित परिभाषाहरूको विश्लेषणबाट नेपालको संविधान र कानुनहरूले प्रत्याभूत गरेका, मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित विषयहरू नै मानव अधिकारका विषयहरू हुन् । जसले नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लेख गरिएका अधिकारहरूलाई पनि मानव अधिकारको रूपमा चित्रित गरेको छ । नेपालको प्रचलित संविधान र कानुनहरू तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको आधारमा मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सम्मानको लागि उसलाई आधारभूत रूपमा आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक क्षेत्रमा विना विभेद स्वतन्त्रताको उपभोग र उपयोग गर्ने सहज अवस्था हुनु जरूरी देखिन्छ । यस सन्दर्भले मानिसले मानिस भएकै कारणले पाउनु पर्ने आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरूलाई नै समग्रमा मानव अधिकार भनी निष्कर्षमा पुग्न सकिन्छ । यसबाट मानिसका आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरूको समग्र रूप नै मानिसका मानव अधिकारका विषयहरू हुन् ।

३. विश्वव्यापी कोभिड- १९

कोभिड - १९ संसारमा देखिएको एक नयाँ प्रजातिको भाइरसबाट हुने सङ्क्रामक रोग हो। जुन भाइरसको बाहिरी रूप श्रीपेच जस्तै देखिने भएकोले यसलाई अङ्ग्रेजीबाट नोभल कोरोना भाइरस नाम दिइएको हो। सुरूका अवधिमा कोरोना नै रोग हो कि ? भनेर बुझिएपनि कोरोना केवल भाइरसमात्र हो । यसबाट देखिएको रोगको नाम कोभिड- १९ हो । जसको घोषणा विश्व स्वास्थ्य सङ्गठनले वैधानिक रूपमा ११ फेब्रुअरी २०२० मा गरेको थियो।[५] यस भाइरसको वैज्ञानिक नाम भने Sars-CoV-2 हो । जसको सङ्क्रमणबाट हुने रोग कोभिड- १९ हो। विश्व स्वास्थ्य

---

* उपनिर्देशक/प्रमुख, कानुन महाशाखा राष्ट्रिय मानव अधिकार आयोग

१. मे ३, २०२० को अलजजिरा समाचारमा ।

२. https://www.who.int/docs/default-source/coronaviruse/situation-reports/20200619-covid-19-sitrep-151.pd

३. www.ohchr.org/EN/Issues/Pages/WhatareHumanRights.aspx

४. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २(च)

५. www.who.int/emergencies/diseases/novel-coronavirus-2019/technical-guidance

सङ्गठनले यस रोगलाई सन् २०१९ को अक्टोवर महिना भन्दा अगाडि अज्ञात रहेको र भरखरै पत्ता लागेको एक सङ्क्रामक रोग भनी परिचय गराएको छ ।[६] यसलाई हालसम्म सार्वजनिक भएको अध्ययनको आधारमा मानिसबाट मानिसमा सर्ने सङ्क्रामक रोग पनि भन्न सकिन्छ । यस भाइरसले विशेषतः मानिसहरूलाई सङ्क्रमण गरी सामान्य रूघाखोकीदेखि गम्भीर प्रकृतिको तीब्र स्वास प्रश्वाससम्म गराउन सक्ने सम्बन्धित क्षेत्रका विज्ञहरूले बताउँदै आएका छन् । यसको उत्पति चीनको वुहान (Wuhan) शहर नजिक रहेको पशुपंक्षी व्यापार हुने एउटा बजारबाट भएको मानिएको छ । जसको पहिलो जानकारी (Reporting) सन् २०१९ को डिसेम्बर ३१ मा चीन स्थित विश्व स्वास्थ्य सङ्गठनको कार्यालयलाई चीनले गराएको थियो ।[७] त्यसको प्रभाव फैँलदै गएपछि विश्व स्वास्थ्य सङ्गठनले यस रोगलाई लिएर ३० जनवरी २०२० मा विश्व महामारी घोषणा गरेको छ ।[८]

४. कोभिड – १९ को सङ्क्रमणमा मानव अधिकारको स्थान

सिद्धान्ततः मानव अधिकार मानिस जन्मेपछि स्वतः प्राप्त हुने अधिकारहरूको विषय हो । वैधानिक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डद्वारा व्यक्ति वा समुदायले दावी गर्नसक्ने अधिकारका विषयहरू हुन् । मानिसका अधिकारहरू सामान्यतः नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक गरी पाँच किसिमका हुन्छन् । ती अधिकारहरूको आधुनिक मुल स्रोत संयुक्त राष्ट्रसङ्घबाट जारी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ हो । उक्त घोषणापत्रले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार[९], अमानवीय र अपमानजनक व्यवहार विरूद्धको अधिकार[१०], कानुनको अगाडि समान संरक्षणको अधिकार[११], आफ्नो देश छोड्ने र फर्कन पाउने अधिकार[१२], सामाजिक सुरक्षाको अधिकार[१३], आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, आवास, औषधोपचार लगायतको पर्याप्त जीवनस्तरको अधिकार[१४] समेतका व्यवस्थाहरू गरेको छ । घोषणापत्रले आफ्ना अधिकारको प्रयोग गर्दा कर्तव्य निर्वाह गर्न व्यक्तिलाई पनि त्यतिकै जिम्मेवार बनाएको छ ।[१५] यिनै व्यवस्थाहरूलाई थप प्रष्ट गर्दै नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ ले पनि यस्ता अधिकारहरूको बारेमा उल्लेख गरेका छन् । जुन व्यवस्थाहरूको कार्यान्वयन नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार हाम्रो लागि स्वैच्छिक हैन बाध्यात्मक रहेको छ ।[१६] यतिमात्र हैन नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने[१७] नीति र मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने दायित्व[१८] पूरा गर्ने जिम्मेवारी पनि नेपाल राज्यमा रहेको छ ।

नेपाल पक्ष भएका यी अन्तर्राष्ट्रिय कानुनी व्यवस्था बाहेक नेपालको संविधानको भाग ३, मौलिक हक कार्यान्वयन गर्ने सम्बन्धमा जारी भएका १६ वटा कानुनहरू र मानव अधिकार सम्बन्धी अन्य कानुनहरूले पनि माथि उल्लिखित विषयहरूलाई कुनै न कुनै रूपमा अधिकार र संविधानको धारा ४८ ले केही हदसम्म कर्तव्यको बारेमा पनि सचेत गराएको छ ।

वर्तमान विश्वव्यापी महासंकटको रूपमा रहेको विषम परिस्थितिमा उल्लिखित सबै अधिकारहरू सामान्य रूपमा प्रचलनमा हुन सक्छन् सक्दैनन् भन्ने विषय यहाँ मूल प्रश्नको रूपमा अगाडि आउने देखिन्छ । सो सन्दर्भमा प्रचलित कानुनी व्यवस्थालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । नेपालसहित देश र प्रशासित क्षेत्रहरू सहित २ सय १२ देशमा महामारीको रूपमा रहेको कोभिड-१९ हाम्रो सन्दर्भमा पनि एक महामारी नै हो । यसमा विवाद गरिरहनु पर्ने कुनै अवस्था नै छैन । यस्तो महामारीमा नेपालको संविधान अनुसार देशमा संकटकाल घोषणा गरी कतिपय मौलिक हकहरूलाई निलम्बन गर्नसक्ने व्यवस्था छ ।[१९] तर सोही संविधानमा सम्मानपूर्वक बाँच्न पाउने, यातना विरूद्धको हक, छुवाछूत तथा भेदभाव विरूद्धको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्यसम्बन्धी हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको

६. COVID-19 is the infectious disease caused by the most recently discovered coronavirus. This new virus and disease were unknown before the outbreak began in Wuhan, China, in December 2019. **available at** : www.who.int/news-room/q-a-detail/q-a-coronaviruses

७. https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019

८. https://emedicine.medscape.com/article/2500114-overview

९. मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ३

१०. ऐ.ऐ. धारा ४

११. ऐ.ऐ. धारा ७

१२. ऐ.ऐ. धारा १३(२)

१३. ऐ.ऐ. धारा २२

१४. ऐ.ऐ. धारा २५

१५. ऐ.ऐ. धारा २९

१६. व्यवस्थापिका-संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागु हुनेछ ।

१७. नेपालको संविधानको धारा ५१(ख) को खण्ड (३)

१८. ऐ.ऐ. धारा ५२

१९. नेपालको संविधानको धारा २७३ (१) र (१०)

हक, र संवैधानिक उपचार लगायतका ३१ ओटा हकहरू संकटकालमा समेत निलम्बन गर्न नसकिने संवैधानिक सुनिश्चितता गरिएको छ ।[३०] नेपाल पक्ष भएका संयुक्त राष्ट्रसङ्घीय प्रमुख महासन्धिहरू मध्ये आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ ले "कुनै अवस्थामा पनि कुनै जनतालाई आफ्नो जीवन धान्ने उपायबाट बञ्चित नगरिने"[३१] उल्लेख गरेका छन् । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ले "महासन्धिका व्यवस्थाहरू कुनै सीमा वा अपवाद बिना सङ्घीय राज्यका सबै भागमा लागू हुने[३२]" उल्लेख छ । यस्तै यातना विरूद्धको महासन्धि, १९८४ ले पनि "कुनै सार्वजनिक संकटकाल जस्ता कुनै पनि अपवादजनक परिस्थितिहरूलाई यातनाको औचित्यता पुष्टि गर्न उपयोग गर्न नसकिने[३३]" भनी उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ चैत ११ गते लकडाउन जारी गरेको अवस्था, लक डाउनबाट उत्पन्न मानव अधिकार प्रचलनमा देखिएका समस्या सम्बन्धमा सर्वोच्च अदालतले विभिन्न आदेशहरू यसै अवधिमा जारी गरेको छ ।[३४] यसरी सर्वोच्च अदालतबाट भएका आदेशहरूलाई बाध्यात्मक रूपमा सबैले पालना गर्नुपर्ने संवैधानिक व्यवस्था नेपालको संविधानले गरेको छ ।[३५] माथि उल्लिखित वैधानिक व्यवस्थाहरूले मानव अधिकारका सबै विषयहरू संकट वा महासंकटको अवधिमा सहज रूपमा प्रचलन हुन नसक्ने अवस्था भए पनि धेरै अधिकारहरू जस्तोसुकै अवस्थामा पनि प्रचलन हुनु पर्ने व्यवस्थाको सुनिश्चित गरेको देखिन्छ ।

५. कोभिड - १९ र मानव अधिकार र अवस्था

माथि उल्लेख गरिएका वैधानिक व्यवस्था र लकडाउनको अवधिमा भएका केही घटनाहरूलाई तुलना गरेर हेर्ने हो भने यस अवधिमा मानव अधिकारका केही महत्वपूर्ण प्रश्नहरू सिर्जना भएका छन् । जसलाई बुँदागत रूपमा निम्न बमोजिम उल्लेख गरिएको छ :

(क) सम्मानपूर्वक बाँच्न पाउने हक

सम्मानपूर्वक बाँच्न पाउने हकको व्याख्या गर्दै सर्वोच्च अदालतले "मानिसलाई जीवनको लागि अपरिहार्य आवश्यकताहरू, जस्तै स्वतन्त्रता, गोपनीयता, खाद्यान्न, पानी, स्वास्थ्य, बास र शिक्षा आदि कुराहरू उपलब्ध र प्राप्त जीवनयापन हो[३६]" भनेको छ । यो अधिकारको सुनिश्चितताको लागि राज्यले आफ्ना नागरिकलाई शान्ति सुरक्षा कायम गरी जनधनको सुरक्षा सहित मर्यादित र सम्मानित मानवीय जीवनका लागि अपरिहार्य न्यूनतम आवश्यकताका खाद्यान्न, पानी, बास, स्वास्थ्य, स्वतन्त्रता, गोपनीयता, शिक्षा, कपडा जस्ता वस्तुहरूमा बजारमा सबैको आर्थिक रूपले पहुँच पुग्ने र सबैले प्राप्त गर्नसक्ने अवस्था श्रृजना भएको हुनुपर्ने र यो हक उपभोग गर्न कम्तीमा पनि खाद्यान्नमा अधिकार जस्तो Basic necessity मा प्रत्येक नागरिकको पहुँच हुनुपर्छ [३७] भनी सर्वोच्च अदालतले व्याख्या गरेको छ । अदालतले वैयक्तिक स्वतन्त्रता र खाद्यान्नको अधिकारको अभावमा सम्मानपूर्वक बाँच्न पाउने हक अपूरो र निरर्थक हुन जाने'[३८] पनि उल्लेख गरेको छ ।

यस व्याख्याको आधारमा हेर्ने हो भने सरकारका थुप्रै सकारात्मक प्रयासहरूका बाबजुद पनि कोभिड-१९ को कारण भएको 'लकडाउन' अवधिमा नेपालको संविधानले सुनिश्चित गरेको सम्मानपूर्वक बाँच्न पाउने हकको पूर्णतः पालना हुन सकेको छैन । विशेषतः काम र दामको खोजीमा आफ्नो घरछोडेर देशका विभिन्न भागहरूमा पुगेका नागरिकहरू खान र बस्न कै अभावमा कैयौं दिनको पैदल यात्रा गरी आफ्नो थाँतथलोमा फर्किन बाध्य हुनु परेको छ । यस तथ्यलाई राष्ट्रिय मानव अधिकार आयोगले सार्वजनिक रूपमा आव्हान गरेको प्रेस विज्ञप्ति[३९] र सर्वोच्च अदालतबाट भएको अन्तरिम आदेश[४०]ले पुष्टि गरिरहेको छ । आयोगको विज्ञप्ति र अदालतको आदेशको अध्ययनले नेपालका शहरी क्षेत्रमा रोजगारी, व्यावसाय, दैनिक ज्यालादारी गरी खाने तथा निजी क्षेत्रका होटल, रेष्टुरेण्ट लगायतका क्षेत्रमा काम गर्ने मजदूर र विद्यार्थीहरूले 'लकडाउन' बढ्दै जाँदा उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने हक, खाद्य सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, आवास लगायतका हक र सामाजिक सुरक्षाको हक प्रचलन प्रभावित भइरहेको र महिला, बालबालिका, विपन्न, अशक्त र असहाय, अपाङ्गता भएका व्यक्तिहरूको हक संरक्षण थप चुनौतिपूर्ण भइरहेको उल्लेख भएको तथ्यले संकटकालको अवधिमा समेत निलम्बन हुन नसक्ने अधिकारको प्रचलन सहज रूपमा हुन नसकेको सहज अनुमान गर्न सकिन्छ ।

---

३०. नेपालको संविधानको धारा २७३ (१०) को प्रतिबन्धात्मक वाक्याँश
३१. दुवै अनुबन्धका धारा १(२)
३२. धारा ४(५)
३३. धारा २(२)
३४. रिट नं. ०७६-WO-०९३२, ०७६-WO-०९३३, ०७६-WO-०९३४, ०७६-WO-०९३५, ०७६-WO-०९३६, ०७६-WO-०९३७, ०७६-WO-०९३८, ०७६-WO-०९४० र ०७६-WO-०९४१
३५. धारा १२६(२)
३६. अधिवक्ता प्रकाशमणी शर्मा समेत वि. नेपाल सरकार समेत, रिट नं. सम्वत् २०६५ सालको रिट नं. ०१४९, आदेश मिति २०६७ साल जेष्ठ ५ ।
३७. ऐ.ऐ.
३८. अधिवक्ता प्रकाशमणी शर्मा समेत वि. नेपाल सरकार समेत, रिट नं. सम्वत् २०६५ सालको रिट नं. ०१४९, आदेश मिति २०६७ साल जेठ ५ ।
३९. २०७७ वैशाख ४ गते प्रकाशित
४०. रिट नं. २०७६-WO- ०९३८ मा भएको आदेश ।

(ख) भेदभाव विरूद्धको हक

भेदभाव विरूद्धको हक समानताको अधिकार हो । यस्तो अधिकार समानहरू बीचमा लागु हुन जरूरी मानिन्छ । यो अधिकार पनि नेपालको संवैधानिक व्यवस्था अनुसार संकटकालमा समेत निलम्बन हुन नसक्ने अधिकार हो । नेपालको संविधानले नागरिक बीचमा स्वास्थ्य स्थिति, आर्थिक अवस्था लगायत कुनै आधारमा पनि भेदभाव नगरिने सुनिश्चित गरेको छ ।[३१] सामान्य कानुनको प्रयोगमा पनि भेदभाव नगरिने व्यवस्था मुलुकी देवानी संहिता, २०७४ ले पनि गरेको छ ।[३२] नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ ले पनि यस्तै समान कानुनी संरक्षणको सुनिश्चितता गर्दै सामाजिक उत्पत्ति, सम्पति वा अन्य हैसियतका आधारमा कुनै भेदभाव गर्न नहुने स्पष्ट गरेको छ ।[३३] संवैधानिक र कानुनी व्यवस्था अनुसार कोभिड- १९ को अवधिमा पनि यस अधिकारको सहज प्रचलनमा अवरोध रहनु हुँदैन । तर यस अवधिमा तिनै तहका सरकारहरूका विभिन्न सकारात्मक प्रयासहरूका बाबजुद पनि यस अधिकारको प्रचलन भने सन्तोषजनक रहन सकेन । विशेषतः राहत वितरणको सन्दर्भमा कतियय स्थानीय तहका केही जनप्रतिनिधिले आफ्ना वैचारिक आस्थावान व्यक्तिहरूलाई प्राथमिकता दिने, कतिपय स्थानमा नागरिकता वा मतदाता परिचयपत्र माग गर्ने जस्ता कार्यले यस्तो तथ्यलाई सार्वजनिक गरेको छ ।[३४] कतिपय अवस्थामा नागरिकता वा अन्य परिचयपत्र नभई राहत नदिने, जननिर्वाचित प्रतिनिधिको संलग्नता भएको राहत वितरण कार्यमा समेत आस्थाको आधारमा राहत वितरण भएको वा नभएको भनी सार्वजनिक भएका तथ्यहरूले यस कुरालाई पुष्टि गर्न सहयोग गरिरहेको छ ।

यस बाहेक विदेशमा रहेका नेपालीहरूलाई स्वदेश फिर्ता ल्याउने सन्दर्भमा पनि विभेदजन्य व्यवहार भएका टिकाटिप्पणी भइरहेको अवस्था छ । चीनमा रहेका नेपाली विद्यार्थीहरू समेतलाई राज्यले आफ्नै लगानीमा उद्धार गरी ल्याउने कार्य गरेको एवम् अफगानिस्तानमा रही संयुक्त राष्ट्रसङ्घीय मिसनमा कार्यरत नेपाली नागरिकहरूलाई पनि फिर्ता ल्याउने सन्दर्भमा सरकारले निर्णय गरेको अवस्था एकातिर हुनु र अर्कोतर्फ विशेषतः मजदुरी गरेर भारतबाट फर्किएका नेपाली नागरिकहरू सीमा क्षेत्रमा आइपुगेको अवस्थामा त्यहाँबाट फर्काएर फेरी भारतीय भूमिमा नै फर्काएर त्यहीँको क्वारेन्टिनमा राखिएका घटनाहरूले यस तथ्यलाई पुष्टि गर्न केही सहयोग पुगेको छ । यस्तो कार्यले नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा १२(४) को पनि सम्मान हुन नसकेको अवस्था छ । जुन धाराले कुनैपनि व्यक्तिलाई आफ्नो देशभित्र प्रवेश गर्न पाउने अधिकारबाट बञ्चित नगरिने उल्लेख गरेको छ । यस बाहेक उपचारको सन्दर्भमा विशिष्ठ परिस्थितिको नाममा अन्य रोगका बिरामीहरूले उपचार पाउन नसकेको अवस्थाले पनि भेदभावको अवस्था उत्पन्न हुन थप आधार तय गरिदिएको थियो ।

(ग) अपमानजनक एवम् अमानवीय कार्य विरूद्धको हक

कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको सहमतिमा गरिने यातना बाहेक अन्य प्रकारका कार्यहरू अपमानजनक तथा अमानवीय व्यवहार विरूद्धका अधिकारहरू हुन् ।[३५] यस्ता कार्यहरू जस्तोसुकै सार्वजनिक संकटको अवस्थामा पनि पुष्टि गर्न नसकिने यातना विरूद्धको महासन्धिको व्यवस्था हो ।[३६] नेपाल यस महासन्धिको बिनाशर्त पालना गर्ने देश हो । यस अर्थमा जस्तोसुकै अवस्थामा पनि यातना तथा अमानवीय र अपमानजनक व्यवहार आफैंमा संवैधानिक एवम् कानुनी व्यवस्था विरूद्धको कार्य हो । तर 'लकडाउन' अवधिमा सर्वसाधारण नागरिक मात्र हैन महामारीको समयमा स्वास्थ्य सेवा दिइरहेका चिकित्सकहरूमाथि समेत प्रहरीबाट कुटपिट, दुर्व्यवहार, अमानजनक एवम् अमानीय व्यवहार भएका घटनाहरू सार्वजनिक भएका छन् । उदाहरणको लागि २०७६ चैत १२ गते लकडाउन उल्लङ्घन गरेको भन्दै भक्तपुरको ठिमीमा सशस्त्र प्रहरीले तीन जना व्यक्तिहरू, ऐ. १७ गते सप्तरीमा दुई जना, सोही समयमा मोरङको उर्लाबारी नगरपालिकाका प्रमुखले समेत कुटपिट गरेका घटना सार्वजनिक भएका छन् । सप्तरीमा नै अर्का एक व्यक्तिमाथि कुटपिट हुँदा छुट्याउन बाहिर निस्केकी निजकी आमाको मृत्यु भएको विषयमा छानबिन भइरहेको अवस्था, दाङमा औषधि लिन निस्किएका व्यक्तिमाथि भएको कुटपिट लगायतका घटनाहरूले यस तथ्यलाई उजागर गर्दछ । यस तथ्यलाई सम्बोधन गर्दै राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको प्रेस विज्ञप्ति[३७] र सर्वोच्च अदालतमा दर्ता भएको रिट निवेदन[३८] ले समेत यो अधिकारको प्रचलनमा अवरोध आएको स्पष्ट देखिन्छ । । यस्ता घटनाहरू देशका माथि उल्लिखित बाहेक काठमाडौं, सुनसरी, बैतडी र दार्चुलामा समेत भएको पाइनुले यस अवधिमा यस अधिकारको प्रचलनको अवस्था पनि सन्तोषजनक रहन सकेन ।

(घ) स्वास्थ्यसम्बन्धी हक

जस्तोसुकै संकटको अवधिमा पनि निलम्बन हुन नसक्ने अर्को अधिकार हो

३१. धारा १८(२)
३२. दफा १८
३३. धारा २६
३४. यस्ता घटनाहरू झापा, सुनसरी, सिरहा, धनुषा, महोत्तरी, दोलखा, बाँके, बझाङ लगायतका जिल्लाहरूका कतिपय स्थानमा यस प्रकारका कार्य भएका छन् ।
३५. यातना विरुद्धको महासन्धि १९८४ को धारा १६
३६. ऐ.ऐ. धारा २
३७. राष्ट्रिय मानव अधिकार आयोगले स्वास्थ्यकर्मी तथा सर्वसाधारणलाई कुटपिट र दुर्व्यवहार नगर भन्दै २०७७ मा जारी गरेको प्रेस विज्ञप्ति ।
३८. शैलेन्द्र हरिजन समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय रिट नं. ०७६-WO-९४१

स्वास्थ्यको अधिकार । यस व्यवस्थालाई नेपालको संविधानले[३९] सुनिश्चित गरेको छ । संविधानले[४०] प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि बञ्चित नगरिने एवम् स्वास्थ्य सेवामा समान पहुँचको हक हुने व्यवस्था गरेको छ । यस्तै मौलिक हक कार्यान्वयन गर्न जारी भएको एक ऐनले[४१] कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित नगरिने, प्रत्येक स्वास्थ्य संस्था एवम् स्वास्थ्यकर्मीले आकस्मिक स्वास्थ्य सेवा पुऱ्याउनु पर्ने, सरकारले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने लगायतका प्रावधानहरू उल्लेख गरिएको छ । यस्तै राज्यले प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उपभोगको व्यवस्था एवम् प्रकोप, महामारी, पेशागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रणको लागि आवश्यक सबै कदम चाल्नु पर्ने, बिरामी भएको अवस्थामा सबै चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाको सिर्जना गर्नुपर्ने लगायतका कानुनी व्यवस्था[४२] रहेको छन् । सर्वोच्च अदालतले "प्रतिष्ठापूर्ण ढङ्गले मानवोचित जीवन जीउन पाउने हकपनि जीवनको हकको आधारभूत विशेषता भएकोले मानव स्वास्थ्यको लागि राज्यले आधारभूत सुविधा वा संरक्षण नदिने हो भने जीवनको हकको उचित संरक्षण हुन सक्दैन, त्यसैले नै जीवनलाई स्वास्थ्यको अधिकारसँग जोडेर हेर्नुपर्ने"[४३] व्याख्या समेत गरेको छ ।

उल्लिखित बाध्यात्मक व्यवस्थाको बाबजुद कोभिड - १९ बाट संक्रमित बिरामीहरूको हकमा राज्यबाट प्रदान भइरहेको सेवा सन्तोषजनक रहेको देखिन्छ । तर कोभिड - १९ बाहेकका बिरामीहरूको स्वास्थ्यको अधिकार भने यस अवधिमा सन्तोषजनक रहन सकेन । यस अवधिमा क्षयरोग, एड्स, मृर्गौला, क्यान्सर, मानसिक जस्ता रोगबाट पीडितहरूको लागि औषधिको अभाव भयो । मृर्गौला रोगबाट पीडित बिरामीको मापदण्ड बमोजिमको उपचार हुन सम्भव नभएको काठमाडौं उपत्यकाका अस्पतालहरू पनि देखियो । केही अस्पतालहरूले समयमा नै बिरामीको भर्ना नलिइदिँदा बिरामीहरूले उपचार नपाइ मृत्यु वरण गर्नु परेका घटना पनि सार्वजनिक भए ।[४४] उपत्यका भित्रका पनि समिट, सिभिल, नर्भिक लगायतका विभिन्न अस्पतालहरूले OPD सेवा बन्द गरी बिरामीलाई फर्काइ दिए, बिरामीहरूले एम्बुलेन्स सेवा प्राप्त गर्न नसकेको भन्दै आयोगले कोभिड-१९ लगायतका सबै गम्भीर प्रकृतिका बिरामीहरूको समेत स्वास्थ्य उपचारको व्यवस्था मिलाइ हरेक व्यक्तिको स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गर्न भन्दै प्रेस विज्ञप्ति जारी गऱ्यो ।[४५] यस सम्बन्धमा सर्वोच्च अदालतले निजी अस्पतालहरूबाट समेत कोभिड- १९ समेत सबै रोगको उपचार गर्ने व्यवस्था मिलाउन सरकारको नाममा अन्तरिम आदेश समेत जारी गर्नु पऱ्यो ।[४६] यस अवस्थामा देशभरका करिब ५० हजार बालबालिका लकडाउनका कारण नियमित खोपबाट बञ्चित हुँदा[४७] उनीहरूको संविधानतः स्वास्थ्य हुन पाउने हक[४८] पनि सहज रूपमा प्रचलन हुन सकेन ।

(ङ) खाद्यसम्बन्धी हक

खाद्य सम्बन्धी हक व्यक्तिको आधारभूत हक हो । यस हकको मुख्य अन्तरवस्तु भोकबाट मुक्ति अर्थात पर्याप्त जीवनस्तरको अधिकार हो । यो अधिकार पनि जस्तोसुकै संकटमा पनि प्रचलनमा रहने अधिकार हो । त्यसैले यस सम्बन्धमा प्रत्येक नागरिकको खाद्यसम्बन्धी हक सुनिश्चित गर्दै नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्था आउन नदिने संवैधानिक सुनिश्चितता संविधानले गरेको छ ।[४९] यस्तो हक सम्बन्धमा सर्वोच्च अदालतले शारीरिक एवम् मानसिक रूपमा स्वास्थ्य रहनको निम्ति गुणयुक्त खाद्यान्न हुनुपर्ने भन्दै नेपालले बर्षेनीजसो कुनै न कुनै राष्ट्रिय विपत्ति व्यहोर्नु परिरहेको हुँदा नागरिकहरूको खाद्यसम्बन्धी हकको सम्मान गर्न, खाद्य सुरक्षा र भोकमरीको जोखिमबाट उनीहरूलाई जोगाउन देशका विभिन्न ठाउँमा सहजरूपमा वितरण हुनसक्ने पर्याप्त खाद्यान्न भण्डारणको व्यवस्था गरी त्यस्तो खाद्यान्नको गुणस्तर उच्च राख्नु भनी सरकारको नाममा निर्देशनात्मक आदेश पनि जारी गरेको छ ।[५०] यस सम्बन्धमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ ले पनि प्रत्येक व्यक्ति स्वयम् र उसको परिवारको पर्याप्त भोजनसहितको जीवनस्तर हुने विषय उल्लेख गर्दै भोकबाट मुक्त हुने विषय प्रत्येक व्यक्तिको मौलिक

---

३९. नेपालको संविधानको धारा २७३ (१०) को प्रतिबन्धात्मक वाक्यांश
४०. ऐ.ऐ. को धारा ३५(१) र (३)
४१. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(३), ४ र ७
४२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा १२(१), (२) को खण्ड (ग) र (घ)
४३. अधिवक्ता प्रकाशमणी शर्मा समेत वि. नेपाल सरकार समेत, ने.का.प. २०६६ अङ्क ८ नि.नं. ८००१
४४. धनकुटाको महालक्ष्मी नगरपालिका वडा नं. ५ की वर्ष ५२ की नरदेवी गुरुङलाई विराटनगर स्थित न्युरो अस्पताल र विराट नर्सिङ होमले भर्ना नलिई दिँदा निजको मृत्यु भएको थियो ।
४५. यस सम्बन्धमा आयोगले २०७६ चैत २३ गते प्रेस विज्ञप्ती जारी गरेको थियो ।
४६. पुष्पराज पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत रिट नं. ०७६-WO-०९३४ मा सर्वोच्च अदालतबाट २०७६ चैत १८ गते अन्तरिम आदेश जारी गरेको थियो ।
४७. https://nepalkhabar.com/newspaper/24961-2020-04-20
४८. नेपालको संविधानको धारा ३९(२)
४९. ऐ.ऐ. धारा ३६(१)
५०. भुपेन्द्रबहादुर तामाङ थिङ वि. नेपाल सरकार समेत । मुद्दाः उत्प्रेषण समेत ०७२-WO-०१७८ आदेश मितिः २०७३ पुस १३

हक हुने उल्लेख गरेको अवस्था छ ।[५१]

उल्लिखित वैधानिक दायित्व र सरकारबाट भएका प्रयासको बाबजुद पनि यस अवधिमा नागरिकको खाद्यान्नको अधिकार सुनिश्चित हुन सकेन । विशेषगरी अनौपचारिक क्षेत्रमा कार्यरत हजारौं मजदुरहरू यस अधिकारबाट बञ्चित रहन पुगे । उनीहरूले काम गरिरहेका साहु, मालिक एवम् ठेकेदार र स्थानीय तहले समेत खाद्यान्न सहयोग पाउन सकेनन् । परिणाम, ज्याला मजदुरी गरेर बसिरहेका नागरिकहरूले महिनौसम्म लगाएर पैदलै यात्रा तय गर्न बाध्य भए । त्यसको प्रमुख कारण भनेको खाद्यान्नको अभाव नै रहेको उनीहरूका प्रतिक्रियाले पुष्टि गरिरहेको छ । यससम्बन्धमा सरकारले सबैले राहत प्राप्त गर्नसक्ने आश्वासन दिए पनि सबैको हकमा त्यस्तो आश्वासन लागू हुन सकेन । बरू कतिपय स्थानमा राजनीतिक आस्थाको आधारमा पनि खाद्यान्न वितरण भएको र कतिपय स्थानमा नागरिकता वा अन्य परिचयपत्रको अभावमा यस्ता मजदुरहरू खाद्यान्नको अधिकारबाट बञ्चित रहन पुग्दा संकटकालीन अवधिमा समेत निलम्बन हुन नसक्ने खाद्य अधिकारको प्रचलन सहज रूपमा हुन सकेन । यसै अवधिमा गरिब तथा मजदुरहरूको लागि उपलब्ध गराएको खाद्यान्न सामग्री समेत कुहिएको भेटिएपछि बारा कलैयाका मेयर पक्राउ समेत परे । यस सम्बन्धमा माथि उल्लेख भए बमोजिमको अदालतको आदेश बमोजिम सरकारले संकटको अवधिको लागि खाद्यान्नको तयारी समेत पूरा गर्न नसकेको देखियो ।

(च) सामाजिक सुरक्षाको हक

समाजमा रहेका सबै सदस्यहरूले सम्मानपूर्वक बाँच्न पाउने, सामाजिक गतिविधिहरूमा स्वतन्त्ररूपमा सहभागिता जनाउन पाउने र समाजको एक उपभोक्ताको हैसियतले समाजमा रहेका सेवा र वस्तुको उपभोगमा सहज पहुँच पाउने अवस्थाको सिर्जना नै सामाजिक सुरक्षा हो । सामाजिक सुरक्षा ऐनले यसलाई सामाजिक सुरक्षा ऐन बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई दिइने नगद भत्ता वा सहायता[५२] भनी संकुचित परिभाषा गरेको भएपनि समग्र ऐनको अध्ययनबाट भत्तालाई मात्र सामाजिक सुरक्षा हो कि भन्ने भान पर्दछ । यो ऐन निर्माण गर्दा नेपालको संविधानको भावनालाई वास्तविक रूपमा सम्बोधन नगरिएको अनुभूति गर्न सकिन्छ । संविधानले कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको[५३] भएपनि सामाजिक सुरक्षाको हकलाई भत्तामा मात्र सीमित गरिनु आफैंमा दुःखद पक्ष हो । तर पनि यस सम्बन्धमा सर्वोच्च अदालतले सामाजिक तथा आर्थिक रूपमा उपेक्षित वर्गको सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूतिको लागि पनि राज्यले आफ्नो दायित्व निर्वाह गरेमा[५४] मात्र सामाजिक सुरक्षाको अधिकार प्रत्याभूत हुनेतर्फ राज्यलाई सचेत गराएको छ । माथि उल्लेख गरेबमोजिम नेपाल सन्धि ऐनको व्यवस्थालाई हेर्ने हो भने यो अवस्था नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध विपरीतको व्यवस्था हो । यस अनुबन्धले प्रत्येक व्यक्तिको सामाजिक बीमा लगायतका सामाजिक सुरक्षाको[५५] प्रबन्ध गर्ने दायित्व राज्यको हो ।

यस आधारमा यस संकटको अवधिमा पनि नागरिकहरूको सामाजिक सुरक्षाको हक प्रत्याभूत हुन अनिवार्य छ । तर यस अवधिमा विशेषतः दैनिक ज्यालदारीमा काम गर्ने एवं असङ्गठित क्षेत्रमा कार्यरत मजदूरहरूको सामाजिक बीमा हुन सकेन । परिणामः कार्यस्थलमा खाने र बस्ने व्यवस्थाको अभावमा हजारौं मजदुरहरू आफ्नो कार्यस्थल छोडेर महिनौं दिनको पैदल यात्रा तय गर्न बाध्य भए । सरकारले गरिबी निवारण कोष, सामाजिक सुरक्षा कोष, प्राकृतिक प्रकोप कोष वा कोभिड -१९ कोषमा जतिसुकै रकम जम्मा गरेर राखेको भएपनि मजदूर सँगै संविधानको धारा ४३ को कल्स्टरमा परेका नागरिकहरू लाभान्वित हुन नसकेको अवस्थाले संकटकालकमा समेत निलम्बन हुन नसक्ने सामाजिक सुक्षाको हकको प्रचलन पनि सन्तोष जनक रहन सकेन । यसबाट आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिकहरू, असहाय एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, बालबालिका, ज्येष्ठ नागरिकहरू प्रत्यक्ष प्रभावित हुनु पर्‍यो ।

(छ) विदेशमा रहेका नेपालीहरूको मानव अधिकार अवस्था

वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न श्रम क्षेत्रको नियमन र व्यवस्थापन गर्ने नेपाल राज्यको नीति हो ।[५६] नेपाली कामदार रहेको मुलुकमा युद्ध, महामारी, प्राकृतिक विपत्ति परी कामदारलाई तत्काल फिर्ता गर्नुपर्ने भएमा नेपाल सरकारले कुटनीतिक नियोग वा श्रम सहचारी मार्फत कामदार फिर्ता गर्ने व्यवस्था मिलाउन[५७] को लागि समेत सरकारले वैदेशिक कल्याणकारी कोष स्थापना गरेको छ ।[५८] त्यस्तो रकम नेपाली कामदार रहेको मुलुकमा महामारी परी तत्काल फिर्ता गर्नुपर्ने भएमा प्रयोग गरिने[५९] पनि कानुनी व्यवस्था रहेको छ । सर्वोच्च अदालतले सीमासम्म आइपुगेका नेपाली नागरिकलाई नेपाल आउन दिन र नेपाल आएपछि क्वारेन्टिनको व्यवस्था गर्न अन्तरिम आदेश पनि जारी गरेको छ ।[६०]

५१.धारा ११(१) र (२)
५२.दफा २(झ)
५३.धारा ४३
५४.भुपेन्द्रबहादुर तामाङ थिङ वि. नेपाल सरकार समेत । मुद्दाः उत्प्रेषण समेत ०७२-WO-०१७८ आदेश मितिः २०७३ पुस १३
५५.थप जानकारीको लागि हेर्नुहोस, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ९
५६.नेपालको संविधानको धारा ५१(झ) को खण्ड ५ र ६
५७.वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७५(२
५८.ऐ.ऐ. दफा ३२,
५९.ऐ.ऐ. दफा ३३(१) को खण्ड (ख)
६०.मिना खड्का समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत रिट नं. ०७६-WO-९३२: आदेश मिति २०७६ चैत २५

यस सन्दर्भमा हेर्दा नेपाली नागरिकहरू रहेका कोभिड १९ महामारी नफैलिएको देश सायदै होलान् । भारत बाहेक ती देशहरूमा वैदेशिक रोजगारमा जानेहरूको अभिलेखित सङ्ख्या ४५ लाख ९९ हजार ५६७ रहेको एक तथ्याङ्क सार्वजनिक भएको छ ।[६१] भारतमा यस्तो सङ्ख्या कति छ भनेर हालसम्म पनि एकीन हुन सकेको छैन । तेस्रो मुलुक र भारतमा जाने नेपालीहरूको सङ्ख्यालाई समान रहेको अनुमान गर्ने गरिएको छ । काम बाहेक अध्ययन र थप उच्चस्तरीय जीवन जीउने अभिलासामा विदेसिनेको सङ्ख्याको अभिलेख पनि व्यवस्थित हुन सकेको छैन । यी सबै अवस्थामा नेपालबाट विदेसिएका नेपाली नागरिकहरूको सङ्ख्या कम्तिमा पनि ७० लाखभन्दा बढी रहेको अनुमान गरिन्छ ।

यस अवस्थामा नेपालीहरू कार्यरत कतिपय खाडी क्षेत्रका देशहरूले आफ्ना कामदार फिर्ता लान भनी सकेको अवस्था छ । अध्ययनको लागि विदेसिएका पनि सयौं विद्यार्थीहरू र छिमेकी देश भारतमा रहेका नागरिकहरूले देश फर्कन पाऊँ भनी निरन्तर अनुरोध गरिरहेका छन् । सीमा क्षेत्रमा आएर क्वारेन्टिनमा रहेका व्यक्तिहरू पनि १४ दिन कटेपछि स्वदेश फर्कन पाउँ भन्दै गरेको अवस्था छ । सरकारले यस सम्बन्धमा तत्काल नेपाल भित्रिन दिन सम्भव नभएको बताउँदै आएको छ । सर्वोच्च अदालतले ''कोरोना प्रभावित महामारी फैलिएको मुलुकहरूमा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकको नेपाली राजदुतावास वा श्रम सहचारी मार्फत कोरोना भाइरस संक्रमित नेपाली नागरिकको स्वास्थ्य स्थिति प्रतिवेदन तत्कालै तयार गर्न लगाई WHO को मापदण्ड बमोजिम स्वास्थ्य सेवा/उपचार भेदभाव रहित तरिकाले प्राप्त गर्न परराष्ट्र मन्त्रालय मार्फत कुटनीतिक सञ्चार र समन्वय गर्न तथा वैदेशिक रोजगारीमा रहेको अत्यन्त जोखिम रहेको नेपाली नागरिकको अनियन्त्रित र अव्यवस्थित नेपाल प्रवेशबाट हुने थप जोखिमबाट संरक्षण गर्न नागरिकको व्यक्तिगत अधिकार तथा बहुसङ्ख्यक जनताको जीवन, स्वास्थ्य र सुरक्षाको हितलाई समेत सन्तुलित तरिकाले संरक्षण गर्दै सुक्ष्म, गम्भीर एवं संवेदनशील तरिकाले विना विभेद, विना स्वेच्छाचारी, विवेकपूर्ण तरिकाले नियमन र नियन्त्रणको शर्त बन्देज सहित फिर्ता ल्याउन/उद्धारको लागि आवश्यक प्रशासनिक, आर्थिक र व्यवस्थापकीय पहल गर्न'' भन्दै अन्तरिम आदेश समेत जारी गरेको छ ।[६२] यस्तै प्रकारको आदेश भारतबाट नेपाल आउने क्रममा नेपाल प्रवेश गर्न नपाएका नेपाली नागरिकहरूको हकमा समेत जारी भएको छ ।[६३] तर यस विषयलाई सरकारले अहिलेसम्म पनि सम्बोधन गर्न सकेको छैन । राष्ट्रिय मानव अधिकार आयोगले पनि विश्व नै लकडाउनमा रहेको समयमा आफ्ना नागरिकको सुरक्षा र आधारभूत मानव अधिकारको सम्मान र संरक्षण गर्नु सरकारको प्रमुख दायित्व हुनेभन्दै नेपालको संविधानको धारा ५२ र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा १२(४) को सम्मान गर्न नेपाल सरकारको ध्यानाकर्षण[६४] गराएको अवस्था छ ।

वैदेशिक रोजगारीमा गएका तर हाल रोजगारी गुमाएका एवम् बेतलबी बनाइएका युएई, मलेशिया, अध्ययनको लागि नेपाली नागरिकहरू बंगलादेश अष्ट्रेलिया, अमेरिका लगायतका देशमा अध्ययनको लागि पुगेका विद्यार्थीहरूले नेपाल फर्कन पाएका छैनन् ।[६५] उल्लिखित अवस्था एकातिर छ भने वैदेशिक रोजगारको लागि "युएई पुगेकी रूपन्देहीकी एक महिलाको कोरोना संक्रमणबाट मृत्यु भइसकेको, सोही देशमा कोरोना संक्रमित भएकी महिलाको उपचार हुन नसकेको, कुवेतमा ३९ जना नेपाली नागरिकहरूलाई रोजगारी निकालिएर अलपत्र परेका, कतारमा लकडाउन उल्लङ्घन गरेको आरोपमा नियन्त्रणमा लिई केही नेपालीलाई सोझै देश निकाला गरेका, खाडी मुलुकका ६७ कम्पनीका २ सय २३ जनासँग विवरण संकलन गर्दा कोरोनाको कारण श्रमिकको स्वास्थ जोखिममा रहेको, रोजगारी र पाकेको पारिश्रमिक गुमाउनु परेका, आवासबाट निकालिएका, खान नपाएका, सम्बन्धित देशका नागरिक सरह स्वास्थ्य सेवा उपलब्ध नभएको, ३२ वटा आवासीय क्याम्पमा बस्नेमध्ये नौ ओटा क्याम्पकाले मात्र खान पाएका लगायतका तथ्य श्रम आप्रबासन तथा इक्विडेम रिसर्चका दक्षिण एशिया निर्देशकले उल्लेख गरेका छन् ।''[६६] तर पनि विदेशमा रहेका नेपाली नागरिकहरूको अधिकार संरक्षणमा सरकारको पहल सन्तोषजनक रूपमा हुन नसक्दा विदेशमा रहने नेपाली नागरिकहरूको आधारभुत अधिकार संक्षणमा कठिनाइ भइरहेको छ ।

६. निष्कर्ष

यसरी माथि उल्लिखित तथ्यहरूबाट के निष्कर्षमा पुग्न सकिन्छ भने मानिसका मानव अधिकारका विषयहरू विभाजन गर्न नसकिने र समान हैसियतमा रहेका भएपनि संकट वा महासंकटको समयमा यिनीहरूको प्रचलन समान रूपमा हुन कठिन छ । तर जस्तोसुकै संकट वा महासंकटमा पनि कम्तिमा निलम्बित नहुने सबै मानव अधिकारहरूको प्रचलन भने सहज हुनु अनिवार्य छ । यसको सुनिश्चित कुनै अन्तर्राष्ट्रिय कानुन वा मापदण्ड हैन,

६१. आप्रवासी कामदारहरूको कामदारहरूको मानव अधिकार अवस्था, अध्ययन प्रतिवेदन, राष्ट्रिय मानव अधिकार आयोग, २०७६ पृष्ठ २

६२. सोमप्रसाद लुईटेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, रिट नं. ०७६-WO-०९४०: आदेश मिति २०७७।१।४

६३. मिना खड्का समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, रिट नं. ०७६-WO-०९३२

६४. राष्ट्रिय मानव अधिकार आयोग, प्रेस विज्ञप्ति, २०७६ चैत्र २०

६५. बिबिसि नेपाली सेवा २०२० अप्रिल ११

६६. रामेश्वर नेपाल, विदेशमा नेपाली श्रमिकको विचल्ली, नागरिक दैनिक, २०७७ वैशाख ९

नेपालको मूल कानुन र मूल कानुनमा लेखिए बमोजिम अदालतको आदेश मात्र पालना गरे पुग्दछ । तर नेपालमा कोभिड - १९ भित्रिएपछि लागेको लकडाउनको अवधिमा अनिवार्य रूपमा नागरिकहरूले पाउनु पर्ने अधिकारहरू सरकारी प्रयासको बाबजुद पनि प्राप्त गर्न निकै कठिन रहेको देखिन्छ ।

संक्रामक रोग ऐन, २०२० बमोजिम लगाइएको लकडाउन आदेशमा मानव अधिकारका कुनैपनि विषयहरूलाई निलम्ब गर्न सक्ने व्यवस्था छैन र त्यस्तो अधिकार सो ऐनले प्राप्त गरेको पनि छैन । तर लकडाउन भन्दै व्यक्तिका अधिकारलाई कम महत्व दिइएको हो कि भन्ने भान पारिएको अवस्थाले व्यक्तिका अधिकार प्रचलनमा कठिनाई आएको सहज महशुस गर्न सकिन्छ । संविधानको धारा २७३ बमोजिम देशमा संकटकाल नै लागेको अवस्थामा त व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने, समानता, न्याय, शिक्षा, स्वच्छ वातावरण, स्वास्थ, खाद्य, ज्येष्ठ नागरिक, सामाजिक न्याय, सामाजिक सुरक्षा, देश निकाला, महिलाको, बालबालिकाको, संवैधानिक उपचारको, यातना विरूद्धको, शोषण विरूद्धको हक सहजताका साथ प्रचलनमा रहन अनिवार्य छ भने सो घोषणा नै नभएको अवस्थामा यी सहित व्यक्तिका अधिकारहरूको प्रचलनलाई कोभिड - १९ को संदर्भमा पनि कम महत्व दिन पाइने भन्ने हुँदै होइन ।

वास्तवमा बाँच्न पाउने अधिकार सबै अधिकारभन्दा उच्च रहेपनि बाँच्नको लागि आवश्यक पर्ने अन्य पक्षहरूलाई ध्यान पुऱ्याउन नसक्दा यस्ता अधिकारहरूको प्रचलन सन्तोषजनक रहन नसकेको निष्कर्षमा पुग्न सकिन्छ । कोभिड - १९ संक्रमणको सन्दर्भमा प्रधानमन्त्री के.पी. शर्मा ओलीले राष्ट्रको नाममा २०७६ चैत २५ गते सम्बोधन गर्दै जीवनको अधिकारभन्दा ठूलो स्वतन्त्रताको अधिकार हैन भन्नु भएको विषयलाई चिन्तन गर्न सकिने भएपनि त्यहीँ जीवनको अधिकार प्राप्तिको लागि नभइ नहुने स्वतन्त्रतालाई समेत कुण्ठित गरिने हो भने त्यसको केही अर्थ नहुन सक्छ । स्वतन्त्रतालाई केवल हिँडडुल/आवत जावतसँग मात्र हैन जीवन जीउनका लागि आवश्यक आधारभूत पक्षसँग पनि जोडेर हेरिनु अनिवार्य छ । त्यसको लागि प्रत्येक व्यक्तिलाई महासंकटको अवधिमा पनि जीवनको अधिकार संरक्षण गरी राख्नको लागि स्वतन्त्रता र सुरक्षा, अमानवीय र अपमानजनक व्यवहारबाट उन्मुक्ति, राज्यको तर्फबाट समान व्यवहार, सामाजिक सुरक्षा, खाद्यान्न, आवास र औषधोपचारको व्यवस्था हुनै पर्दछ । यस्ता अधिकार प्रचलनमा राज्यले कुनै चाहना र वहानामा सफाइ पाउनै सक्दैन ।

त्यसैले संकट, विपत्ति, महासंकट वा विषम परिस्थितिमा पनि व्यक्तिका आधारभूत नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूको प्रचलन सुनिश्चित गर्नु राज्यको दायित्व हो । संकट वा महामारी छ भन्दैमा राज्य आफैंले स्वीकार गरेका मानव अधिकार प्रतिका प्रतिबद्धतालाई कोभिड- १९ को सन्दर्भमा स्थगित गर्नसक्ने सम्भावना नै रहन्न । त्यसैले राज्यको प्रमुख रूपमा प्रतिनिधित्व गर्ने कार्यकारी निकायबाट जुनसकै स्थानमा रहे बसेका नेपाली नागरिकहरू बीचमा समान व्यवहार, नागरिकहरूको स्वतन्त्रता; संकटको समयमा अस्थायी बसोबासको व्यवस्था, देशभित्र फर्किन पाउने अधिकारको सम्मान गर्दै सम्मानपूर्वक बाँच्न पाउने हक कार्यान्वयनको आधार तय गर्न अनिवार्य छ । संक्रामक रोग ऐन अन्तर्गतको कसूरमा उल्लङ्घनकर्तालाई कानुन बमोजिम कारबाही गर्नसक्ने भएपनि ऐनको उल्लङ्घन गर्ने व्यक्तिलाई

मानव अधिकार जीवन, स्वतन्त्रता, समानता र मर्यादाको समष्ठिगत रूप भएकोले यसको आवश्यकता सामान्य अवस्थामा भन्दा जोखिमपूर्ण अवस्थामा अझ बढि रहन्छ । विश्वव्यापी कोभिड - १९ पनि यस्तै एउटा जोखिम अवस्था लिएर आएको रोग भएकोले यस समस्याको समाधानको लागि पनि मानव अधिकारलाई सँगसँगै लिएर अगाडि बढ्न जरूरी छ । त्यसैले सरकारले ३१ डिसेम्बर २०१९ बाट सुरु भई विश्वभरी फैलिएको यस महामारीबाट मानिसका अधिकारहरूको प्रचलनमा नकारात्मक प्रभाव आउन नदिइ कम्तिमा पनि संविधानद्वारा प्रत्याभूत मौलिक हकहरूको कार्यान्वयनमा थप गम्भीर हुन जरूरी छ । संक्रामक रोग ऐनको आदेशबाट मौलिक हक एवम् प्रचलित नेपाल कानुनले प्रत्याभूत गरेका कुनैपनि अधिकारहरूको प्रचलनलाई संकुचित बनाउन नसक्ने हुँदा विश्वव्यापी कोभिड- १९ रोग र त्यसको प्रभावलाई निरूपण गर्ने कार्यमा सरकारले यो वा त्यो वाहनामा पन्छन सक्ने अवस्था रहेको छैन । त्यस्तै नागरिकहरूले पनि नेपालको संविधानको धारा ४८ र मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २९ बमोजिम अधिकारको दाबी गरिरहँदा आफ्नो कर्तव्य पूरा गर्न त्यति कै जिम्मेवार रहन अनविार्य छ ।

कानुनी कारबाही गरेका सङ्ख्या भन्दा कुटपिट, अपमानजनक एवम् अमानवीय व्यवहार भएका घटना बढी सार्वजनिक हुनुले न्यायसम्बन्धी हकको प्रचलन समेत सन्तोषजनक रहन नसकेको निष्कर्षमा पुग्नु पर्ने अवस्था छ । सामाजिक सुरक्षा, आवासमा पहुँच, खाद्यान्न, स्वास्थ्य, शिक्षा लगायतका अधिकारहरू मानिसका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू हुन् । यी अधिकारहरू संक्रामक रोग ऐन अन्तर्गतको आदेश जारी हुँदा झनबढी सक्रिय हुनु पर्ने अधिकारहरू हुन् । त्यसमा पनि भोकबाट मुक्ति पाउने अधिकार सम्मानपूर्वक जीवन जिउन पाउने अवस्थाको सिर्जना गर्ने प्रमुख आधारभूत अधिकार भएकोले यसको प्रचलन त सबैभन्दा महत्वपूर्ण पक्ष हो ।

अन्त्यमा, मानव अधिकार जीवन, स्वतन्त्रता, समानता र मर्यादाको समष्टिगत रूप भएकोले यसको आवश्यकता सामान्य अवस्थामा भन्दा जोखिमपूर्ण अवस्थामा अझ बढि रहन्छ । विश्वव्यापी कोभिड - १९ पनि यस्तै एउटा जोखिम अवस्था लिएर आएको रोग भएकोले यस समस्याको समाधानको लागि पनि मानव अधिकारलाई सँगसँगै लिएर अगाडि बढ्न जरूरी छ । त्यसैले सरकारले ३१ डिसेम्बर २०१९ बाट सुरु भई विश्वभरी फैलिएको यस महामारीबाट मानिसका अधिकारहरूको प्रचलनमा नकारात्मक प्रभाव आउन नदिइ कम्तिमा पनि संविधानद्वारा प्रत्याभूत मौलिक हकहरूको कार्यान्वयनमा थप गम्भीर हुन जरूरी छ । संक्रामक रोग ऐनको आदेशबाट मौलिक हक एवम् प्रचलित नेपाल कानुनले प्रत्याभूत गरेका कुनैपनि अधिकारहरूको प्रचलनलाई संकुचित बनाउन नसक्ने हुँदा विश्वव्यापी कोभिड- १९ रोग र त्यसको प्रभावलाई निरूपण गर्ने कार्यमा सरकारले यो वा त्यो वाहनामा पन्छन सक्ने अवस्था रहेको छैन । त्यस्तै नागरिकहरूले पनि नेपालको संविधानको धारा ४८ र मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २९ बमोजिम अधिकारको दाबी गरिरहँदा आफ्नो कर्तव्य पूरा गर्न त्यति कै जिम्मेवार रहन अनिवार्य छ ।

उल्लिखित समन्वयबाट संघ, प्रदेश र स्थानीय तहले नीति निर्माण, कार्यविधि वा कार्यक्रम तय गर्दा, लकडाउलाई पालना गर्न गराउन सुरक्षाकर्मीहरू खटाउँदा, उपभोग्य सामग्रीहरूको व्यवस्थापन गर्दा, विदेशबाट नेपाल फर्कन खोज्ने नागरिकहरूको व्यवस्थापन गर्दा, स्वास्थ्य संस्था एवम् चिकित्सक र स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गर्दा, जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दा, खाद्यान्न, आवास र स्वास्थ उपचारको व्यस्थापन गर्दा, सेवा वा वस्तु उपलब्ध गराउँदा, सामाजिक सुरक्षा प्रदान गर्दा, जोखिममा रहेका समुदायको व्यवस्थापन लगायतका सबै कार्यहरू गर्दा मानव अधिकारका विषयहरूको प्रचलन सहज हुन सक्ने वातावरण सिर्जना हुन सक्दछ । त्यसैले यी विषयमा ध्यान पुऱ्याउँदै संवैधानिक, कानुनी एवम् अन्तर्राष्ट्रिय जगतमा गरेका कानुन सरहका मान्यता एवम् प्रतिबद्धता समेतले कोभिड - १९ को संक्रमण अवस्थामा सरकारलाई मानव अधिकार प्रतिको दायित्वबाट विमुख हुने कुनै पनि छुट नदिएको हुँदा सरकारले त्यसको अनिवार्य र अपरिहार्य पालनामा सधैं तत्पर रही कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- **मानवअधिकार वर्षपुस्तक (नेपाली र अंग्रेजी)**
- **मानवअधिकार सङ्गालो**
- **मानवअधिकारको ऐतिहासिक अवधारणा**
- **मानवअधिकार–प्रहरी–कानुन**
- **मानवअधिकार घोषणापत्र (सचित्र)**
- **नेपालमा जातीय छुवाछूत**
- **राजनीतिक महिला परिचय**
- **प्राची द्वैमासिक**
- **इन्फर्मल**
- **मानवअधिकार स्थितिसूचक (त्रैमासिक)**
- **इन्सेक अभियान (त्रैमासिक)**
- **अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान**
- **सुरक्षासम्बन्धी कानुनी प्रावधान**
- **इन्सेक अनलाईन** (www.inseconline.org)
- **मानवअधिकार : ठूला नौ महासन्धि**
- **इन्सेकको दुई दशक**
- **विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षा**
- **मध्यमाञ्चल : जनआन्दोलन र मानवअधिकार**
- **उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)**
- Reflections : FK Exchange Programme

लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।

विश्लेषण

यज्ञप्रसाद अधिकारी[१]

मानव अधिकार दृष्टिले मुलुकी देवानी (संहिता) ऐन र कार्यविधि ऐन २०७४

विषय प्रवेश

नेपालमा देवानी कानुनलाई परिमार्जन र सुधार गर्ने प्रयास समय समयमा हुँदै आएका छन् । नेपालको कानुनी इतिहासमा नेपालका तत्कालीन प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणा फ्रान्स भ्रमणबाट नेपाल फर्केपछि फ्रान्सकै संहिताबाट प्रभावित भई वि. सं. १९१० मा मुलुकी ऐन जारी भयो । जसलाई नेपालको पहिलो संहितावद्ध लिखित कानुनको रूपमा लिइन्छ । उक्त मुलुकी ऐन १९१० ले नेपालमा छरिएर रहेका र नेपाल एकीकरणपछि नेपालका विभिन्न राज्यमा प्रचलनमा रहेका प्रथा, परम्परा, हिन्दू धर्मशास्त्र एवम् सनद सवालहरूलाई एकीकरण गरी सबै नागरिकलाई लागु हुने कानुन तर्जुमा भएको थियो । तत्कालिन मुलुकी ऐनको मुख्य स्रोतको रूपमा हिन्दू धर्मशास्त्र रहेको र धर्मशास्त्रले नसमेटेका व्यवस्था प्रथा, प्रचलन र परम्परामा आधारित भई विकसित भएका कानुनी व्यवस्थालाई एकीकरण गरिएको थियो । देवानी र फौजदारी कानुनलाई विभिन्न भागमा विभाजन गरी एउटै ऐनले समेटेको थियो ।

२००७ सालको राजनीतिक परिवर्तनपछि कानुनलाई आधुनिकीकरण, प्रजातान्त्रिकरण र संहिताकरण गर्ने प्रकृया सुरु भई साविक पुरानो मुलुकी ऐन खारेज गरी मुलुकी ऐन २०२० जारी भएको थियो । उक्त ऐनको समाज परिवर्तन सँगसँगै समयानुकूल संशोधन र परिमार्जन हुँदै आएको थियो । समाज परिवर्तनको सँगसँगै कानुनको परिवर्तन स्वभाविकै भए पनि नेपाली समाजको जनजिब्रोमा रहेको प्रत्येक व्यक्ति र घर परिवारलाई लागु हुने मुलुकी ऐनको समयानुकूल संहिताकरण र परिमार्जनको आवश्यकता र अपरिहार्यतालाई नेपाली समाजले विभिन्न कालखण्डमा महसुस गरेको थियो । त्यसैले मुलुकी देवानी (संहिता) ऐन, मुलुकी देवानीकार्यविधि (संहिता) ऐन, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, मुलुकी फौजदारी (कार्यविधि) ऐन सहित पाँच ओटा संहितालाई व्यवस्थापिका संसदबाट पारित गर्ने कार्यलाई नेपालको देवानी कानुनको इतिहासमा कोसेढुङ्गाको रूपमा लिन सकिन्छ । व्यवस्थापिका संसदबाट संविधान जारी भएपछि जारी भएका पाँच ओटा संहिता राष्ट्रपतिबाट प्रमाणीकरण भई २०७५ भदौ १ गतेदेखि मुलुकभर लागु भइसकेको छ । नेपालको कानुनी इतिहासमा उक्त ऐनको विशेष महत्व रहेको छ ।

कानुनी शासन र शान्ति सुरक्षाबाट नै घरपरिवार र समाजले सुरक्षित महसुस गर्दछन् । कानुनी शासन बिना शान्ति, सुरक्षा, विकास र अमनचयन कायम हुन सक्दैन । यसको लागि आधुनिक समाज सुहाउँदो कानुनको आवश्यकता पर्दछ । फलस्वरूप सबै नागरिकलाई लागु हुने सामान्य कानुन अर्थात जनताको चाहना र आवश्यकता बमोजिम मुलुकी देवानी (संहिता) २०७४ र यससँग सम्बन्धित कार्यविधि ऐन २०७४ जारी भई कार्यान्वयनमा आएको छ ।

मुलुकी देवानी (संहिता) ऐन २०७४ का विशेषताहरू :

सामान्य अर्थमा देशमा विद्यमान फौजदारी कानुन, शैनिक कानुन र राजनीतिक विषयका बाहेक हरेक नागरिक र व्यक्तिका सामान्य व्यक्तिगत विवाद, नागरिक अधिकार वा पद र सम्पत्तिसँग सम्बन्धित विषयलाई सम्बोधन गर्ने कानुनलाई नै देवानी कानुन भनिन्छ । फौजदारी कानुनले दण्ड, सजाय र उपचारको व्यवस्था गर्दछ भने देवानी कानुनले नागरिकको सम्पत्ति, अंशबण्डा, करार, पारिवारिक विषय र व्यक्तिगत विवाद, क्षतिपूर्तिका विषयलाई समेटेको हुन्छ । अर्थात देशको फौजदारी कानुनको उल्लङ्घन भएका बाहेक सबै निजी विषयहरू देवानी कानुनको क्षेत्राधिकार भित्र पर्दछन् । हरेक व्यक्तिको निजी सम्पती, पद र हैसियत सम्बन्धमा देवानी कानुनले अधिकार प्रदान गर्दछ भने उक्त अधिकार उल्लङ्घन भएमा कानुनी उपचारको व्यवस्था गरेको हुन्छ । मुलुकी देवानी (संहिता) ऐन २०७४ को विशेषता हेर्दा मुलुकमा कानुन र व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार र सुविधा एवम् आर्थिक हित कायम राख्न तथा आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी विभिन्न जातजाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध कायम राख्नको लागि मुलुकी ऐन तथा अन्य कानुनमा रहेका देवानीसम्बन्धी व्यवस्थालाई संशोधन र एकीकरण समेत गरी समपानुकूल बनाउन[२]उक्त ऐन जारी भएको देखिन्छ । देवानी (संहिता) ऐन २०७४ का विशेषता देहाय बमोजिम रहेका छन् :

१. **विशेष ऐन बमोजिम हुने :** मुलुकी देवानी (संहिता) ऐनले नियमित गरेका विषयमा प्रचलित कानुनमा छुट्टै व्यवस्था भएको रहेछ भने त्यस्तो विषयमा यस ऐनको व्यवस्थाले कुनै असर पार्ने छैन[३] । अर्थात विशेष ऐनको व्यवस्था लागु हुन्छ ।

---

१. निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग ।

२. मुलुकी देवानी (संहिता) ऐन २०७४ को प्रस्तावना

३. ऐ.ऐ. दफा ३

२. **देवानी कानुनका सामान्य सिद्धान्त** : कानुनको अनभिज्ञता क्षभ्य नहुने र कानुन सबैले जानेको अनुमान गरिने[४], सार्वजनिक हित विपरीत हुने काम गर्न नपाउने[५] कानुन विपरीतको काम अमान्य हुने[६], गल्ती गर्नेले क्षतिपूर्ति व्यहोर्नु पर्ने[७], अरूलाई दुःख दिने गरी काम गर्न नहुने[८], गल्तीको फाइदा लिन नपाउने[९], आफ्नो संरक्षकत्वमा रहेको वा प्रभाव पर्न सक्ने व्यक्तिको हित विपरीत गरिएको काम अमान्य हुने[१०], प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नु पर्ने[११], छिमेकी वा समुदायलाई हानी नोक्सानी नहुने गरी असल छिमेकीपन कायम गर्नु पर्ने[१२], कानुन बमोजिम देवानी दायित्वबाट छुटकारा नपाउने[१३], कानुन विपरीतका प्रथा वा परम्परालाई न्यायको रोहमा मान्यता नदिइने[१४], देवानी कानुनसम्बन्धी प्रावधान विदेशीको हकमा पनि समान रूपमा लागु हुने[१५] जस्ता सिद्धान्तलाई मुलुकी (देवानी संहिता)ले सम्बोधन गरेको छ ।

मुलुकी देवानी (संहिता) ऐन २०७४ र मानव अधिकारका मूल्य मान्यतालाई आत्मसात गरेको छ । मुलतः मानव अधिकारसँगसम्बन्धी व्यवस्थालाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

१. **समानताको अधिकार**

प्रत्येक नागरिक कानुनको दृष्टिमा समान हुने छन् र कुनै पनि नागरिकलाई कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन[१६] भन्ने प्रावधानले मानव अधिकारको मूल विषय समानताको अधिकारलाई संरक्षण गरेको छ ।

२. **भेदभाद विरुद्धको अधिकार**

मुलुकी देवानी संहिता सर्वसाधारण सबैलाई लागु हुने सामान्य कानुन हो । तसर्थ सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै पनि आधारमा भेदभाव गरिनै छैन[१७] । त्यस्तो आधारमा कुनै पनि व्यक्तिलाई निजी तथा सार्वजनिक स्थानमा समेत भेदभाव गरिने छैन भने त्यस्तो आधारमा कुनै पनि व्यक्तिलाई सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा आफ्नो इच्छाअनुसारको धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने[१८] व्यवस्था गरेको छ । समान कामका लागि कसैलाई पनि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने[१९], सरकारी वा सार्वजनिक पदमा नियुक्ति गर्दा कानुनले निर्धारण गरेको योग्यताको आधारमा मात्र नियुक्ति गरिने र त्यसरी नियुक्ती गर्दा कुनै पनि नागरिक माथि उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगरिने[२०] व्यवस्था गर्दै भेदभाव विरुद्धको अधिकारलाई संरक्षण गरेको पाइन्छ । मानव अधिकारको दृष्टिले भेदभाव विरुद्धको अधिकार महत्वपूर्ण भएकोले त्यस सम्बन्धी व्यवस्थालाई समावेश गरिएको छ ।

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित, वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस अर्थ लगायत नागरिकको संरक्षण सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको नमानिने[२१]व्यवस्था गर्दै नेपालको संविधान (२०७२) द्वारा प्रत्याभूत गरिएका सकारात्मक विभेदको सिद्धान्तलाई समेत कानुनी संरक्षण गरेको छ ।

३. **स्वतन्त्रताको हक**

कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैचारिक स्वतन्त्रता अपहरण नगरिने सुनिश्चितता गर्दै प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको

---

४. ऐ.ऐ. दफा ५
५. ऐ.ऐ. दफा ६
६. ऐ.ऐ. दफा ७
७. ऐ.ऐ. दफा ८
८. ऐ.ऐ. दफा ९
९. ऐ.ऐ. दफा १०
१०. ऐ.ऐ. दफा ११
११. ऐ.ऐ. दफा १२
१२. ऐ.ऐ. दफा १३
१३. ऐ.ऐ. दफा १४
१४. ऐ.ऐ. दफा १५
१५. ऐ.ऐ. दफा १६
१६. ऐ.ऐ. दफा १७(२)
१७. ऐ.ऐ. दफा १८ को उपदफा (१)
१८. ऐ.ऐ. दफा १८ को उपदफा (२)
१९. ऐ.ऐ. दफा १८ को उपदफा (३)
२०. ऐ.ऐ. दफा १८ को उपदफा (४)
२१. ऐ.ऐ. दफा १९

स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्ण भेला हुने तथा सभा सम्मेलन गर्ने, सङ्घसंस्था खोल्ने, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने, पेसा रोजगार, उद्योग, व्यवसाय गर्ने, शिक्षा आर्जन गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग हस्तान्तरण गर्ने, सम्पत्तिको अन्य कुनै कारोवार गर्ने, सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने, आफ्नो समुदायको भाषा, लिपि वा संस्कृतिको संरक्षण र संवर्धन गर्ने, धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन गर्ने, आफ्नो जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको रक्षा गर्ने वा गोप्य राख्ने[२२]जस्ता स्वतन्त्रताको ग्यारेन्टी गरेको छ। मानव अधिकारमो विश्वव्यापी घोषणा पत्र १९४८ र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिद्वारा प्रदत्त स्वतन्त्रता सम्बन्धी हकलाई राष्ट्रिय कानुनले संरक्षण गरेको पाइन्छ।

४. गोपनीयताको अधिकार

प्रत्येक व्यक्तिको शरीर, वासस्थान, सम्पत्ति, चिठीपत्र जस्ता गोपनीयताका अधिकारलाई मानव अधिकारको रूपमा संरक्षण गरेको हुन्छ। मुलुकी देवानी (संहिता)ले कानुन बमोजिम बाहेक कसैले सम्बन्धित व्यक्तिको मञ्जुरी नलिइ कुनै व्यक्तिको बासस्थानमा प्रवेश गरेमा, चिठीपत्र खोलेमा वा त्यसको प्रयोग गरेमा, टेलिफोन वा अन्य प्रविधिको माध्यमबाट भएको कुराकानी, बोली, ध्वनीको टेप वा रेकर्ड गरेमा वा सुनेमा, कुनै व्यक्तिको निजी जीवनको व्यवहार आचरणको चियोचर्चो, प्रकाशन, प्रशारण वा प्रचार गरेमा, कसैको आकृति वा तस्वीर खिचेमा, अरूको नाम, आकृति, तस्वीर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा गोपनीयताको अधिकार अतिक्रमण गरेको मानिने कानुनी व्यवस्था गरेको छ[२३]। तर कसैले साहित्यिक वा कलात्मक प्रयोजन वा सार्वजनिक हितको लागि भने कसैको तस्वीर खिच्न वा अरूको नाम, तस्वीर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा गोपनीयताको अधिकार अतिक्रमण भएको नमानिने भनी व्यङ्ग, कार्टुन वा सार्वजनिक पदाधिकारीको तस्वीर खिच्नलाई छुट दिएको पाइन्छ।

४. कानुन बमोजिम बाहेक कर लगाउन नपाइने

नागरिक, जनप्रतिनिधी र करको नजिकको सम्बन्ध रहन्छ। जनताका प्रतिनिधिले कानुन बनाएर मात्र कर लगाउन पाउने विश्वव्यापी मान्यता र लोकतन्त्रको मर्म पनि हो। त्यसैले No taxation without representation भन्ने गरिन्छ। कानुन बमोजिम बाहेक कुनै व्यक्तिको सम्पत्ति वा आयमा कर लगाउन नसकिने[२४] व्यवस्थाले सरकारको स्वेच्छाचारितालाई रोकी व्यक्तिको सम्पत्ति माथिको पूर्ण अधिकारलाई कानुनले संरक्षण गरेको छ।

५. इच्छाविरुद्ध काममा लगाउन नपाउने

कुनै पनि व्यक्तिलाई नीजको इच्छा विरुद्ध कुनै काममा लगाउन पाइने छैन। [२५] व्यक्तिको इच्छा प्रतिकूल काममा लगाउने कार्यलाई दण्डनीय बनाएको छ।

६. सम्पत्तिको अधिकार

कुनै पनि व्यक्तिको चलअचल सम्पत्तिमाथि राज्यले अतिक्रमण गर्न पाउदैन। तर कानुन बमोजिम सार्वजनिक हितको लागि भने राज्यले उचित र पर्याप्त क्षतिपूर्ति उपलब्ध गराएर व्यक्तिको सम्पत्ति अधिग्रहण गरी प्राप्ति गर्न सक्ने देखिन्छ। मुलुकी देवानी संहिताले कानुन बमोजिम बाहेक कसैको सम्पत्ती लिलाम वा जफत नगरिने[२६] व्यवस्था गरेको छ। तर गैरकानुनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा भने सम्पत्तीको अधिकारसम्बन्धी व्यवस्था लागू हुने छैन।

७. उपचार र क्षतिपूर्तिको हक

उपचार विनाको हकलाई अधिकार मानिदैन (Rights without remedy is no rights)। त्यसैले गिरफ्तार भएको वा थुनामा परेको व्यक्ति आफैले वा निजको तर्फबाट जोसुकैले बन्दी प्रत्यक्षीकरणको लागि सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालतमा उजुरी दिन सक्ने छ। त्यसरी परेको उजुरीमा जाँचबुझ गर्दा कानुन विपरीत गिरफ्तारी गरिएको वा थुनिएको देखिएमा अदालतले तुरुन्त थुनाबाट छाड्न आदेश दिन सक्ने व्यवस्था रहेको छ[२७]। त्यसरी जाँचबुझ गर्दा उजुरीकर्तालाई बदनियत पूर्वक क्षति पुग्ने कुनै काम गरेको ठहरिएमा सम्बन्धित अदालतले अवस्था हेरी प्रत्यर्थबाट उजुरीकर्तालाई मनासिव क्षतिपूर्ति भराई दिने[२८]र कुनै सरकारी कर्मचारीले जानी जानी नागरिक अधिकारको उल्लङ्घन गरेको ठहरेमा क्षतिपूर्तिको रकम त्यस्तो पदाधिकारी वा कर्मचारीले आफै व्यहोर्नु पर्ने[२९]गरी सार्वजनिक वा सरकारी पदाधिकारीलाई व्यक्तिगत रूपमा जवाफदेही बनाउन खोजेको देखिन्छ। तर कसैले कसैलाई दुःख दिने वा हानी नोक्सानी पुऱ्याउने नियतले झुठा उजुरी दिएको ठहरेमा सम्बन्धित अदालतले त्यस्तो उजुरी दिने उजुरीकर्ताबाट प्रत्यर्थीलाई मनासिव क्षतिपूर्ति भराई दिने[३०] व्यवस्था गरेको छ। उपरोक्त व्यवस्थाले उजुरीकर्ता र

२२. ऐ.ऐ. दफा २० को उपदफा (२)
२३. ऐ.ऐ. दफा २१
२४. ऐ.ऐ. दफा २३
२५. ऐ.ऐ. दफा २४
२६. ऐ.ऐ. दफा २५
२७. ऐ.ऐ. दफा २६
२८. ऐ.ऐ. दफा २७ को उपदफा (१)
२९. ऐ.ऐ. दफा २७ को उपदफा (२)
३०. ऐ.ऐ. दफा २८

सार्वजनिक पद धारण गरेको दुवै पक्षलाई जिम्मेवार बनाउन खोजेको छ ।

८. पहिचान र नामको अधिकार

प्रत्येक व्यक्तिले जन्मनासाथ व्यक्तिको रूपमा मान्यता पाउने र जीवित रहेसम्म कानुन बमोजिमको अधिकार उपयोग गर्न पाउने[३१]प्रत्येक व्यक्तिको नामको अधिकार हुने[३२]आफ्नो नाम, इज्जत र प्रतिष्ठाको रक्षा गर्ने अधिकार[३३] सुनिश्चित गरेको छ ।

९. आफ्नो शरीरमाथिको अधिकार

कुनै पनि व्यक्तिले कानुनको अधीनमा रही आफ्नो शरीरको परीक्षण, उपचार, अङ्ग, परिवर्तन वा शरीरको कुनै अङ्गको कुनै अंश वा त्यसको कुनै नमूना संकलन गर्न सक्ने[३४] व्यवस्था गरेको छ । आफ्नो शरीरमाथि व्यक्तिको अधिकार (My body, my rights) लाई पहिलो पल्ट कानुनले संरक्षण गरेको छ ।

१०. सांस्कृतिक अधिकार

कुनै पनि व्यक्तिले जीवित छँदै आफ्नो मृत्युपछि गरिने दाहसंस्कार, काजकिरिया वा सदगद्को विधि निर्धारण गरेकोमा हकवालाले पनि मर्ने व्यक्तिको इच्छा बमोजिम निजको दाहसंस्कार, काजकिरिया वा सदगदको विधि मर्ने व्यक्तिको इच्छा बमोजिम निजको दाहसंस्कार, काजकिरिया वा सदगत् गर्नुपर्ने[३५]व्यवस्था छ भने त्यसरी विधि निर्धारण नगरेकोमा भने हकवालाले प्रचलित परम्परा तथा संस्कार बमोजिम निजको सांस्कृतिक अधिकार प्रत्याभूति गर्नु पर्ने व्यवस्था गरेको छ । आफ्नो मृत्युपछि आफ्नो शव, शरिरको कुनै अङ्ग, खास कामको लागि प्रयोग गर्न वा गराउन कसैलाई दान दिने गरी लिखित रूपमा इच्छा व्यक्त गर्न सक्ने[३६] व्यवस्था गरेको छ । उपरोक्त कानुनी व्यवस्थाले आँखा, मृगौला जस्ता आवश्यक अङ्गको प्रत्यारोपण गरी अर्को व्यक्तिको ज्यान बचाउन सक्ने र मृत शरीरबाट चिकित्सा शास्त्रमा अध्ययनरत विद्यार्थीले भरपूर फाइदा लिन सक्ने देखिन्छ ।

११. विवाहसम्बन्धी हक

प्रत्येक व्यक्तिलाई विवाह गर्ने, पारिवारिक जीवन निर्वाह गर्ने स्वतन्त्रता हुने छ,[३७] भने प्रत्येक व्यक्तिको पारिवारिक जीवन अनतिक्रम्य हुने[३८] व्यवस्था गरेको छ । बीस वर्ष उमेर पूरा गरेका पुरुष र महिलाले मञ्जुरी गरेमा विवाह हुन सक्ने व्यवस्था रहेको छ । विवाहपछि महिलालाई बाबु, आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवैको थर प्रयोग गर्न सक्ने[३९] गरी महिलाको इच्छामा रहने व्यवस्थाले महिला अधिकारको सम्मान र संरक्षण गरेको छ ।

१२. नाबालकलाई श्रमिकको रूपमा काम लगाउन नहुने

कानुन बमोजिम श्रमिकको रूपमा काम गर्न पाउने नाबालकले आमा, बाबु वा अन्य संरक्षकको सहमति विना श्रमिकको रूपमा काम गर्न नपाउने[४०] व्यवस्था गरेको छ । अभिभावक र संरक्षणको सहमति विना श्रमिकको रूपमा काममा लगाउने कार्यलाई कानुनले वञ्चित गरेको छ ।

१३. छोराछोरीबीच विभेद गर्न नहुने

आमा बाबुले आफ्नो छोराछोरीको पालन पोषण, शिक्षा दीक्षा, खेलकुद, स्वास्थोपचार, मनोरञ्जन, सुविधा वा घरेलु कामकाजमा छोराछोरी वा छोराछोरा वा छोरीछोरी बीच कुनै किसिमको भेदभाव गर्न नहुने[४१]व्यवस्था गरेको छ । प्रत्येक बाबुआमाले आफ्नो छोराछोरीको पालन पोषण, शिक्षा दीक्षा, खेलकुद, स्वास्थोपचार, मनोरञ्जन, सुविधा वा घरेलु कामकाजमा विभेद गरेमा त्यसलाई दण्डनीय बनाएको पाइन्छ ।

१४. अपाङ्गता भएका व्यक्तिको अधिकार

बाबु आमाले शारीरिक वा मानसिक रूपले अशक्त वा अपाङ्ग भएका वा एचआइभी वा हेपाटाइटीस बी जस्ता प्राणघातक रोग लागेको छोराछोरी उपर विशेष निगरानी राखी विशेष सहुलियत र संरक्षण प्रदान गर्नु पर्ने[४२] र त्यस्ता छोराछोरीलाई विशेष प्रकारले स्वास्थोपचार गराई भविष्यमा आर्थिक रूपमा स्वावलम्बी बनाउन बाबुआमाले आफ्नो आर्थिक हैसियत र क्षमताअनुसार विशेष प्रकारको शिक्षा र तालिमको व्यवस्था गर्नुपर्ने कानुनी व्यवस्थाले अपाङ्गता भएका छोराछोरीको संरक्षण गर्ने दायित्व र जिम्मेवारी बाबुआमालाई तोकेको पाइन्छ ।[४३]

---

३१. ऐ.ऐ. दफा ३०
३२. ऐ.ऐ. दफा ३१
३३. ऐ.ऐ. दफा ३१ को उपदफा (२)
३४. ऐ.ऐ. दफा ३६ को उपदफा (१)
३५. ऐ.ऐ. दफा ३७ को उपदफा (२)
३६. ऐ.ऐ. दफा ३८ को उपदफा (१)
३७. ऐ.ऐ. दफा ६९ को उपदफा (१)
३८. ऐ.ऐ. दफा ६९ को उपदफा (३)
३९. ऐ.ऐ. दफा ८१
४०. ऐ.ऐ. दफा १२०
४१. ऐ.ऐ. दफा १२७
४२. ऐ.ऐ. दफा १२८ को उपदफा (१)
४३. ऐ.ऐ. उपदफा (२)

१५. महिला अधिकार

मुलुकी देवानी (संहिता) ऐन २०७४ को परिच्छेद १ देखि ११ सम्म पारिवारिक कानुनी सम्बन्धी व्यवस्था गरेको छ । घरपरिवार नै राज्यको सबैभन्दा सानो इकाइ हो । पारिवारिक सम्बन्ध र समान अधिकारबाट नै घरपरिवारमा शान्तिको वातावरण कायम हुन गई मुद्दामामिला वा झैझगडामा कमी ल्याउन मद्दत पुऱ्याउछ । यसअन्तर्गत विवाह गर्नका लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनुपर्ने र उमेर पूरा नभइ विवाह भएमा कानुन बमोजिम सजायसहित विवाह बदर गराउन सकिने, उमेर पूरा भएका हाडनातामा नपर्ने अविवाहित महिला र पुरुषले एकअर्कालाई पति पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेमा विवाह हुने, जुनसुकै किसिमबाट भएको विवाह सार्वजनिक गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ । त्यसैगरी जिल्ला अदालतबाट दर्ता विवाह (कोर्ट म्यारिज) हुन सक्ने व्यवस्था गरेको छ । विवाहपछि विवाहित महिलाले बाबु वा आमाले प्रयोग गरेको थर वा निजको पतिको थर वा दुवै थर प्रयोग गर्न सक्ने अधिकार प्रदान गरेको छ । पतिको थर भएकी महिलाको सम्बन्ध विच्छेद भएमा निजले चाहेमा निजको बाबुआमाले प्रयोग गरेको थर प्रयोग गर्न सक्ने अधिकार प्रदान गरेको छ । विवाह सम्बन्ध कायम रहेको दम्पती एक अर्काको पती, पत्नीको रूपमा रहेको मानिने र एक अर्काप्रति सम्मान, सहयोग र संरक्षण गर्नु पर्ने व्यवस्था गरेको छ । पति वा पत्नी वा परिवारको सदस्यले एक अर्कालाई निजको योग्यता, सीप, क्षमताअनुसारको पेसा, व्यवसाय वा काम गर्न रोक्न नहुने जस्ता कानुनी प्रावधान रहेको छ । त्यसैगरी पती पत्नीले एक अर्कालाई आफ्नो इज्जत र क्षमताअनुसार खान लगाउन तथा स्वास्थोपचारको व्यवस्था गर्नु पर्ने, आफ्नो सम्पत्ती, आम्दानी र हैसियतअनुसार आपसी सहमतिको आधारमा घरायसी व्यवहार चलाउनु पर्ने, पति र पत्नीले आफ्नो नाउँमा रहेको सम्पत्ति बिक्री वितरण वा हक हस्तान्तरण गर्दा कानुनमा अन्यथा व्यवस्था भएको बाहेक एक अर्काको मञ्जुरी र सहमति लिनु पर्ने व्यवस्था गरेको पाइन्छ ।

त्यसैगरी सगोलको सम्पत्ति अंशवण्डा गर्ने प्रयोजनको लागि पति पत्नी, बाबुआमा, छोराछोरी, अंशियार मानी प्रत्येक अंशियार अंशको समान हकदार हुने, गर्भको सन्तानको अंश छुट्याउनु पर्ने, छोराछोरी प्रतिको कर्तव्य बाबुआमाको बराबरी हुने जस्ता व्यवस्था गरी महिला हक अधिकारलाई समानताको सिद्धान्तको आधारमा संरक्षण गरेको पाइन्छ । उपरोक्त व्यवस्था नेपालको संविधानद्वारा प्रदत्त महिला अधिकार, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौता र सर्वोच्च अदालतबाट प्रतिपादित कानुनी सिद्धान्त समेतलाई सामञ्जस्य हुने गरी तर्जुमा भएको देखिन्छ । उपरोक्त व्यवस्थाले महिला पुरुष दुवैको सहअस्तित्व र आत्मसम्मानमा वृद्धि हुन गइ मानव अधिकारको संरक्षण गर्न खोजेको देखिन्छ ।

मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ र मानव अधिकार

मुलुकी देवानी (संहिता) ऐन २०७४ द्वारा प्रदत्त हक अधिकार कसैले हनन गरेमा उपचारसम्बन्धी कानुनको रूपमा मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ ले कानुनी व्यवस्था गरेको छ । कार्यविधि कानुनलाई उपचारको कानुन पनि भनिन्छ । उपचार बिनाको कानुनी हकको कुनै महत्व रहदैन । त्यसैले कार्यविधि सरल, छिटो, छरितो हुनु पर्दछ । त्यसैले नागरिकलाई कानुन प्रदत्त हक अधिकारको प्रचलनको लागि कार्यविधि कानुनको विशेष महत्व रहन गएको हो । मुलतः देवानी मुद्दाको दर्ता, कारबाही, सुनुवाई र किनारा तथा सोसँग सम्बन्धित कार्यविधिको व्यवस्था गर्नु मुलुकी देवानी कार्यविधि (संहिता) ऐनको उद्देश्य रहेको छ ।[४४] उक्त ऐनले कार्यविधि कानुनका सिद्धान्तलाई देहाय बमोजिम उल्लेख गरेको छ ।[४५]

१. सुनुवाइ खुला इजलासमा हुने

कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक मुद्दाको कारबाही, सुनुवाइ र किनारा खुल्ला इजलासमा हुने छ ।[४६]

२. हक बेहकको प्रश्न अदालतबाट मात्र निरुपण हुने

कुनै विषयमा हक बेहकको प्रश्न उत्पन्न भएमा त्यस्तो प्रश्नको निरूपण नियमित अदालतबाट मात्र हुने छ भने कुनै व्यक्तिको नाता कायम, सम्बन्ध विच्छेद वा कानुनी हैसियत सम्बन्धी विवाद नियमित अदालतबाट मात्र निरुपण हुने छ । अर्थात अदालत र न्यायिक निकाय भन्दा बाहिर अर्धन्यायिक र प्रशासनिक निकायबाट व्यक्तिको हक वेहकको प्रश्नमा निर्णय गर्न पाइदैन ।

३. पक्षहरूको हैसियत समान हुने

मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्दा मुद्दाका पक्षहरूको हैसियत समान रहने छ । कुनै पनि आधारमा मुद्दामा पक्ष बीच अदालती प्रकृयामा विभेद गर्न पाइदैन ।

४. प्राङ्न्यायको सिद्धान्त अवलम्बन गर्नु पर्ने

अदालतले एकपल्ट मुद्दा परी फैसला भएपछि उही वादी र प्रतिवादी रहेको सोही विषयको मुद्दामा पुनरावेदन गरेकोमा वा मिलापत्र कार्यान्वयन नभएको विषयमा बाहेक एकपटक भन्दा बढी सुनुवाइ र फैसला गर्नु हुँदैन । उक्त सिद्धान्तको मर्म भनेको अदालतबाट एकपल्ट फैसला भइसकेपछि त्यसलाई स्थिर राख्नु हो । अदालतमा बारम्बार एउटै विषयमा मुद्दा मामिला गर्न यस सिद्धान्तले रोक्दछ । जसले समाजमा शान्ति सुव्यवस्था कायम राख्न मद्दत पुऱ्याउछ ।

५. पुनरावेदनको अधिकार

कुनै अदालतले सुरु कारबाही र किनारा सुनुवाइ गरी फैसला वा अन्तिम आदेश र किनारा गरेको मुद्दाका चित्त नबुझ्ने पक्षलाई पुनरावेदन गर्ने अधिकार

४४. मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ को प्रस्तावना

४५. ऐ.ऐ. परिच्छेद-२

४६. मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ को दफा २६८

हुने छ ।[४७] पुनरावेदनको अधिकार स्वच्छ पुर्पक्षको अधिकार अन्तर्गत पर्ने विषय पनि भएकोले यसको विशेष महत्व रहेको छ ।

६. नाबालक वा होस ठेगाना नरहेको व्यक्तिको मुद्दा सम्बन्धमा

नालिस वा फिराद पत्र गर्नु पर्ने कुनै व्यक्ति नाबालक भएका निज बालिग भएको दिनदेखि निजको हकमा हदम्याद प्रारम्भ भएको मानिने छ ।[४८] त्यसैगरी हदम्याद प्रारम्भ भएपछि कुनै व्यक्तिको हदम्याद प्रारम्भ र अन्त्य हुँदा जति अवधि निजको होस ठेगानामा नरहेको अवस्था रहन्छ त्यति नै अवधि गणना गरी हुन आउने अवधि भित्र फिराद दिन सक्ने व्यवस्था रहेको छ ।[४९] त्यसैगरी नाबालक वा होस ठेगानामा नरहेको व्यक्तिको हकमा कानुन बमोजिम निजको संरक्षकले कानुनको हदम्याद भित्र फिराद गर्न पाउने छ ।[५०]

७. सार्वजनिक हितको लागि जोसुकैले नालिस दिन सक्ने

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको हक, हित वा सरोकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा अदालतको अनूमति लिई जुनसुकै व्यक्तिले फिराद पत्र दिन सक्ने छ ।[५१]

८. मेलमिलापबाट विवादको समाधान गर्ने

पक्षहरूले चाहेमा जुनसुकै तहको अदालतमा विचाराधीन रहेको मुद्दाको मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न सक्ने[५२], मेलमिलापको माध्यमबाट विवादको समाधान गर्न उपयुक्त हुने कुरा अदालतलाई लागेमा र पक्षहरू मेलमिलापको प्रकृयामा जान सहमति भएमा अदालतले मेलमिलापको माध्यमबाट मुद्दाको समाधान गर्न आदेश दिन सक्नेछ ।[५३] मेलमिलाप पठनीबाट विवादको समाधान हुँदा पक्षहरूले जीतजीतको महसुस गर्ने भएकोले यो पद्धतिबाट विवाद समाधान गर्ने विश्वव्यापी मान्यता रहदै आएको छ ।

९. अशक्त र कमजोर वर्गको अधिकार

नाबालक, अशक्त, ज्येष्ठ नागरिक, दृष्टिविहीन, बोल्न नसक्ने, होस ठेगानामा नरहेको वा बेपत्ता भएको व्यक्ति वा निज आफैले नसकेको अवस्थामा त्यस्तो व्यक्तिको तर्फबाट संरक्षकले फिराद पत्र, प्रतिउत्तर पत्र वा निवेदन पत्र दिन सक्ने छ ।[५४] उपरोक्त प्रावधानले कमजोर र अशक्त वर्गको हक अधिकार संरक्षणमा मद्दत पुग्ने देखिन्छ ।

१०. मुद्दा हेर्दा अशक्तलाई प्राथमिकता दिनु पर्ने

अदालतले मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्दा अपाङ्गता भएका व्यक्ति तथा नाबालक पक्ष भएको मुद्दा, शारीरिक अशक्तता भएका वा पचहत्तर वर्ष भन्दा बढी उमेरका व्यक्ति, न्वारान वा नाता कायम सम्बन्धी मुद्दा, सम्बन्ध विच्छेद सम्बन्धी मुद्दालाई प्राथमिकतामा राखी कारबाही र सुनुवाइ गर्नुपर्ने छ ।[५५] प्राथमिकता दिइ मुद्दाको निरुपन गर्दा छिटोछरितो शीघ्र न्यायमा मद्दत पुऱ्याउने देखिन्छ ।

११. स्वार्थ बाझिएको मुद्दा न्यायधीशले हेर्न नमिल्ने

स्वच्छ पुर्पक्षको अधिकार अन्तरगत न्यायधीशले आफ्नो र आफ्नो नजिकको नातेदारको हक, हित वा सरोकार वा स्वार्थ गासिएको मुद्दा हेर्न मिल्दैन । अपुताली प्राप्त गर्न सक्ने प्राथमिकता क्रममा रहेका व्यक्तिको मुद्दा एकासंगोलको परिवारका सदस्यको स्वार्थ गाँसिएको मुद्दा, आफै वारिस वा कानुन व्यवसायी र साक्षी भएका जस्ता मुद्दा हेर्न बन्देज लगाएको पाइन्छ ।[५६] उपरोक्त व्यवस्थाले स्वच्छ सुनुवाइको मानव अधिकारलाई सम्बोधन गर्ने देखिन्छ ।

१२. अनुवादकको सहयोग लिन सक्ने

अदालतले नेपाली भाषा नबुझ्ने कुनै पक्ष वा साक्षीको बयान वकपत्र गराउनु परेमा वा अन्य कुनै प्रयोजनको लागि सम्बन्धित भाषाको अनुवादकको सहयोग लिन सक्ने छ ।[५७] मुद्दाको पुर्पक्षको क्रममा दोभाषेको सहयोग अनिवार्य विषय भएकोले अनुवादकको व्यवस्था हुनु मानव अधिकारको दृष्टिले महत्वपूर्ण विषय हो ।

१३. गोपनीयताको हक

कुनै पक्ष वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो पक्ष वा साक्षीको सामाजिक प्रतिष्ठा, इज्जत उपर कुनै पक्षबाट अनुचित डर, त्रास वा भय वा अनुचित प्रभाव हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पुग्न जाने देखिएमा कुनै पक्षले अदालतलाई परिचय वा हुलिया गोप्य राख्न अनुरोध गरेमा अदालतले गोपनीयता कायम गर्ने गरी आदेश दिन सक्ने छ ।[५८] गोपनीयताको हक संरक्षणबाट पीडितको भविष्य सुरक्षित रहने, मर्यादा कायम रहने भएकोले प्रत्येक

४७. ऐ.ऐ. दफा १५
४८. ऐ.ऐ. दफा ५२ को उपदफा (१)
४९. ऐ.ऐ. उपदफा (३)
५०. ऐ.ऐ. दफा ५४
५१. ऐ.ऐ. दफा ९१
५२. ऐ.ऐ. दफा १९४ (१)
५३. ऐ.ऐ. उपदफा (३)
५४. ऐ.ऐ. दफा २६७
५५. ऐ.ऐ. दफा २७०
५६. ऐ.ऐ. दफा २७१
५७. ऐ.ऐ. दफा २७४ को उपदफा (१)
५८. ऐ.ऐ. दफा २७६

वि. सं. २००७ सालको राजनीतिक परिवर्तनपछि कानुनलाई आधुनिकीकरण, प्रजातान्त्रिकरण र संहिताकरण गर्ने प्रकृया सुरु भई साविक पुरानो मुलुकी ऐन खारेज गरी मुलुकी ऐन २०२० जारी भएको थियो । उक्त ऐनको समाज परिवर्तन सँगसँगै समयानुकूल शंसोधन र परिमार्जन हुँदै आएको थियो । समय अनुकूल समाज परिवर्तनको सँगसँगै कानुनको परिवर्तन स्वभाविकै भए पनि नेपाली समाजको जनजिव्रोमा रहेको प्रत्येक व्यक्ति र घर परिवारलाई लागु हुने मुलुकी ऐनको समयानुकूल संहिताकरण र परिमार्जनको आवश्यकता र अपरिहार्यतालाई नेपाली समाजले विभिन्न कालखण्डमा महसुस गरेको थियो । त्यसैले मुलुकी देवानी (संहिता) ऐन, मुलुकी देवानीकार्यविधि (संहिता) ऐन, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, मुलुकी फौजदारी (कार्यविधि) ऐन सहित पाँच ओटा संहितालाई व्यवस्थापिका संसदबाट पारित गर्ने कार्यलाई नेपालको देवानी कानुनको इतिहासमा कोसेढुङ्गाको रूपमा लिन सकिन्छ ।

व्यक्तिको लागि प्रत्याभूत गरिएका मानव अधिकारको सम्मान र संरक्षण हुन जाने देखिन्छ । पक्षको सुरक्षा र प्रतिष्ठामा असर पार्ने विषयमा अदालत, प्रहरी, पत्रकारिता क्षेत्र, मानव अधिकारकर्मी सबैले साक्षी र पीडितको संरक्षणलाई पहिलो प्राथमिकतामा राख्नु आवश्यक छ ।

निष्कर्ष

साविक मुलुकी ऐन २०२० मा देवानी र फौजदारी कानुनलाई एउटै ऐनले सम्बोधन गरेको थियो । तर वर्तमान देवानी संहिता ऐनले फौजदारी कानुनलाई छुट्याई अलग्गै देवानी कानुनसँग सम्बन्धित विषयलाई मात्र समेटेको छ । देवानी कानुनसँग सम्बन्धित विषयलाई एउटै संहितामा समावेश गरी छिटफुट रूपमा छरिएर रहेको कानुनलाई एकीकृत रूपमा समेटेको छ । यसले सर्वसाधारण नागरिकलाई समेत आफ्ना हक अधिकार बारे जानकारी राख्न सहज भएको छ । नेपालको संविधान (२०७२) द्वारा प्रदत्त समानताको हक, स्वतन्त्रताको हक, भेदभाव विरुद्धको अधिकारलाई देवानी संहिता ऐनले पर्याप्त स्थान दिएको छ । देवानी कानुनका मुलभूत सिद्धान्तलाई कानुनले लिपीवद्ध गरेको हुँदा सम्मानित अदालतबाट मुद्दाको सिलसिलामा कानुनको विश्लेषण विवेचना र सिद्धान्त प्रतिपादन गर्न समेत मद्दत पुग्ने देखिन्छ । साविक मुलुकी ऐन २०२० मा भएका कतिपय परम्परा देखी चलिआएका व्यवहारलाई ऐनले निरन्तरता दिएको छ ।

बदलिदो परिवेश, आर्थिक विकास, पारिवारिक र समुदायमा हुने नयाँ प्रकृतिका व्यवहार सहित अति आवश्यक पर्ने विषयवस्तुलाई समेत समेट्न खोजेको छ । कुनै पनि कानुन आफैँमा जतिसुकै राम्रो भए पनि त्यसको प्रभावकारी कार्यान्वयनको कसीमा मूल्याङ्कन गर्नु पर्ने हुन्छ । आम नागरिकले आफ्ना हक अधिकारको प्रयोग गर्दा छिटोछरितो न्याय प्रणाली, न्यायमा पहुँच हुन सकेमा त्यसले घरपरिवार र समाजमा शान्ति सुरक्षा कायम गर्दै देशको विकास गर्न सक्दछ । तथापी नेपाल संविधान (२०७२), नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तद्वारा प्रतिपादित नागरिकका अधिकार, मानव अधिकारमा विश्वव्यापी मान्य सिद्धान्त सहित मानव अधिकारका विषयलाई नवीनतम अधिकारलाई समेत देवानी संहिता ऐनले समेटेको हुँदा देवानी संहिताद्वारा प्रदत देवानी हक अधिकारलाई मानव अधिकारको दृष्टिले अत्यन्त सकारात्मक प्रयासको रूपमा हेर्न सकिन्छ ।

विश्लेषण

रमेशप्रसाद तिमल्सिना

न्याय सुनिश्चितताका लागि रोम विधानको अनुमोदन आवश्यक

न्यायले मानिसलाई आनन्द दिलाउँछ। तर, ठिक त्यस विपरीत अन्याय भयो भने मानिसको मन दुख्छ। १२ वर्षे सशस्त्र द्वन्द्वको समाप्तीसँगै शान्ति सम्झौतामार्फत शान्तिप्रक्रियाको थालनी भयो। शान्ति प्रक्रियाको थालनी भएसँगै कोही पनि अन्यायमा पर्नु पर्दैन भन्ने आम मानिसको बुझाइ थियो। तर, त्यसयता पनि थुप्रै मानिसले अन्यायको सामना गर्नुपरेको छ। द्वन्द्वकै क्रममा अन्यायमा परेका पीडितहरू सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा न्यायको माग गरिरहेका छन्। यस्तै अन्यायका विरूद्ध अन्तरराष्ट्रिय स्तरमा सन् १९९८ जुलाई १७ का दिन अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गरिएको छ। अदालतले रोम विधान जारी गरेको छ। २०२० को १४ जुलाईसम्म विश्वका १ सय २३ राष्ट्रले यसका पक्षमा हस्ताक्षर गरिसकेका छन्। जसमध्ये अफ्रिकी मुलुक ३३, एशियन मुलुक १९, पूर्वी युरोपियन मुलुक १८, ल्याटिन अमेरिकन २८ र पश्चिमी युरोप तथा अन्य मुलुक २५ रहेका छन्।[१] दक्षिण एशियाली मुलुकमा माल्दिभ्स र बङ्गलादेश मात्रै यसको पक्ष राष्ट्र बनेका छन्। नेपाल भने अहिलेसम्म रोम विधानको पक्ष राष्ट्र बनेको छैन।

जुलाई १७ का दिन विश्वभर नै अन्तर्राष्ट्रिय न्याय दिवस मनाइन्छ। सन् १९९८ जुलाई १७ तारिखका दिन अन्तरराष्ट्रिय फौजदारी अदालत आइसीसीको रोम विधान लागू भएपछि यसै दिनलाई अन्तर्राष्ट्रिय न्याय दिवसका रूपमा मनाउँदै आइएको हो। १९९८ जुलाई १७ मा रोम विधान आए पनि ६० ओटा देशले हस्ताक्षर गरेपछि मात्रै कार्यान्वयनमा आउने भन्ने व्यवस्थाले यसको औपचारिकताका लागि चार वर्ष लागेको थियो। जुलाई १, २००२ बाट मात्रै यो कार्यान्वयनमा आएको हो। मानवताविरूद्धको अपराधलाई अन्तर्राष्ट्रियकरण गर्ने मामलामा रोम विधान निकै चर्चित छ। इन्सेकले भने सन् २००२ देखि नै अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न सरकारसँग माग गरिरहेको छ। रोम विधान अनुमोदन गर्न पैरवी गरिरहेको छ। बहस चलाइरहेको छ। सरकारको ध्यानाकर्षण गराइरहेको छ।

न्याय भन्ने बित्तिकै मनमा आनन्द हुन्छ। नेपाल प्रज्ञा प्रतिष्ठानको नेपाली बृहत् शब्दकोषको पेज नं ७१० मा न्यायको अर्थ लगाइएको छ। उक्त शब्दकोषले न्यायलाई कुनै विषयबारे तर्कपूर्ण विवेचना गर्ने ६ दर्शनमध्ये एक दर्शन हो भनेको छ। त्यसैगरी सुहाउँदो वा उचित कुरो, मनासिब तथ्य, इन्साफ, निसाफ, मुद्दामामिलामा विभिन्न प्रमाण बुझी वादी वा प्रतिवादी कुनै एकका पक्षमा गरिएको निर्णय वा फैसलालाई न्याय भनिएको छ। आइसीसीले गम्भीर प्रकृतिका अपराधलाई जुनसुकै देशको कानुनसँग बाझिएमा पनि अन्तर्राष्ट्रियकरण गरी एउटै आँखाले हेर्नुपर्ने भनेको छ। रोम विधानले अदालतको अधिकारक्षेत्र भित्रका अपराधहरू, आमनरसंहार, मानवता विरूद्धका अपराध, युद्ध अपराध र आक्रमकताको अपराधलाई अन्तरराष्ट्रिय कठघरामा पुऱ्याई न्याय दिने सुनिश्चितता प्रदान गरेको छ।

नेपाल सरकारले रोम विधान अनुमोदन गर्न हिच्किचाउनुको प्रमूख कारण भनेकै तत्कालीन द्वन्द्वकालीन अपराधको सजाय पाइन्छ भन्ने मनोवैज्ञानिक त्रास नै हो। तर, रोम विधानको धारा १२४ मा संक्रमणकालीन व्यवस्था शीर्षकमा भनिएको छः धारा १२, अनुच्छेद १ र २ मा जुनसुकै कुरा लेखिएको भएपनि यस विधानको पक्षराष्ट्र बनेपछि राज्यले सम्बन्धित राज्यका लागि यो विधान लागु भएको मितिपछि सात वर्षको अवधिका लागि धारा ८ मा उल्लेख गरिएको श्रेणीका अपराध उसका नागरिकले गरेको वा उसको क्षेत्रभित्र भएको आरोपमा अदालतको अधिकार क्षेत्र स्वीकार नगर्ने गरी घोषणा गर्न सक्नेछ। यसो भन्दैमा अपराध गर्नेलाई सजाय दिनबाट उन्मूक्ति दिनु पर्छ भन्ने यसको आशय होइन। तथापी आफूले गरेका गलत क्रियाकलाप, अपराधहरूको विषयमा सार्वजनिक रूपमा माफी मागेर पीडितहरूकै प्रस्तावमा माफी, कम सजाय लगायतका अभ्यास गर्नुचाँहि उत्तम मानिन्छ। अन्यथा विश्वव्यापी क्षेत्राधिकार आकर्षित हुन्छ। त्यतिबेला विश्वका अन्य कुनै पनि राष्ट्रमा अपराध गरेको आरोपमा आरोपित कारबाहीमा पर्न सक्छन्। तत्कालीन विद्रोही पार्टीका नेताहरूले बेलाबेलामा हामीलाई हेग पुऱ्याउने षडयन्त्र भइरहेको छ भनेर आफ्नो सन्त्रासलाई ओकलिरहेका छन्।

कुनै विषयबारे तर्कपूर्ण विवेचना गर्ने दर्शनमध्ये एक दर्शन हो न्याय। त्यसमा पनि सर्वमान्य र सर्वव्यापी सिद्धान्त हो प्राकृतिक न्यायको सिद्धान्त। प्राकृतिक न्यायको सिद्धान्तलाई विभिन्न शब्दहरूद्वारा विभुषित गरिएको हुन्छ। जस्तो कि दैविक कानुन, शास्वत कानुन, सर्वसाधारण वा सर्वव्यापी कानुन, अलिखित कानुन, विवेकको कानुन वा प्राकृतिक कानुन। तर, यसको कुनै व्याख्या नभएको जानकारहरूको भनाइ छ। साधारणतया प्राकृतिक न्याय सिद्धान्तका दुई ओटा अन्तरनिहित वस्तुहरू हुन्छन्, एक तत्व हो आफ्नो विषयमा आफैँ न्यायाधीश हुनुहुँदैन, अर्थात अदालत निश्पक्ष हुनुपर्छ, पक्षीय हुनुहुँदैन। र, दोश्रो तत्व हो निर्णय गर्नुभन्दा पहिला दुवै पक्षहरूको कुरा सुन्नु पर्छ अर्थात सुनुवाइको मौका नदिई विपरीत असर पर्ने निर्णय गर्नु हुँदैन।

प्राकृतिक न्यायको आत्मा भनेको अधिकारप्राप्त अधिकारीको काम कारबाहीमा स्वच्छता कायम गर्नु, न्यायका निम्ति अन्याय हुनबाट रोक्नु हो। कानुनको उचित प्रक्रिया र प्राकृतिक न्यायको सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगतरूपमा भएको मानिने छ। कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्नेगरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ किसिमले कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ भन्ने मान्यता प्राकृतिक न्यायको सिद्धान्त हो। प्राकृतिक न्यायको सिद्धान्त निष्पक्षता र स्वच्छता कायम गर्ने प्रयोजनका लागि जसका विरूद्ध अभियोग वा दावी पेस गरी निर्णय गरिन्छ उसलाई आफ्नो दावी र भनाई राख्ने र प्रमाण पेस गर्ने मौका प्रदान गरिनुपर्दछ भन्ने कुरासँग सम्बन्धित छ। यसले निर्णय प्रक्रियालाई स्वच्छ, न्यायिक र निष्पक्ष बनाउन मद्दत गर्छ।[२]

यी सबै कुराहरूलाई मध्यनजर गरी आगामी दिनमा देशमा आमनरसंहार, मानवता विरूद्धका अपराध, युद्ध अपराध र आक्रमकताको अपराध जस्ता घटनाहरू हुन रोकावट गर्न र सभ्य समाज निर्माणका लागि अन्तर्राष्ट्रिय स्तरको कानुनमा हस्ताक्षर गरी पक्ष राष्ट्र हुनुपर्छ। जनताको शासन सत्ता जनताकै प्रतिनिधिले चलाउने प्रजातान्त्रिक अभ्यास भएका हाम्रो जस्ता देशहरूमा झनै यस्ता कानुनी व्यवस्थाको महत्व बढी हुन्छ। जहाँ प्रजातन्त्र त्यहाँ मानव अधिकार भने झैँ मानव अधिकारका मान्यता पालनाका लागि अन्तरराष्ट्रिय कानुनको पालना पनि उत्तिकै महत्वपूर्ण मानिन्छ।

---

१. https://asp.icc-cpi.int/en_menus/asp/states%20parties/pages/the%20states%20parties%20to%20the%20rome%20statute.aspx

२. http://supremecourt.gov.np/nkp/full_detail/8852
(२०७३ कात्तिक ८ गते सर्वोच्चको आदेश, निर्णय नं ९८०६)

रूकुम (पश्चिम) जिल्ला चौरजहारी नपा-८ सोती घटनाको स्थलगत अनुगमन प्रतिवेदन २०७७ जेठ २६

जाजरकोट जिल्ला भेरी नगरपालिका-४ का नवराज विकसहित १८ जना युवा रुकुम पश्चिमको चौरजहारी नगरपालिकाकी युवती लिन भनि २०७७ जेठ १० गते सोती पुग्दा सोतीका स्थानीय ५०/६० जना समूहले पीडितहरूलाई लखेट्दै भेरी नदीको किनारमा पुऱ्याई कुटपिट तथा आक्रमण गर्दा नवराज बिकसहित ६ जनाको मृत्यु भयो । सो घटनाका सम्बन्धमा इन्सेकसहित मानव अधिकार संस्थाका प्रतिनिधिले जेठ १३ गतेदेखि जेठ १५ गतेसम्म घटनास्थलको अनुगमन, घटनाका घाइते, स्थानीय, घटनाका आरोपितका साथै सरोकारवालासँग भेटघाट तथा छलफल गरी तयार पारेको स्थलगत प्रतिवेदनको सारांश यसप्रकार रहेको छ ।

घटनाको सारांश

नवराज बिक र सोतीकी एक युवतीबीच २०७५ सालमा जाजरकोटको कुदुमा भएको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा भेट भएको र त्यसयता उनीहरूबीच नियमित सम्पर्क भइरहेको थियो । २०७६ साल पुसमा जाजरकोटको खलंगामा लागेको मेलाको बेलामा ती युवती नवराजको घरमा चार दिन बसेको पाइयो । नवराज पहिलो पटक युवतीको घरमा जाँदा युवतीकी आमाले खाना खुवाएर जात नमिल्ने भन्दै नआउन आग्रह गरेको र दोस्रो पटक ०७६ चैत १७ गते युवतीको घरमा जाँदा वडाअध्यक्ष डम्बरबहादुर मल्ल, युवतीका दाइ बिनोद मल्ल र परिवारका सदस्यहरूले उनलाई कुटपिट गरी इलाका प्रहरी कार्यालय, चौरजहारीमा बुझाएका थिए । नवराजलाई इलाका प्रहरी कार्यालय, चौरजहारीको हिरासतमा एक दिन राखियो । इलाका प्रहरी कार्यालय, चौरजहारीले चैत १८ गते नवराजको परिवारलाई फोन गरी छोरो बुझ्न आउनु भनेपछि नवराजकी आमा प्रहरी चौकीमा गई नवराजलाई घर ल्याएकी थिइन् ।

नवराजको गाउँदेखि सोती गाउँ पुग्न पैदल करिब दुई घण्टा ४५ मिनेटको समय लाग्छ । नवराजसहितका साथी सोती गाउँमा २०७७ जेठ १० गते साँझ करिब ५.३० बजे पुगेका थिए । युवतीकी आमाले नवराजलाई चिनेपछि 'तँ डुम फेरि आइस् तँलाई कुटाइ नपुगेको हो' भनि गाली गर्न थालिन् । सो लगत्तै नवराजसहितका साथी युवतीको घर नजिकबाट फर्किए । उनीहरूले बाटोमा पर्ने बालकुमारी विश्वकर्माको घरको धारामा पानी खाए । सोही क्रममा सोतीका नाम थाहा नभएका स्थानीयले 'कहाँ बाट आयौ बाबु हो काफल खाएर जाऊ' भनि अल्मल्याएका थिए । उक्त अनुरोध वेवास्ता गरी उनीहरू सरासर बन्चरे भन्ने ठाउँमा पुगी मध्यपहाडी लोकमार्गको माथिल्लो भागमा बसिरहेका बेला ५०/६० जनाको समूहमा घरेलु हतियारसहित आएका स्थानीयले नवराज र उनका साथीहरूलाई घेरा हाली एक्कासि

मृतकहरू क्रमशः नवराज विक, टिकाराम सुनार, गणेश बीएम, लोकेन्द्र सुनार, सन्जु विक र गोविन्द शाही

क्र.सं.	नाम थर	ठेगाना	उमेर	लास प्राप्त भएको मिति र स्थान	पोष्टमार्टम भएको मिति
१.	**नवराज विक**	भेरी नपा-४ रानागाउँ, जाजरकोट	२१	०७७ जेठ ११ गते, जाजरकोटको कालेगाउँ नजिक भेरी नदीमा	०७७ जेठ १४ गते
२.	**टिकाराम सुनार**	चारजहारी नगरपालिका-१ चारजहारी, रुकुम (पश्चिम)	२०	२०७७ जेठ ११ गते जाजरकोटको छेडा नजिक भेरी नदीमा	०७७ जेठ १३ गते
३.	**गणेश बीएम**	भेरी नगरपालिका-४ रानागाउँ, जाजरकोट	१७	२०७७ जेठ १२ गते, जाजरकोटको छेडा नजिक भेरी नदीमा	०७७ जेठ १४ गते
४.	**लोकेन्द्र सुनार**	भेरी नगरपालिका-११, मटेला, जाजरकोट	१८	२०७७ जेठ १४ गते, जाजरकोटको मटेला नजिक भेरी नदीमा	०७७ जेठ १५ गते
५.	**सन्जु विक**	भेरी नगरपालिका-४ रानागाउँ, जाजरकोट	२१	०७७ जेठ १६ गते, जाजरकोटको छेडा नजिक भेरी नदीमा	०७७ जेठ १६ गते
६.	**गोविन्द शाही**	भेरी नगरपालिका-११ रानागाउँ, जाजरकोट		०७७ जेठ २१ गते, जाजरकोटको छेडा नजिक भेरी नदीमा	०७७ जेठ २१ गते

आक्रमण गरे ।

सोतीगाउँका स्थानीयबासीको आक्रमणबाट भेरी नपा- ४ का २१ वर्षीय नवराज विक, भेरी नपा- ४, चौरजहारी नपा- १ का २० वर्षीय टिकाराम सुनार, भेरी नपा -४ का २१ वर्षीय सन्जु बिक, भेरी नपा- ४ रानागाउँका १७ वर्षीय गणेश बीएम, भेरी नपा- ११ का १८ वर्षीय लोकेन्द्र सुनार र गोविन्द शाहीको मृत्यु भयो । उनीहरू सबैको शव भेरी नदीमा भेटिएको थियो । घटनाको करिब आधा घण्टापछि इलाका प्रहरी कार्यालय, चौरजहारीबाट पाँच जना प्रहरी घटनास्थल पुगेका थिए ।

घटनास्थलबाट प्रहरीले १२ जना युवालाई घाइते अवस्थामा उद्धार गरेको थियो । प्रहरीले उद्धार गरेका १२ जनामध्ये सुदीप खड्कालाई टाउको र छातीमा चोट लागेको थियो भने अन्य सबैको शरीरका विभिन्न भागमा चोटपटक थियो । घाइते सबैजनाको मिसन अस्पताल, चौरजहारी उपचार भयो । उद्धार गरिएका १२ जनालाई प्रहरीले जेठ ११ गते अभिभावकको जिम्मा लगायो । पेट नफुलेको, पानी नखाएको, शरीर नसुन्निएको, टाउको तथा शरीरमा चोट लागेको अवस्थामा सबै शव विभिन्न मितिमा भेरी नदीमा फेला परेको थियो । सबै शवको जाजरकोट स्वास्थ्य सेवा कार्यालयमा पोष्टमार्टम भएको छ । पीडित पक्षले ०७७ जेठ १३ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमा २० जनाका विरुद्ध किटानी जाहेरी दिएका छन् । प्रहरीले घटनामा संलग्न भएको आरोपमा चौरजहारी नपा-८ का वडाअध्यक्ष समेत १८ जनालाई गिरफ्तार गरेको छ भने अन्य दुई जना फरार रहेको प्रहरीले जनायो । गिरफ्तार भएकाहरूको बयानको आधारमा थप १२ जनालाई अनुसन्धानको दायरामा ल्याइएको छ ।

घटनास्थलको विवरण

दक्षिण मध्यपहाडी राजमार्ग, पूर्व जाजरकोट कालेगाउँ र रुकुम (पश्चिम) चौरजहारी नगरपालिका सोती गाउँ जोड्ने झुलङ्गे पुल दक्षिणमा सानीभेरी नदी, पश्चिममा रहेको सेती गाड खोला र सालघारी जङ्गल रहेको छ । घटनास्थल भेरी नदीको बगर किनारमा रहेको छ । जाजरकोट जिल्ला भेरी नपा-४ रानागाउँ र रुकुम (पश्चिम) जिल्ला चौरजहारी नपा-८ सोतीगाउँ भेरी नदीले सीमाना छुट्टाएको छ । रानागाउँबाट सोतीगाउँ पुग्न स्थानीयबासीलाई पैदल पौने तीन घण्टा लाग्दछ । रानागाउँ र सोतीगाउँ जान आउन यातायात तथा पैदल हिँडेर समेत सजिलै पुग्न सकिने क्षेत्र भएकाले यी दुवै क्षेत्रका बासिन्दाको नियमित सम्पर्क र आउने जाने क्रम विगतदेखि नै हुने गरेको थियो । चौरजहारी नगरपालिकामा विमानस्थल, मिसन अस्पताल र चौरजहारी बजारसमेत भएकाले जाजरकोटको रानागाउँबासीका लागि चौरहजारी बजार अनिवार्य गन्तब्य स्थानको रूपमा रहेको पाइन्छ ।

जाजरकोटबाट सोती गाउँ गएका नवराज विकसहितका साथीहरूको विवरण

क्र.सं.	नाम	ठेगाना
१.	नवराज विक	भेरी नपा-४, जाजरकोट
२.	टिकाराम सुनार	चारजहारी नपा-१, रुकुम (पश्चिम)
३.	गणेश बीएम	भेरी नपा-४, जाजरकोट
४.	सन्जु विक	भेरी नपा-४, जाजरकोट
५.	लोकेन्द्र सुनार	भेरी नपा-११, जाजरकोट
६.	गोविन्द शाही	भेरी नपा-११, जाजरकोट
७.	महेश कार्की	भेरी नपा ३ जाजरकोट
८.	विभाग पुन	भेरी नपा ३ जाजरकोट
९.	भोला विक	भेरी नपा-३, जाजरकोट
१०.	सुदिप खड्का	भेरी नपा-४, जाजरकोट
११.	गोविन्द सुनार	भेरी नपा-११, जाजरकोट
१२.	मदन शाही	भेरी नपा-४, जाजरकोट
१३.	इन्द्रजङग शाह	भेरी नपा-४, जाजरकोट
१४.	जीवन विक	भेरी नपा ४ जाजरकोट
१५.	डिल्ली विक	भेरी नपा-४, जाजरकोट
१६.	सुनिल सुनार	राप्ती सोनारी गाउँपालिका-४, बाँके
१७.	रोज भडेल	भेरी नपा, जाजरकोट
१८.	लालबहादुर खड्का	भेरी नपा, जाजरकोट

अनुगमा टोलीले फेला पारेको तथ्यहरू

- युवतीको घरछेउ पुगेका युवालाई युवतीकी आमाले गालीगलौज गरेपछि फर्किएका
  थिए । फर्किंदा सोती गाउँकै स्थानीय बालकुमारी विश्वकर्माको घरमा रहेको धारमा पानी खाएका थिए । बालकुमारीका अनुसार गाउँबाट केही तल झरेपछि स्थानीयहरूले घरेलु हातहतियारसहित (हँसिया, कुटो र दाउरा) लखटेको र भेरी नदीको किनारमा पुऱ्याई ती हतियार प्रयोग गरी आक्रमण गरेका थिए ।
- स्थानीयको कुटपिटबाट युवाहरूको मृत्यु भएको र शव भेरी नदीमा मृत अवस्थामा फेला पऱ्यो ।
- भेरी नदीमा फेला परेका शवको प्रकृति हेर्दा पेट नफुलेको, पानी नखाएको, शरीर नसुन्निएको अवस्थामा थिए ।
- घटनामा दोहोरो भिडन्त वा प्रतिकार भएको थिएन । घटनामा संलग्न कुनै पनि स्थानीयलाई चोटपटक लागेको वा घाइते भएको पाइएन ।

घटना शुरु भएको आधा घण्टापछि घटनास्थल पुगेको प्रहरीले १२ जनालाई उद्धार गरेको थियो । उद्धार गरेका सबै जनाको चौरजहारी मिसन अस्पतालमा

उपचार गराई अभिभावको जिम्मा लगाएको पाइयो ।

निष्कर्ष

२०७७ जेठ १० गते साँझ ६:३० बजेको समयमा सोतीका स्थानीयहरूले भेरी नगरपालिका-४ रानागाउँ निवासी २१ वर्षीय नवराज विक, चौरजहारी नपा-१ का २० वर्षीय टिकाराम सुनार, भेरी नगरपालिका-४ निवासी २१ वर्षीय सन्जु विक, भेरी नगरपालिका-४ रानागाउँ निवासी १७ वर्षीय गणेश विएम, भेरी नगरपालिका-११ का १८ वर्षीय लोकेन्द्र सुनार र गोविन्द शाहीको सामूहिक हत्या गरेको पाइयो । पानी, धारा छोएको निहुँमा कुटिनु, दलित भएकै कारण समाजबाट बहिष्कृत हुनु, मठमन्दिरमा दलितहरूलाई बन्देज लगाइनु, बोक्सीको आरोप लगाएर दलित महिला तथा वृद्धहरूलाई मलमुत्र खुवाइनु, गाउनिकाला गरिनु, दलितहरूसँगको प्रेम तथा विवाहलाई अस्वीकार गर्नु, अन्तरजातीय विवाह गर्ने जोडीलाई शारीरिक र मानसिक यातना दिनु र हत्यासम्म गराउने गरेका घटना सार्वजनिक हुने गरेका छन् । नेपालको संविधान २०७२ र प्रचलित कानुनले जातीय विभेद तथा छुवाछूतलाई अस्वीकार गरी दण्डनीय अपराधको सूचीमा व्यवस्था गरेको भए पनि व्यवहारमा यस प्रकृतिका घटना र त्यस प्रकृतिका घटना र त्यसप्रतिको दृष्टिकोणमा कमी आएको छैन ।

नेपालको कानुन तथा संविधानले जुनसुकै नाम वा निहुँमा भएका हिंसालाई दण्डनीय मानेको छ । जातिका नाममा हुने गरिने हिंसा तथा विभेदका सवाल अझ गम्भीर विषय हो । त्यसैले यस्ता अपराधमा संलग्नलाई हदैसम्मको दण्डको व्यवस्था गरिएको हुन्छ । नेपालमा जातका आधारमा गरिने विभेदका घटना सार्वजनिक हुने गरेको भए पनि अपराधमा संलग्नहरू कारबाहीको दायरमा आएको उदाहरण एकदमै कम छन् । यस्ता घटना मिलापत्रमा टुंगिने गरेका उदाहरणहरू धेरै छन् । रुकुम पश्चिममा भएको दलितसहित युवाहरूको सामूहिक हत्या निकृष्ट अपराध हो । कथित माथिल्लो जातकी किशोरी र कथित दलित किशोरबीचको प्रेमसम्बन्ध अन्ततः हत्या जस्तो गम्भीर अपराधका रूपमा परिणत भएको छ । यो घटनाले हाम्रो समाजमा व्याप्त विभेदको डरलाग्दो पाटोका साथै समाजमा व्याप्त जातिगत भेदभाव र विभेदको स्वरुप उजागर गरेको छ । नेपालमा व्याप्त दण्डहीनता र अपराध गर्दा पनि केही नहुने उदाहरण हेरेर र देखेर हुर्किएको पुस्ता यो अपराधमा संलग्न रहेको छ । यसैगरी, राज्यको निर्वाचित स्थानीय सरकारका प्रतिनिधि नै कानुनी शासनको पालनामा गम्भीर समस्या देखिएको छ । शान्ति सुरक्षा र कानुन कार्यान्वयनका लागि परिचालित गर्नुपर्ने प्रतिनिधि नै घटनामा संलग्न हुनुले गम्भीर प्रश्न खडा गरेको छ । घटनामा नाम जोडिएकी युवतीको गोपनीयताका विषय र संरक्षणका सवालमा राज्यले उचित ध्यान दिनु पर्ने देखिन्छ ।

सुझाव

- घटनाको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय सर्वदलीय / संसदीय छानबिन समिति गठन गर्नुपर्ने ।
- जातीय विभेदका कारण हुने हिंसाका विरुद्ध राजनीतिक दल, सञ्चार क्षेत्र, नागरिक समाजको एकीकृत पहलकदमी आवश्यक देखिन्छ ।
- घटनाका पीडित परिवारको सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि राज्यको उपस्थिति र प्रभावकारी कार्यक्रम आवश्यक देखिन्छ ।
- व्याप्त दण्हडीनताको अन्त्यका लागि पहलकदमी लिनुपर्ने ।
- जातीय भेदभाव तथा छुवाछूतजन्य कार्यहरूलाई उच्च प्राथमिकताका साथ कानुनी कारबाहीको दायरामा ल्याउनु पर्ने ।
- घटनामा संलग्न सबै आरोपितहरूलाई गिरफ्तार गरी विद्यमान कानुनी प्रक्रिया अनुसार गहन अनुसन्धान गरी फौजदारी अपराध अर्न्तगत सजाय गरिनु पर्ने ।
- घटना र घटनास्थलमा उपलब्ध प्राथमिक प्रमाणहरु जोगाउन प्रहरी प्रशासनलाई जिम्मेवार बनाउने ।

घटना सम्बन्धमा आरोपित पीडित पक्ष, प्रत्यक्षदर्शी सरोकारवाला र स्थानीयबासीको भनाइ

प्रहरी हिरासतमा रहेका चौरजहारी नपा-८ का वडाअध्यक्ष डम्बरबहादुर मल्ल :

कोरोनाको महामारी बढ्दै गएको बेला गाउँ आएका नवराव विकसहितका युवालाई स्थानीय समुदायले कहाँबाट किन आएको भनि सोधपुछ गर्दै थिए । नवराज बिक यसअघि पनि पटकपटक आएको हुँदा मैले प्रहरीलाई खबर गरेको हुँ । यत्तिकैमा गाउँले पनि जम्मा भए उनीहरू आवेशमा आएपछि घटना हुन पुग्यो ।

मृतक नवराज विकका बुबा मुनलाल नेपाली

घटनाको प्रत्यक्षदर्शी म होइन । लासको विषयमा कसैले लास नबुझ भन्छन् कसैले क्षतिपूर्तिको माग गर भन्छन् । आफूलाई दुःख परेको छ केटा र युवतीबीच दुई वर्ष अघिदेखि प्रेम सम्बन्ध थियो । युवतीको पेटमा गर्भ छ भन्छन् तर त्यो कुरा मलाई स्पष्ट छैन । छोराले युवतीसँग फोनमा कुरा गर्दा छोराको आमाले सुनेको थिए भन्छिन् । छोरासँग युवतीले फोनमा कुरा गर्दा मलाई अर्को ठाउँमा विवाह गर्ने भए मेरो बच्चा सकुसल चाहिन्छ भन्यो भन्दै थिइन् । युवती हाम्रो घरमा पहिलो चोटी ०७६ पुसमा आएकी थिइन । त्यतिबेला चार दिन बसेर फर्केको, दोस्रो पटक दुई दिन बसेर गएकी थिइन् । यसपटक काफल खाने र माछा मार्ने भनी घरबाट नवराज एक्लै गएको थियो । युवती आफ्नी छोरी सँगसँगै पढ्ने भएकाले घरमा आउँदा छोरीको साथी होला भन्ने ठानेको थिएँ । युवती घरमा आउँदा आफु नवराजको साथी भएको र आफूलाई बुहारी भन्न युवतीले आग्रह गरेपछि मात्र छोराको साथी रहेछ भन्ने थाहा पाए । त्यसपछि अहिले तिमी सानै छौ भर्खर नौ कक्षामा पढ्दैछौ, उमेर पुगेपछि विवाह गरौँला एक त तिमीसँग जात मिल्दैन तिमीले विवाह गरेपछि मात्र बुहारी भनौँला भनी सम्झाइबुझाइ गरी पठाएको थिएँ । घरपरिवारमा विवाह गर्ने/नगर्ने भन्ने कुराको जानकारी थिएन । छोरालाई माथिल्लो जातको छोरी ल्याउन खोजेको कारण हत्या गरिएको होला ।

मृतक गणेश विएमका बुबा पदमबहादुर बुढा

नवराज विक मेरो छोरा गणेश बीएमको साथी हो । घरबाट खेल्न जान्छु भन्दै गएको थियो । घटनामा परेछ । सोतीका मानिसले किन कुटपिट गरे थाहा भएन । युवतीकी आमाले सोतीको स्थानीयलाई उक्साएका कारण यो घटना भएको हुनुपर्छ । छोरीलाई तल्लो जातको केटासँग विवाह गर्न नदिने मनसाय थियो होला ।

सोभे विकः मृतक टिकाराम सुनारका बुबा

मेरो छोरा जाजरकोट जिल्ला भेरी नगरपालिका-४ रानागाउँमा काकीको घरमा बस्ने गर्थ्यो । नवराज विकलाई युवतीले बोलाए नबोलाएको थाहा भएन । नवराज विक युवतीको घरमा पटक-पटक जाने गर्थे । मेरो छोरालाई बाहिरबाट चक्कुले हानेर मारेर फालेका रहेछन् । नवराजलाई पनि बाहिर कुटपिट गरेका रहेछन् । नवराजको समूह युवतीको घरमा पुगेका होइनन् । डुमको छोरा आयो भन्दै मृतकका आमाले छिमेकीलाई बोलाएर हँसिया, कुटो र दाउराले हानी मारेका रहेछन् टाउकोमा चोट छ । अन्तरजातीय प्रेम सम्बन्धका कारण दुवै जनाको प्रेम सम्बन्ध भत्काउनलाई यो घटना भएको हो ।

गोविन्द सुनारः घटनाका घाइते

आफूलाई नवराजले दुलही ल्याउनुपर्ने छ आऊ भन्दै फोन गरेर बोलाए । हामी सबै २० जना धल्ला पुलमा जम्मा भयौँ । धल्लाबाट हामी सोती गाउँतर्फ जाँदै गर्दा बाटोबाट दुई जना साथीहरू फर्किए र हामी १८ जना युवतीको घरनजिक पुग्यौँ । युवतीकी आमाले हामीलाई देखिन् । 'डुम फेरि आइस् अस्तीको कुराले पुगेन' भन्दै गालीगलौज गरिन् । नवराजलाई हामीले नचिन्ने अवस्थामा राखेका थियौँ । तैपनि युवतीको आमाले नवराजलाई चिनिन् । हामी चुपचाप फर्कियौँ । युवतीसँग भेट भएन । हामी फर्केर सोती गाउँभन्दा तल सडकमा पुगिसकेपछि ढुङ्गामुढाले आक्रमण भयो । ३०/४० जना आएर हामीलाई हसिँया दाउरा र ढुङ्गाले कुटे । हामीलाई नकुट्नुस् हामीले केही गरेका छैनौँ भनी अनुनय विनय गरे पनि उनीहरूले हाम्रो कुरा सुनेनन् । मलाई नदीबाट तानेर कुटपिट गर्ने क्रममा म बेहोस भएछु । मलाई प्रहरीले बचाएको रहेछ ।

मदन शाहीः घटनाका घाइते

घटना हुने दिन म घरमा थिएँ । नवराजले फोन गरेर 'युवती लिन जाउँ' भनेर बोलायो हामी त्यहाँ गयौँ । त्यस्तो हुन्छ भन्ने थाहा पाएको भए हामी जाने थिएनौँ । हामीलाई देखिसकेपछि युवतीकी आमाले 'डुम फेरी आइस् त डुमलाई आज यहीँ मार्न पर्छ' भन्दै गालीगलौज गरिन् । हामीले 'आन्टी हामी त्यत्तिकै आएका हौँ' भन्यौँ । त्यसपछि हामी त्यहाँबाट फर्कियौँ । सोती गाउँभन्दा तल सडकको माथिपट्टि ढुङ्गामा आएर बसेका थियौँ । त्यो गाउँमा कोही थिएनन् । कहाँबाट आएर एक्कासि आएर आक्रमण गरे । त्यसरी आएर हान्छन् भन्ने थाहा पाएको भए त बस्ने थिएनौँ । एक्कासि माथिबाट धेरैको सङ्ख्यामा आएर ढुङ्गाले हाने । हामी हाम्रो जिल्लामा आउँदा पनि उनीहरूले त्यहाँ आएर हामीलाई कुटेका थिए । चारैतिर घेरेर ढुङ्गा दाउराले हाने । कसैको होस थिएन । गाउँका सबै आएर लखेटेर कुटेर हत्या गरी भेरीमा फलिदिएका हुन् । मृत्यु भएका पाँच जना र बेपत्ता एक जना (सबै) भेरी नदीमा पौडी खेल्न जान्ने मान्छे हुन् ।

इन्द्रजङ्ग शाहीः घाइते

हामी जाजरकोट रानागाउँबाट नौ जना धल्ला गयौँ । धल्लामा अरु साथीहरू थिए । नवराजले हामीलाई युवती लिन जाऊँ भनेर बोलायो । हामी धल्लाबाट सबै साथी जम्मा भएर गयौँ । हामी युवतीको घरमा नपुग्दै युवतीको घर नजिकै सडकमा थियौँ । हामीलाई युवतीको आमाले देखेर गालीगलौज गरिन् । त्यसपछि हामी कसैलाई केही नभनी फर्कियौँ । हामी सोती गाउँभन्दा तल आएर बसेका थियौँ । एक्कासी माथिबाट आएर ढुङ्गाले हाने । चारैतिर घेरेर आक्रमण गरे । हाम्रा साथीहरूलाई मारेर भेरीमा फालेका हुन् ।

सरोकारवालाका भनाइहरू

खम्बजङ्ग शाह, वडाअध्यक्ष, भेरी नगरपालिका-४, जाजरकोट

उमेर नपुगेकी बालिकालाई ल्याउने भनी लकडाउनको समयमा नवराज विकले आफ्ना साथी लिएर युवतीको घरमा नजानु पर्ने हो । लकडाउनको समयमा अर्काको घरमा जानु नवराज र उनका साथीहरूको गल्ती हो । युवती पक्षले कानुन हातमा लिन हुँदैन्थ्यो, हातमा लिए । यो घटना राजनीतिकरण नहोस् । सत्यतथ्य घटनाको छानबिन होस् । केटा र युवतीको घरमा जाने संयोग मिलेन जातीय विभेदको विषयमा दुवै पक्ष एकअर्काको घरमा आउने जाने छुवाछूत मान्दैनौँ भनी दुवै परिवारबाट स्वीकार भएको कुरा हो ।

विशाल शर्मा, प्रमुख, चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

जे नहुनु थियो भयो । घटना निन्दनीय छ । यस विषयमा घटनाको छानबिन गरी सत्यतथ्य बाहिर ल्याउनु पर्छ । नेकपाले चन्द्रबहादुर विकको संयोजकत्वमा छानबिन समिति बनाएको छ । समितिमा पुष्पा वादी र भीमा थापा सदस्य रहनुभएको छ । उक्त समितिले काम सुरु गरिसकेको छ । हाम्रो पनि समिति गठनको विषयमा सहमति रहेको छ । घटना अनुसन्धानका क्रममा रहेको छ ।

उपेन्द्र पौडेल, प्रमुख जिल्ला अधिकारी, रुकुम (पश्चिम)

घटनामा विवाह गर्न गएको भन्ने आधार छैन । सामान्यतया विवाह गर्न आफ्ना अभिभावकसँग जाने गरिन्छ । अभिभावक कोही नगएको हुँदा के मनसायले गएका हुन् भन्न सकिने अवस्था छैन । न्याय दिलाउने र घटनाको अनुसन्धान गर्ने हाम्रो काम हो । हामी यस विषयमा लागिपरेका छौँ । घटनाको सत्यतथ्य छानबिन निष्पक्ष ढङ्गले हुनेछ ।

ठगबहादुर केसी, डिएसपी, रुकुम (पश्चिम)

घटना अनुसन्धानको क्रममा रहेको छ । पीडित पक्षले जाजरकोट जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका छन् । प्रहरीले घटनामा संलग्न भएको आरोपमा १८ जनालाई गिरफ्तार गरेको छ । घटनाको सत्यतथ्य छानबिन हुनेछ । फरार रहेकाको खोजबिन भइरहेको छ ।

किशोरकुमार श्रेष्ठ, डिएसपी, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

घटनामा मृत्यु भएका पाँच जनाको शवको पोष्टमार्टम स्वास्थ्य सेवा कार्यालय, जाजरकोटमा भएको छ । हामी अनुसन्धानका क्रममा छौँ । हालसम्म १८ जनालाई गिरफ्तार गरिएको छ । उच्चस्तरीय छानबिन समिति पनि जिल्लामा आएको छ । सोधपुछ भइरहेको छ । हामीकहाँ पोष्टमार्टमको प्रतिवेदन आइसकेको छैन ।

सुनिल पुन, डाक्टर, स्वास्थ्य सेवा कार्यालय, जाजरकोट

सोती घटनामा भेटिएका पाँच जनाको शवको पोष्टमार्टम भइसकेको छ । पोष्टमार्टम प्रतिवेदन बनाउँदै छौँ । जेठ १३ गते एक शवको पोष्टमार्टम भएको थियो भने जेठ १४ गते दुई जनाको पोष्टमार्टम भएको थियो । त्यसैगरी, जेठ १५ गते एक जनाको शव र जेठ १६ गते एक शवको पोष्टमार्टम भएको थियो । विभिन्न सञ्चारमाध्यमले पोष्टमार्टमको रिपोर्ट आयो भनी समाचार बाहिर ल्याएको विषयमा हाम्रो ध्यानाकर्षण भएको छ । हामीसँग सम्पर्क नगरी लेखिएको समाचारका विषयमा हामी पोष्टमार्टममा संलग्न चिकित्सकले विज्ञप्ति निकाल्ने तयारी गरेका छौँ । हामीले पोष्टमार्टमको रिपोर्ट प्रहरी कार्यालयमा बुझाउँछौँ । तपाईंहरूले पोष्टमार्टमको रिपोर्ट प्रहरी कार्यालयबाट लिनु होला ।

राजकुमार शर्मा, इञ्चार्ज, नेपाल कम्युनिष्ट पार्टी, रुकुम (पश्चिम)

सोती घटना दुःखद् निन्दनीय भएको र सत्यतथ्य पत्ता लगाई दोषीलाई कडाभन्दा कडा कारबाही गर्नु पर्दछ । यो घटनालाई राजनीतिकरण नगर्न अनुरोध गर्दछु ।

प्रेमप्रकाश वली, सभापति, नेपाली काङ्ग्रेस, रुकुम (पश्चिम)

सोती घटना दुःखद् र निन्दनीय छ । दोषीलाई कडा कारबाही गर्नु पर्छ । राजनीतिकरण गर्न हुँदैन । आरोपितलाई उन्मुक्ति दिनु हुँदैन । निष्पक्ष छानबिन हुनु पर्छ । नेपाली काङ्ग्रेस आस्थामा जो जता भए पनि त्यसको बचाउमा लाग्दैन । विभिन्न तर्क आए पनि यो घटना अन्तरजातीय प्रेम सम्बन्धका कारण भएको हो ।

सोतीका स्थानीयबासीको भनाइ

बालकुमारी विश्वकर्मा

जाजरकोटबाट आएका युवाहरूको समूह सोतीस्थित युवतीको घरमा पुगेर फर्कंदै गर्दा हाम्रो घरको धारामा पानी खाएको र सोती गाउँमा झगडा नगरी फर्कंदै गरेको देखेका थियौँ । युवाहरू चुपचाप फर्कंदै थिए ।

महेन्द्र पुन

केटा पक्ष युवती लिन भनी यसअघि सोती गएका थिए । पहिलो पटक केटालाई युवतीको घरमा खाना खुवाएको र सम्झाइबुझाइ गरी पठाएका थिए । दोस्रो पटक तीन चार जना साथीसहित युवतीको घरमा आउँदा युवतीको बुबा र युवतीको दाइले एक दुई थप्पड हानेको र वडा अध्यक्ष डम्बरबहादुर मल्ललाई भनी वडा अध्यक्ष मल्लले प्रहरीलाई खबर गरी नवराज र उनका साथीलाई प्रहरीलाई बुझाएका थिए । तेस्रो पटक १८/१९ जनाको समूहमा आउँदा लकडाउनको समयमा अर्काको गाउँमा किन प्रवेश गरेको भनी युवती पक्ष र छिमेकीलाई रिस उठेपछि लखेटेका थिए । युवती पक्ष र स्थानीयले लखेट्दा नवराजलगायत पाँच जना भेरी तर्न खोजेको र भेरीमा बगेर मरेको हुन सक्छन् । वीरबहादुर मल्लले छोरीको उमेर पुगेको छैन भनी विवाह गर्न नमानेको कारण नवराज विकले केटाहरू साथमा ल्याई युवतीलाई हुल हुज्जत गरी लैजान खोजेकोमा छिमेकीले लखेटेका हुन् । उनीहरू आफै भेरी नदी तर्न खोज्दा बगेका हुन् ।

बेदबहादुर मल्ल

यो घटना जातीय विभेदका कारण भएको होइन । यसभन्दा अगाडि मल्ल परिवारमा अन्तरजातीय विवाह भएको छ । तर कसैलाई जातीयताको कारण समस्या भएको छैन ।

बिर्मी मल्ल

लकडाउनको समयमा गाउँमा धेरैजना आउँदा सोधपुछ गरेको हो । जातीय घटना होइन । त्यो परिवारमा पहिला पनि अन्तरजातीय विवाह भएको थियो । उनीहरूबीच घरपरिवारमा राम्रो सम्बन्ध छ । ती केटाहरूको कसरी मृत्यु भयो थाहा भएन । लखेटेर कुटेर हत्या गरेको होइन ।

भक्तबहादुर मल्ल

मृतक नवराज विकले अन्य युवाहरूलाई लिन हुँदैन्थ्यो । पहिला मृतकहरूले अराजकता देखाएपछि सोतीबासीहरूले कानुन मिचे । घटना अकल्पनीय भयो तर जातीय विभेदका कारण यो घटना भएको होइन । यो परिवार जातीय विभेद गर्ने परिवार होइन । यो परिवारमा योभन्दा पहिला पनि सोही परिवारबाट यमुना मल्लले विष्णु चनारासँग अन्तरजातीय विवाह गरेर मेलमिलापसँग बसेका छन् भने निमबहादुर मल्लले सीता विकसँग विवाह गरी घरपरिवारमा राम्रो सम्बन्ध रही आएको छ । यो जातीय घटना होइन । यमुना मल्ल र निमबहादुर मल्ल युवतीको दाजु र दिदी नाता पर्दछन् ।

गिरफ्तार भएका व्यक्तिहरूको विवरण

चौरजहारी नगरपालिका-८ सोती निवासी ४१ वर्षीय वडाअध्यक्ष डम्बरबहादुर मल्ल, सोही ठाउँ निवासी ४२ वर्षीय वीरबहादुर मल्ल (युवतीको बुवा), सोही ठाउँका ३९ वर्षीया प्रकाशी मल्ल (युवतीको आमा), २२ वर्षीय रमेश मल्ल, १७ वर्षीया सुष्मा मल्ल (विवाह गर्ने भनिएकी युवती), ४२ वर्षीय डिल्ली मल्ल, ३९ वर्षीय प्रेमबहादुर ठकुरी, २६ वर्षीय सन्तोष मल्ल, २८ वर्षीय मोहन पुनमगर, ४० वर्षीय मानबहादुर मल्ल, ३७ वर्षीय टोपबहादुर मल्ल, ५४ वर्षीय नन्दु मल्ल, २० वर्षीय बिनोद मल्ल, ४२ वर्षीय इन्द्र भनिने इन्द्रबहादुर मल्ल, ४६ वर्षीय हर्कबहादुर मल्ल, ३५ वर्षीय तिलक चन्द, १९ वर्षीय दिपेन्द्र चन्द र ५२ वर्षीय तुलबहादुर मल्ल रहेका छन् । गिरफ्तार भएका सबै जनालाई जिल्ला प्रहरी कार्यालय रुकुम (पश्चिम)मा राखिएको छ ।

कुराकानी

परिस्थितिलाई बुझे मानसिक स्वास्थ्य बिग्रँदैन

*द स्कुल अफ साइकोलोजी नेपालका अध्यक्ष मनोविद **डाक्टर नरेन्द्र ठगुन्ना** सकारात्मक सोचको विकासले मानसिक समस्या हुनबाट जोगिन सकिने बताउनु हुन्छ। प्राकृतिक विपत र महामारीपछि हुनसक्ने मानसिक समस्यालाई कम गराउन के गर्न सकिन्छ त ? मनोविद् डाक्टर ठगुन्नासँग **रमेशप्रसाद तिमल्सिना**ले गर्नुभएको कुराकानी ।*

प्राकृतिक विपद् वा महामारीपछि मानसिक स्वास्थ्यमा निकै असर पर्छ भनिन्छ । यसको जोखिमका बारेमा केही भन्न सकिन्छ ?

प्राकृतिक विपद्, महामारी वा अकल्पनीय घटनापछि मानसिक स्वास्थ्यमा असर पर्ने गर्छ । यो स्वभाविक पनि हो । यस्तो अवस्थामा मानसिक स्वास्थ्यको जोखिम बढी हुन्छ । कोरोना सङ्क्रमणको महामारीले हाम्रो दैनिकीलाई परिवर्तन गरिदिएको छ । त्यसै हुनाले यस्तो अवस्थामा मानसिक स्वास्थ्यको जोखिम निकै छ । यस्तो प्रक्ष्येपण मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाले पनि गरेका छन् । विश्व स्वास्थ्य सङ्गठनले पनि यस्तो जोखिम बढ्न सक्ने बताइरहेको छ ।

कस्ताकस्ता प्रकारका मानसिक समस्या देखिन सक्छ ?

तनावको मात्रा बढ्ने, चिन्ता (एन्जाइटी)को समस्या, डिप्रेशनको समस्या, आत्महत्याको समस्या बढ्ने, आघातजन्य घटनापछिको तनावका समस्याहरू देखिने सम्भावना उच्च छ । निन्द्रामा आइपर्ने समस्यासम्बन्धी मानसिक समस्या बढ्न सक्छ । आत्महत्याको जोखिम निकै बढी हुन सक्छ । अमेरिकन साइकोलोजिकल एशोसिएशनले त लकडाउन खुलेपछि आत्म हत्याको जोखिम ह्वात्तै बढ्ने जनाएको छ । त्यसैले अबका दिनमा मानसिक स्वास्थ्यसँग सम्बन्धित विभिन्न अप्ठेरा र जोखिम आइपर्ने निश्चित प्रायः छ ।

यस्ता सम्भावित जोखिमबाट जोगिनका लागि आम नागरिकले के उपाय अपनाउन सक्छन् ?

धेरै उपाय हुन सक्छन् । यस्तो बेलामा सन्तुलित आहारलाई निकै ध्यान दिनु पर्छ । अर्को महत्वपूर्ण उपाय भनेको मनमा नकारात्मक कुरा नखेलाउने नै हो । अप्ठेरा, सङ्घर्ष र नराम्रा कुराका बीचमा पनि राम्रा कुरा खोज्ने गर्नु पर्छ । लकडाउन आफैंमा राम्रो विषय होइन । तर, यसबीचमा पनि वातावरण राम्रो भएको, घरैमा रहँदा सम्भावित जोखिमबाट जोगिएको, परिवारका सदस्य सँगै बस्न पाउँदा परिवारबीच सम्बन्ध सुदृढ भएको, माया बढेको, आफ्नै र परिवारको हेरचाहमा बृद्धि भएको जस्ता विषयलाई लकडाउनले दिएको अवसरका रूपमा बुझ्नु पर्छ । सकारात्मकतालाई बढाउने र नकारात्मकतालाई घटाउने गर्दा मानसिक स्वास्थ्यमा आइपर्ने सम्भावित जोखिमबाट जोगिन सकिन्छ । आफ्नै हेरचाह गर्ने र समयलाई सिर्जनात्मक बनाउन केन्द्रित गर्न सकिन्छ । सृजनशिलताले नकारात्मकतालाई हटाउँछ । आफूलाई मनपर्ने कामका लागि पनि समय छुट्याउने गर्दा सकारात्मक भावनाको विकास हुन्छ । सकारात्मकताले निराशालाई हटाउँछ । 'यो मनको कुरा त्यो मनले बुझ्ने' सँग कुराकानी गर्ने गर्नुपर्छ । मनमा आएका विचारलाई स्वीकार गर्दै सकारात्मकतामा ढाल्ने प्रयास गर्ने गऱ्यौं भने मानसिक स्वास्थ्यका सम्भावित जोखिमबाट जोगिन सकिन्छ ।

फुर्सदको समयमा केही न केही गर्ने र सकारात्मक धारणाको विकासले मानसिक स्वास्थ्य राम्रो हुन्छ भन्न खोज्नु भएको हो ?

जति पनि मानसिक स्वास्थ्यका समस्याबाट पीडित छन् उनीहरूको नकारात्मक सोचको महत्वपूर्ण भुमिका भएको पाइन्छ । खासगरी आफूप्रति, अरुप्रति र परिस्थितिप्रति नकारात्मक हुने प्रवृत्ति भएका मान्छेहरूमा मानसिक समस्या देखिने गर्छ । त्यसैले सकारात्मक सोचको विकास गर्ने, आफूमा आएको सोचलाई स्वीकार गर्ने र महामारीसँग सम्बन्धित अनावश्यक समाचारबाट टाढा रहने गर्दा मानसिक स्वास्थ्य राम्रो हुन्छ । पटकपटक मानिस मरेका, समस्या भएका समाचार पढिरहँदा, सुनिरहँदा र हेरिरहँदा मानसिक स्वास्थ्यमा असर पर्न सक्ने भएकाले सूचना तथा समाचारका लागि निश्चित समय छुट्याएर सूचना लिने गर्नुपर्छ । सामाजिक सञ्जालमा निकै अभ्यस्त हुँदा पनि त्यस्ता खबर आइरहने हुँदा समस्या थपिन सक्छ । यस्ता क्रियाकलापबाट पनि जोगिनुपर्छ ।

अन्यत्रको तुलनामा नेपालमा मानसिक स्वास्थ्य पीडितको दर कम छ भनिन्छ । के यो सही हो ?

सामान्यतय, कुनै पनि घटनापछि घटनाबाट प्रभावित भएका व्यक्तिहरूमध्ये ८-१० प्रतिशत व्यक्तिहरूमा आघातजन्य घटनापछिको तनाव हुने गर्छ भनेर पश्चिमाहरूले गरेको अध्ययनमा भनिएको छ । तर, भूकम्पपछि हाम्रोमा गरिएका अध्ययनले आघातजन्य घटनापछिको तनाव ४-५ प्रतिशत मात्रै भएको पाइन्छ । यद्यपि निकै ठूलाठूला अध्ययन भने भएका छैनन् । हाम्रोमा सामाजिक र सांस्कृतिक संयन्त्रले काम गरेको हुन्छ । दुःख पर्दा अरूलाई सहयोग गर्ने हाम्रो सामाजिक मान्यताले मानसिक स्वास्थ्यको जटिल अवस्थामा जानबाट रोक्छ । धार्मिक आस्था अनुसारका पुजापाठ र भजनकिर्तनले पनि मानसिक स्वास्थ्यमा सहयोग गरिरहेको हुन्छ । यसले गर्दा नकारात्मक विचार वृद्धिमा कमी आउने हुनाले अन्यत्रको तुलनामा नेपालमा मानसिक स्वास्थ्यका पीडितको दर कम नै पाइन्छ ।

परिस्थितिलाई बुझ्ने मानिसमा मानसिक समस्या कम हुन्छ भन्न खोज्नु भएको हो ?

परिस्थितिपछि पूर्व अवस्था ग्रहण गर्न सक्ने क्षमता हुनेलाई मानसिक समस्या कम हुन्छ । महामारीकै सन्दर्भमा कुरा गर्दा मलाई मात्रै भएको होइन सबैलाई हो भनेर स्वीकार गर्न सक्नेलाई यस्तो समस्या कम हुन्छ । परिस्थितिलाई बुझ्ने भनेको यही हो । हाम्रो कनेक्टिभिटी सोसाइटी भएकाले गर्दा आफ्नो र समाजको दुःखसुख सँगसँगै साटासाट गर्ने भएका कारणले गर्दा अरू व्यक्तिसँगको सम्बन्ध, सामाजिक सम्बन्ध तुलनात्मक बलियो छ । आफ्नो समस्या अरुलाई पनि सुनाउँछौं । यसले मन हल्का हुन्छ । मन शान्त हुन्छ । त्यसैले पनि परिस्थितिलाई बुझ्ने मानिसमा मानसिक समस्या कम हुने गर्छ ।

कुराकानी

मानवीय स्वभाव र व्यवहार परिवर्तन गरौं

डा. बाबुराम मरासिनी, इपिडिमियोलोजी तथा सरूवा रोग नियन्त्रण महाशाखाका पूर्व प्रमुख



तत्कालै सूचना प्रवाहको जमाना भएकाले एउटा पनि तथ्यहीन सूचना फैलिन नपाओस् भन्नेमा सजग हुनुपर्छ । तथ्यहीन सूचनाले त्रासदीपूर्ण वातावरण बनाउँछ । प्रकाशित प्रशारित सबै सूचना सही नहुन सक्छन् । सूचनालाई पुष्टि नगरी प्रशारण प्रकाशन गर्नु हुँदैन । विश्व स्वास्थ्य सङ्गठनले गत ३० जनवरीमै नोभल कोरोना भाइरसलाई लिएर 'अन्तर्राष्ट्रिय चासोको जनस्वास्थ्य सङ्कट' घोषणा गरिसकेको छ । यसअघि सन् २००९ मा स्वाइन फ्लु (एचवानएनवान), २०१४ मा पोलियो र २०१४ मै इबोला, २०१६ मा जिका भाइरस र २०१८ मा किभु इबोलाका कारण स्वास्थ्य सङ्कटकाल घोषणा गरिएको थियो । इबोला र सार्सको मृत्युदर कोरोनाको भन्दा बढी थियो भने स्वाइन फ्लुको कम थियो । त्यतिबेला सङ्क्रमितमध्ये इबोलाबाट ३४ प्रतिशत, सार्सबाट ९.६ प्रतिशत र स्वाइन फ्लुबाट ०.०२ प्रतिशतको ज्यान गएको थियो ।

रुघा मात्रै लक्षण भन्ने गरेको सुनेको छु । यसले जनमानसमा त्रास फैलिएको छ । ज्वरो आयो, खोकी लाग्यो र स्वासप्रश्वासमा समस्या भयो भने शङ्का गरौँ । रुघा लाग्यो भनेर नआतिउँ । आम नागरिकमा सही सूचना पुऱ्याउनु पर्छ भनेकै यस्तै कारणबाट हो । रुघा लाग्दा मात्रै कोरोना भएको केस त निकै न्यून छ । तर, कोरोना भएका सबैजसोमा ज्वरो आउने, खोकी लाग्ने र सास फेर्न गाऱ्हो हुने समान लक्षण देखिएका छन् । त्यसैले सही ठहरिएका सूचनालाई मात्रै जारी गरौँ । धेरैभन्दा धेरै प्रचार सामग्री छापौँ र बाडौँ । तीनै तहका सरकारले यसका लागि समय र बजेट छुट्याउनु आवश्यक छ । सही सापेक्ष हुन्छ । वैज्ञानिकताले अर्को कुरा पुष्टि गरेपछि मात्रै अर्को सही हुन्छ नत्र अहिले जे पुष्टि छ त्यो मात्रै सही हो ।

यो रोग स्वास प्रश्वासबाट फैलने रोग हो । सबैभन्दा ठूलो कुरा सरसफाइमा ध्यान दियौँ भने कोरोनाले छुँदैन । हाम्रो पूर्वीय दर्शनले भनेका नमस्ते गरौँ, बाहिरबाट आएपछि बालबालिकालाई छुनु अघि आगो वा पानी छुने गरौँ भनेका कुरालाई एकैछिन विचार गरौँ । हात कसको सफा छ कसको फोहोर कसरी थाहा पाउनु ? त्यही भएर नमस्ते गरेमा छुनु पर्दैन । संसर्गबाट लाग्ने रोग सर्दैन । बाहिरबाट आएका मानिसले हात गोडा धोएर वा आगोमा हात सुख्खा गरेर बालबालिका लिँदा भाइरस मर्ने हुँदा बालबालिका सम्भावित जोखिमबाट जोगिइन्छ । जो १३ दिने किरिया बस्छ, किरिया बस्दा प्राय: सरुवा रोगले छुँदैन । उसले आफ्नो खाना आफैँ बनाएर खान्छ । छुट्टै बस्छ । एक हिसाबले त्यो पनि आइसोलेशन रहेछ । यो धर्मसँग जोडिएको कुरा हो । तर, यसमा वैज्ञानिक कारण रहेछ । यस्ता वैज्ञानिकता पनि खोजौँ । धार्मिक कारण नै किन नहोस् रोग नलाग्ने वा नसर्ने बाटोको खोजी गरौँ । जगेर्ना गरौँ । ज्येष्ठ नागरिकको हेरचाह र सरसफाइ तथा बालबालिकालाई परिवारका केही निश्चित व्यक्तिबाहेक अरूले छुने नगरौँ । भेटघाट आउजाउ बन्द भनेको चाहिँ रोग नसरोस् भनेर हो । त्यसैले सफाइमा काफी ध्यान दिउँ । सरसफाइले कोरोना मात्रै होइन धेरै भाइरल रोगबाट जोगिन मद्दत पुऱ्याउँछ ।

हामीले मानवीय व्यवहार र स्वभाव परिवर्तन गर्न सक्यौँ भने कोरोना हाम्रो वरिपरी आउँदैन । तर, यो निकै गाऱ्हो काम हो । एकैपटक परिवर्तन भइहाल्दैन । चुरोटले स्वास्थ्यमा असर गर्छ भन्ने जानकारी दिने १५ प्रतिशत डाक्टर नै चुरोट पिउँछन् । शारीरिक स्वास्थ्य सरसफाइ महत्वपूर्ण हुन्छ । बानी परिवर्तन गर्न कानुनको पनि आवश्यक छ । जहाँ पायो त्यहीँ थुक्नु हुँदैन । दिसापिसाब गर्नु हुँदैन मात्रै भनेर भएन । यदि त्यसो गरेको पाइएमा कारबाही हुने प्रावधानसहित तत्कालै अध्यादेश ल्याएर कार्यान्वयन गर्नुपर्छ । मेरो विचारमा कोरोनाको प्रकोप त्यति चाँडै समाधान भइहाल्दैन । लामै अवधि यसको प्रकोप रहन्छ । प्रकोप नियन्त्रणका लागि सरकार र स्वास्थ्यकर्मीलाई आम नागरिकले पूर्ण साथ र सहयोग गर्नुपर्छ । आम नागरिकको साथ भएमा अन्यत्र जेजे भएपनि नेपालमा भने चाँडै कोरोना नियन्त्रणमा आउँछ । त्यसका लागि नागरिकले सरसफाइमा पूर्ण ध्यान दिनु जरूरी छ । बेलैमा सावधानी अपनाएर सम्भावित क्षतिबाट जोगिउँ ।

(रमेशप्रसाद तिमल्सिनासँगको कुराकानीमा आधारित)

www.inseconline.org

नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल

नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal